# बलम्बु क्षेत्रका सांस्कृतिक सम्पदा

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा

दर्शनाचार्य उपाधिका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी

सागर श्रेष्ठ

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व

केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

२०८०

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास,संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा दर्शनाचार्यका उपाधिका लागि मैले **बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदा** शीर्षकको शोधपत्रको रूपमा पेश गरेको छु । यस शोधपत्र अध्ययनकोक्रममा सधैं सल्लाह दिई रहने मेरी ममतामयी माता तुलसीमाया श्रेष्ठ तथा यस शोधपत्रतयार पार्ने क्रममा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने बलम्वुका हेराबहादुर श्रेष्ठ, जीवनश्रेष्ठ, सुरेश नकर्मी, राजकृष्ण महर्जन लगायत अन्तर्वार्तामा उत्साहजनक रूपमा भाग लिनेसम्पूर्ण उत्तरदाताहरूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

यस शोधपत्र तयार गर्ने क्रममा आवश्यक राय, सरसल्लाह र सुझाव प्रदान गर्नु हुने आदरणीय गुरूआमा सह.प्रा.डा. सन्ध्या खनाल (पराजुली) ज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस शोधपत्र अध्ययनको समयमा साथ दिनु हुने परिवारजन, आफन्तहरू र मित्रहरू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

.........................

सागर श्रेष्ठ

## शोधसार

यस शोध प्रबन्धमा उद्‌विकासवाद (evolutionism), प्रसारवाद (diffusionism) र संरचनात्मक प्रकार्यवाद (structural functionalism) को सैद्धान्तिक दृष्टिकोणबाट बलम्वु क्षेत्रमा पाइएका सांस्कृतिक सम्पदाहरू, तिनको विकासक्रम तथा तिनीहरू यस क्षेत्रमा विकास हुनुको कारणहरूको समीक्षात्मक विश्लेषण गरिएको छ । बलम्वु क्षेत्रमा प्राचीन, लिच्छविकालीन, मल्लकालीन तथा आधुनिककालसम्मका सांस्कृतिक सम्पदाहरू पाइए पनि तिनीहरूको प्राज्ञिक अध्ययन नभएको, ती सम्पदाहरूको विकासक्रम तथा तिनीहरू यस क्षेत्रमा विकास हुनाको कारणहरू जस्ता विषयहरूको प्राज्ञिक अध्ययन नभएकोले ती समस्याहरूको समाधानार्थ यो शोध पत्र तयार गरिएको हो ।

बलम्वु क्षेत्रका अधिकांश मन्दिर, मूर्ति, लिच्छविकालीन तथा मल्लकालीन अभिलेखहरूका बारेमा विद्वानहरूबाट शोधखोज र अनुसन्धान भएका छन् । बलम्वु क्षेत्रका मठमन्दिरका बारेमा श्रेष्ठ (२०७२) ले सामान्य जानकारी दिएकी छिन् भने बलम्वु महालक्ष्मी जात्राका सांस्कृतिक पक्षका बारेमा श्रेष्ठ (२०७४) ले पनि अध्ययन गरेका छन् । बज्राचार्य (२०३०) ले यहाँका अभिलेखहरूको संकलन गरी पुस्तक प्रकाशन गरेता पनि प्रकाशित हुन बाँकी अभिलेखहरू पनि रहेका छन् । यहाँका थुप्रै प्राचीन र मध्यकालका प्रतिमाहरूको अध्ययन भएको छैन । यस भेगमा सम्पदा बिकास र बस्ती बस्नुको कारणको हालसम्म अध्ययन अनुसन्धान नभएकोले यसैलाई अनुसन्धानको समस्या मानी यो शोधपत्र तयार गरिएको छ । यस शोधको अनुसन्धान दर्शन (Research Phliosophy) तथा सैद्धान्तिक खाका रचनावाद/ निर्माणवाद (Constructivism) मा आधारित छ । यसलाई विश्लेषणात्मक विधिबाट पूरा गरिएको छ । निर्माणवादको दृष्टिकोणमा ज्ञान (Epistemology) व्यक्तिको अनुभव र घटनाहरूबाट निर्माण हुने गर्दछ तथा विषयगत सत्यता (Subjective Reality) बोकेको हुन्छ । प्रस्तुत शोधमा बलम्वु क्षेत्रमा बस्ती बस्नु र सांस्कृतिक सम्पदाको विकास हुनाका कारण खोजी गर्दा स्थानीय तथा विज्ञहरूवाट अन्तर्वार्ता र छलफलका माध्यमवाट सत्यताको नजिक पुग्न खोजिएको छ । सत्य (Ontology) सामाजिक रूपले मानिसको दिमागमा निर्माण हुन्छ र सत्य निरपेक्ष हुन्छ भन्ने मान्यता छ । तसर्थ प्रस्तुत अनुसन्धानमा विषयगत सत्य अनुभवसिद्ध व्यक्ति र विज्ञहरूको धारणाभित्रबाट खोजिएको हो । अनुसन्धानको मूल्य मीमांसा (Axiology) सांस्कृतिक सम्पदा भएकोले यो कलासँग सम्बन्धित रहेको छ । यसको विधिशास्त्रमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको

छ । यस शोधमा अनुसन्धान ढाँचा बिषयवस्तुको प्रकृतिको दृष्टिले गुणात्मक रहेको छ । यसमा सत्यको खोजी गर्न प्राथमिक तथा द्वितीयक दुवै प्रकारको तथ्याङ्क प्रयोग गरिएका छन् । प्राथमिक तथ्याङ्कहरू स्थलगत रूपमा सहभागितामूलक अवलोकन गरी सङ्कलन गरिएको छ । यसैगरी स्थानीय सरोकारवाला र विज्ञहरूबाट अन्तर्वार्ता लिएर पनि प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । अन्तर्वार्ताको लागि प्रश्नको छनौट भने उद्देश्यमूलक नमूना छनौट पद्वतिबाट गरिएको छ ।

बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाको अध्ययनका क्रममा प्रकाशित तथा अप्रकाशित पुस्तक, लेख, रचना र शोधपत्रहरूलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । तिनीहरू त्रि.वि. केन्द्रीय तथा अन्य पुस्तकालय र वेभसाइटहरूबाट संकलन गरी प्रयोग गरिएको छ । अनुसन्धानलाई प्रभावकारी र विश्वसनियता बनाउन त्रिकोणात्मक विधिलाई अवलम्बन गरिएको छ । प्रस्तुत अनुसन्धान आगमन विधिको प्रयोग गरी तथ्यहरूको विश्लेषणबाट नयाँ ज्ञानको प्रतिपादन गरिएको छ ।

लिच्छविकालीन मूर्ति तथा शिलालेखको अध्ययनबाट बलम्वु क्षेत्रमा प्राचीनकालदेखि बस्ती विस्तार भएको कुरा थाहा हुन्छ । काठमाडौं खाल्डो पानीले भरिएको बेला नै गोपालवंश तथा महिषपालवंश यस क्षेत्रमा बस्न आएको कुरा विभिन्न आख्यानहरूबाट संकेत पाइन्छ । त्यसैले काठमाडौं उपत्यकाको प्रारम्भिक सभ्यताको केन्द्रका रूपमा थानकोट तथा मातातीर्थ क्षेत्रलाई लिन सकिन्छ । मञ्जुश्रीले जलमग्न उपत्यकाको पानी चोभारबाट बाहिर बगाएको किंवदन्ती स्वयम्भू पुराणमा तथा श्रीकृष्णले चोभारको डाँडाकाटी उपत्यकाको पानी बगाएको किंवदन्ती नेपाल महात्म्यमा उल्लेख भएकाले पहिले उपत्यका जल मग्न रहेको संकेत गरेको छ । वैज्ञानिक खोजिका आधारमा समेत यहाँ तलाउ रहेको पुष्टि भएको देखिन्छ । उपत्यकामा बसोवास योग्य भएपछि प्रारम्भमा थानकोट, किसिपिडी, बलम्वु, सतुंगल र मातातीर्थतिर बसोवास सुरू भएको स्पष्ट छ । यसरी उपत्यकाको प्रारम्भिक ईतिहास हेर्दा गोपाल र महिषपालकालदेखि नै यहाँ बस्ती बसेको स्पष्ट देखिन्छ ।

बलम्वु र आसपासका क्षेत्रमा ईशाको दोश्रो, तेश्रो तथा चौथो शताब्दीतिर निर्मित प्रस्तर मूर्तिहरू पाइएकाले पनि यो क्षेत्रमा प्राचीनकालमा नै सम्पदाको विकासक्रम सुरू भईसकेको स्पष्ट हुन्छ । यस भेगमा ईशाको चौथो शताब्दीको शिवमूर्ति तथा लिच्छवीकालीन नौवटा शिलालेखहरू पनि पाइएका छन् । यस भेगमा मध्यकाल र

शाहकालका थुप्रै देवदेवीका प्रतिमा र अभिलेखहरू पनि पाइएका छन् । यसरी बलम्वु भेग मूर्त सांस्कृतिक सम्पदाले भरपुर छ ।

प्रस्तुत अनुसन्धानका क्रममा बलम्वु क्षेत्रका विभिन्न युगका सम्पदाहरू पाइएका छन् । यहाँका यस्ता सम्पदामा प्राचीन वस्तीका अवशेषहरू, मठमन्दिरका अवशेषहरू पुराना कलाकृति र अभिलेखहरू रहेका छन् । हालसम्म यहां लिच्छविकालदेखिका कलाकृति पाइएका छन् । यस भेगमा मध्यकाल र आधुनिककालका पनि अभिलेख प्रतिमा र मठमन्दिरहरू लगायतका वास्तुहरू उपलब्ध छन् ।

बलम्वु क्षेत्रमा गोपाल आभिर र किरातकालमा बस्ती बसेको संकेत यहाँका पुराना अवशेषहरूका आधारमा पाइन्छ । यहाँ बस्ती बस्न लागेपछि सांस्कृतिक सम्पदाको पनि विकास भएको हो । हुन त बलम्वु क्षेत्रमा गोपाल, आभिर र किरातकालका मान्न सकिने वास्तु र प्रतिमाहरू पाइएका छैनन् । यस क्षेत्रमा लिच्छवीकालका नौ वटा अभिलेख र देवीदेवताका प्रतिमाहरू पाइएका छन् । यहाँकै अभिलेखले पहिलो पटक किरातहरूको शासनको संकेत गर्ने विवरण दिएका छन् । जस्तो नेपालमा लिच्छवीभन्दा अगाडि किरातहरूले शासन गर्दथे भन्ने कुरा तत्कालका अभिलेखमा पाइने लिङ्ग्वल, माप्चोक, शुल्ली र कुथेर जस्ता शब्दहरू जसको प्रयोग यसै भेगका लिच्छवीकालका अभिलेखमा गरिएका छन् । यसको अर्थ किरातकालमा पनि यस भेगमा बस्ती बसेको र सम्पदाको विकास सुरू भएको थियो भन्ने हुन्छ । यस भेगमा मध्यकाल र आधुनिककालका पनि निरन्तर रूपमा बस्ती विस्तार र सम्पदाको विकास भएको पाइएको छ ।

# विषयसूची

पृष्ठ नं


| | |
|---|---|
| सिफारिस पत्र | क |
| कृतज्ञता ज्ञापन | ख |
| शोधसार | ग |
| विषयसूची | च |
| चित्रको सूची | झ |
| तालिका सूची | ड |
| शब्दको अर्थ | ढ |
| **अध्याय एक : शोधको परिचय** | **१ - ५** |
| १.१. परिचय | १ |
| १.२. समस्या कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४. अध्ययनको महत्व | ४ |
| १.५. अध्ययन सीमा | ४ |
| १.६. अवधारणात्मक खाका | ५ |
| **अध्याय दुई : पूवसाहित्य समीक्षा** | **६ - १७** |
| २.१. सैद्धान्तिक समीक्षा | ६ |
| २.१.१. उद्‌विकासवाद | ६ |
| २.१.२ प्रसारवाद | ८ |
| २.१.३.संरचनात्मक प्रकार्यवाद | १२ |
| २.२. नीतिगत समीक्षा | १३ |
| २.३. विषयगत साहित्य समीक्षा | १४ |
| २.४. अनुसन्धान रिक्तता | १७ |
| **अध्याय तीन : अध्ययन विधि** | **१८ - २०** |
| ३.१. अनुसन्धान दर्शन | १८ |
| ३.२. अनुसन्धान ढाँचा | १८ |

३.३.  नमुना छनौट | १९
३.४.  तथ्याङ्क सङ्कलन विधि | १९
३.४.१. प्राथमिक तथ्याङ्क सङ्कलन विधि | १९
३.४.२. द्वितीयक तथ्याङ्क सङ्कलन विधि | १९
३.४.३. तथ्याङ्क विश्लेषण विधि | १९
३.५.अनुसन्धानमा नैतिक आचारहरू | २०

**अध्याय चार : बलम्वु क्षेत्रका ऐतिहासिक सम्पदाहरु | २१ - ५६**
४.१. परिचय | २१
४.२. बलम्वु क्षेत्रको भौगोलिक अवस्था | २२
४.३. बलम्वु क्षेत्रको इतिहास | २२
४.४.सांस्कृतिक सम्पदाहरु | २३
४.४.१.प्राचीन सम्पदा | २३
४.४.२. लिच्छवीकालीन सम्पदाहरु | २३
४.४.३. मध्यकालीन सम्पदाहरु | २८
४.४.४. आधुनिककालीन सम्पदाहरु | ४७

**अध्याय पाँच : बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरुको बिकासक्रम | ५७ - ६४**
५.१. परिचय | ५७
५.२. तलाउको रूपमा रहँदाको काठमाडौं र बलम्वु क्षेत्र | ५७
५.३.बलम्वु भेगको सभ्यता र सम्पदा | ५८
५.४. बलम्वु भेगमा किरातकालको सभ्यता र सम्पदा | ५९
५.५. बलम्वु भेगमा लिच्छवीकालीन सभ्यता र सम्पदा | ६०
५.६. बलम्वु भेगमा मध्यकालीन सभ्यता र सम्पदा | ६२
५.७. बलम्वु भेगमा आधुनिककालीन सभ्यता र सम्पदा | ६३
५.८. सारांश | ६४

**अध्याय छ : बलम्वु क्षेत्रमा सांस्कृतिक सम्पदाहरुको बिकास हुनुको कारण** **६५ - ७०**
६.१. परिचय ६५
६.२. बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरुको बिकासका कारणहरुको विश्लेषण ६५
६.२.१. मानव सभ्यताको शुरुवात ६५
६.२.२. जलश्रोत उपलब्धता ६६
६.२.३. उचो भू-बनावट ६७
६.२.४. मलिलो माटो भएको खेत अर्थात बालां बुं ६७
६.२.५. काठमाडौंबाट भारत जाने मुख्य नाका ६८
६.२.६. आभिर गुप्तहरुको उपस्थिति ६८
६.३. सारांश ६९

**अध्याय सात : सारांश, निश्कर्ष तथा सुझाव** **७१ - ७४**
७.१. सारांश ७१
७.१.१. परिचय ७१
७.१.२. अध्ययन विधि ७१
७.२. उपलब्धि ७१
७.३. निश्कर्ष ७३
७.४. सुझाव ७४
परिशिष्ट ७५
परिशिष्ट - १ : अन्तर्वार्ता लिइएका श्रोत व्यक्तिहरुको विवरण ७५
परिशिष्ट - २ : अन्तर्वार्तामा सोधिएका प्रश्नहरु ७७
परिशिष्ट - ३ : तस्वीरहरु ७८
सन्दर्भग्रन्थ सूची १२७

# बलम्वुका सम्पदाका चित्रहरुको सूचि


चित्र नं. १ शिवमूर्ति (चौथो शताब्दी) ७८

चित्र नं. २ जलहरी ७८

चित्र नं. ३ ढुङ्गेधारा (भेल्बुमा भेटिएको) ७८

चित्र नं. ४ ढ कों (भेल्बुमा भेटिएको) ७८

चित्र नं. ५ लुकु महाद्यः (ल्वखा गाः) अभिलेख ७९

चित्र नं. ६ बलम्वुको भिमार्जुनदेव ं जिष्णु गुप्तको अभिलेख ७९

चित्र नं. ७ बलम्वुको शिवदेव द्वितीयको अभिलेख ७९

चित्र नं. ८ नास द्यः मन्दिर बाहिर बाटोसँगैको लिच्छवीकालिन शिलालेख ७९

चित्र नं. ९ तधं फल्चा भित्र भेल्वुको लिच्छवीकालिन अभिलेख ८०

चित्र नं. १० हिटी गाः भित्र लिच्छवीकालिन शिलालेख ८०

चित्र नं. ११ पासिंख्योको लिच्छवीकालिन अभिलेख (हाल अज्ञात) ८०

चित्र नं. १२ नरेन्द्रदेवको लिच्छवीकालिन अभिलेख ८०

चित्र नं. १३ खण्डित उमा महेश्वर ८१

चित्र नं. १४ सूर्य मूर्ति ८१

चित्र नं. १५ मल्लकालिन डुंड ८१

चित्र नं. १६ क्वाथः छें ८१

चित्र नं. १७ कुमारी मन्दिर ८२

चित्र नं. १८ गणेश मन्दिर (वज्रविनायक) ८२

चित्र नं. १९ गणेश मूर्ति ८२

चित्र नं. २० हाथुं द्यः (हाथपा द्यः) ८२

चित्र नं. २१ पूर्वी ढोका ८३

चित्र नं. २२ महाँकाल (दक्षिणाभिमूख) ८३

चित्र नं. २३ भैरव (पूर्वाभिमूख) ८३

चित्र नं. २४ तुलसीमठ ८३
चित्र नं. २५ देवताहरु (तुलसीमठ) ८४
चित्र नं. २६ नमरा चैत्य ८४
चित्र नं. २७ हारतीमाता (आगमछें) ८४
चित्र नं. २८ तोरण (हारतीमाता) ८४
चित्र नं. २९ सिंहहरु (हारतीमाता) ८५
चित्र नं. ३० उत्तर ढोका ८५
चित्र नं. ३१ पिङ्गलस्थान मन्दिर (भित्रका देवताहरु) ८५
चित्र नं. ३२ सिंहहरु (पिङ्गलस्थान) ८५
चित्र नं. ३३ पवित्र खाल्डो ८६
चित्र नं. ३४ पीठको ढुङ्गाको तोरण ८६
चित्र नं. ३५ लाटिक्वँ पुखु ८६
चित्र नं. ३६ पवित्र लाम्चो ढुंगा ८६
चित्र नं. ३७ फल्चा (भत्किसकेको) ८७
चित्र नं. ३८ वीरविनायक मन्दिर ८७
चित्र नं. ३९ गणेश मूर्ति (वीरविनायक मन्दिर) ८७
चित्र नं. ४० सत्तल ८७
चित्र नं. ४१ श्री महालक्ष्मी मन्दिर ८८
चित्र नं. ४२ श्री महालक्ष्मी मन्दिर अगाडि सिंहहरु ८८
चित्र नं. ४३ प्रस्तर मूर्तिहरु (श्री महालक्ष्मी मन्दिर) ८८
चित्र नं. ४४ योग नरेन्द्र मल्लको सालिक ८८
चित्र नं. ४५ ईलां ८९
चित्र नं. ४६ अष्टमातृका (ईलां) ८९
चित्र नं. ४७ ईलांको अभिलेख ८९
चित्र नं. ४८ पताका ८९
चित्र नं. ४९ नास द्यः मन्दिर ९०

चित्र नं. ५० मुक छे ९०

चित्र नं. ५१ तधं फल्चा (पुरानो) ९०

चित्र नं. ५२ तधं फल्चा (नयां) ९०

चित्र नं. ५३ हिटी गाः ९१

चित्र नं. ५४ तुलसी मठ (हिटी गा संगै) ९१

चित्र नं. ५५ हिफः द्यः ९१

चित्र नं. ५६ तोरण (हिफः द्यः) ९१

चित्र नं. ५७ फत्तेश्वर महादेव ९२

चित्र नं. ५८ जलहरी (फत्तेश्वर महादेव) ९२

चित्र नं. ५९ नन्दी ९२

चित्र नं. ६० बज्रविनयक गणेश मन्दिरको बायाँ अभिलेख ९२

चित्र नं. ६१ बज्रविनयक गणेश मन्दिरको दायाँ अभिलेख ९३

चित्र नं. ६२ दथु फल्चा भित्रको अभिलेख ९३

चित्र नं. ६३ तुलसीमठको शिलापत्र ९३

चित्र नं. ६४ नमरा चैत्यको अभिलेख ९३

चित्र नं. ६५ बायां सिह पछाडिको अभिलेख ९४

चित्र नं. ६६ दायां सिह पछाडिको अभिलेख ९४

चित्र नं. ६७ पिङ्गलस्थानको अभिलेख ९४

चित्र नं. ६८ श्री महालक्ष्मी मन्दिर अगाडि सिंह संगैको अभिलेख ९४

चित्र नं. ६९ नास द्यः मन्दिरमा टाँसिएको शिलापत्रहरु ९५

चित्र नं. ७० मुक छेंको अगाडिको शिलापत्रहरु ९५

चित्र नं. ७१ भवानी शंकर र हरीहरजुको शिलापत्र ९५

चित्र नं. ७२ तधं फल्चाको गाह्रोमा रहेको शिलापत्र ९५

चित्र नं. ७३ नारायण मन्दिर ९६

चित्र नं. ७४ तग्व ल्हों ९६

चित्र नं. ७५ प्रणिधि पूर्ण महाविहार ९६

चित्र नं. ७६ पोखरी (मूचलिन्द बुद्धमूर्ति सहित) ९६

| | |
|---|---|
| चित्र नं. ७७ करुणामय | ९७ |
| चित्र नं. ७८ भगवान बुद्ध | ९७ |
| चित्र नं. ७९ कुलदेवता (पासिंख्यको) | ९७ |
| चित्र नं.८० आल्चा द्यः मन्दिर | ९७ |
| चित्र नं. ८१ कुलदेवता | ९८ |
| चित्र नं. ८२ भिमसेन मन्दिर | ९८ |
| चित्र नं. ८३ भिमसेन मूर्ति | ९८ |
| चित्र नं. ८४ बटुक भैरव मन्दिर | ९८ |
| चित्र नं. ८५ छत्रपाल | ९९ |
| चित्र नं. ८६ दथु फल्चा | ९९ |
| चित्र नं. ८७ द्वारे फल्चा | ९९ |
| चित्र नं. ८८ लाछि फल्चा | ९९ |
| चित्र नं. ८९ द्वारे फल्चामा रहेको शिलापत्र | १०० |
| चित्र नं. ९० बुद्ध चैत्य (न्हांकननि भित्र पट्टि) | १०० |
| चित्र नं. ९१ छत्रपाल (न्हांकननि) | १०० |
| चित्र नं. ९२ पिङ्गल फल्चा | १०० |
| चित्र नं. ९३ चि बहाहरु | १०१ |
| चित्र नं. ९४ गछें फल्चाङ्ग | १०१ |
| चित्र नं. ९५ महाद्यः (सिंबहाल) | १०१ |
| चित्र नं. ९६ कृष्ण मन्दिर | १०१ |
| चित्र नं. ९७ शाहकालिन शिलालेख | १०२ |
| चित्र नं. ९८ पार्वती | १०२ |

# तालिका सूचि

तालिका नं. १ : अवधारणात्मक खाका ५

तालिका नं. २ : अनुसन्धान दर्शन १८

# अध्ययनको क्रममा प्रयोग गरिएका शब्दहरुको अर्थ

खोचा = दाह्री या कपाल खौरने फलामको धारिलो हतियार, नापितले प्रयोग गर्ने औजार ।

ढ क्वं = पानी जम्मा गर्ने पुरानो ढुङ्गाको पाईप ।

न्ह वं = देवताको जन्मदिनमा पूजा गरी नुहाई दिने विधि, देवतालाई खुशी पार्न कर्मकाण्ड गरी नुहाई दिने परम्परा ।

बलीं पिया दुकाय गु =. दिनभरि जात्रा गरी यथोचित पूजा गरी देवता भित्र्याउने धार्मिक विधि ।

गुँ ला = महिना भरि बाजा बजाई स्वयम्भूमा परिक्रमा गर्ने परम्परागत पर्व ।

बहा चा हिलेगु = बाजा बजाउँदै बहा बही घुम्ने परम्परा ।

हाथुं द्यः (हाथापा द्यः) = भैरव ।

दलुचा = बत्ती बाल्न मन्दिरमा राखिने पित्तलको पाला ।

लुकु महा द्यः = लुकेर बसेको महादेव ।

जाः पाकेगु गुठी = भात पकाएर देवतालाई चढाउने गुठी ।

ईलां = मन्दिरको गर्भगृहको ठीक माथि मुख्य देवतालाई चढाउने छत्र ।

मुक छें = देवताको मुखौटाहरु राख्ने घर ।

हिटी गाः = पवित्र जल भएको खाल्डो जुन जल मन्दिरमा पूजा पाठको लागि प्रयोग गर्छन् ।

सिरि गाः = मयल पानी भन्ने ठाउँको नेवारी नाम ।

हिफ द्यः = मन्दिरमा बलि दिंदा यहाँ पनि रगत चढाइन्छ, रगत थाप्ने देवता ।

क्वाथः छें = हतियार भण्डार गर्ने ठाउँ ।

पाँटी = सक्खरबाट बनाइने सर्बत ।

न्वकू = थकाली पछिको पद ।

# अध्याय एक

## शोधको परिचय

### १.१. परिचय

बलम्वु क्षेत्र काठमाडौं उपत्यकाको पश्चिम भेगमा पर्दछ । यो स्थान हाल चन्द्रागिरि नगरपालिका वडा नं. १२ मा रहेको छ । बलम्वु हाल नेवारी वस्ती भएको पुरानो गाउँ हो । यस गाउँमा प्राचीन र लिच्छवि कालका मन्दिर, पाटी र धर्मशालाका अवशेषहरू धेरै पाइएका छन् । यस भागमा उक्त युगका थुप्रै शिलालेख, मूर्ति, ढुङ्गेधारा र पुरातात्विक अवशेष पनि पाइन्छन् । हुन त चन्द्रागिरी भेगका थानकोट, सतुंगल, किसिपिडी र मालटार आदि भागमा पनि पुराना कला र वास्तुका अवशेष प्रचुर पाइन्छन् । तर बलम्वु भेग भने यस्ता सम्पदाले सवैभन्दा धेरै सम्पन्न छ ।

यस शोधको मूल विषयवस्तु बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदा र तिनीहरूको विकासक्रम अध्ययन गर्नु नै रहेको छ । बलम्वुक्षेत्रमा प्राचीनकालदेखि नै मानव वस्तिको विकास भएको थियो । मध्यकालमा पनि यस भेगमा वस्तिको विकास त्यसै अनुसारले भयो । यस क्षेत्रमा पाइएका लिच्छविकालीन र मल्लकालीन अभिलेखबाट उक्त कुरा स्पष्ट भएको छ । हाल पनि यस भेगमा बाक्लो वस्ती रहेको छ । बलम्वुको पुराना वासिन्दा नेवारी समुदाय भए पनि हाल भने यस भेगमा देशका विभिन्न भागका मानिसहरू आएर बसोबास गर्न लागेका छन् । वस्ती विस्तारका साथमा यहाँका कतिपय पुराना सम्पदाहरू मासिएका पनि छन् ।

बलम्वुको हालसम्म जानकारीमा आएको सवैभन्दा पुरानो सम्पदा यहाँको पीठ (पिङ्गल) मा रहेको शिवजीको प्रतिमा हो । उक्त प्रतिमा चौथो शताब्दीतिर बनेको मानिएको छ (वाङ्देल, १९९५,पृ ३४८) । त्यसभन्दा हजारौं वर्ष पहिले या प्रागैतिहासिक कालदेखि नै यस भेगमा मानिसहरूको बसोबास रहेको हुनसक्ने अनुमान छ । यस्तै यहाँका सम्पदाको शूक्ष्म रूपमा अध्ययन गरिएको खण्डमा त्यसभन्दा अगाडिका पनि कलावस्तु प्राप्त हुनसक्ने देखिन्छ ।

बलम्वु गाउँमा प्राप्त लिच्छवीकालीन अभिलेखहरूको अध्ययनबाट यो क्षेत्र अघि लिच्छवि कालतिर शिताटिका द्रंगअन्तर्गत पर्दथ्यो । यहाँ प्राप्त एक लिच्छविकालिक अभिलेखमा यस गाउंको नाम बु...ड ग्राम (बिचको अक्षर पढ्न नसकिएको) लेखिएको देखिन्छ । तसर्थ

लिच्छविकालमा यहाँ शिताटिका द्रंग अस्तित्वमा रहेको स्पष्ट भएको छ (बज्राचार्य, वि.सं. २०३०, पृ.५३३) ।

बलम्वु क्षेत्र लिच्छवीकालीन तथा मल्लकालीन सम्पदाले सम्पन्न छ । यस क्षेत्रमा लिच्छवि र मल्लकालका अभिलेख तथा मूर्तिहरू यत्रतत्र रहेका देखिन्छन् । यहाँ पुराना मन्दिर, पाटी र ढुंगेधाराका अवशेष पनि प्रशस्तै पाइन्छन् । यहाँका कतिपय पुराना पुरातात्विक अवशेष मासिएका छन् भने कतिपय संरक्षित पनि छन् । यहाँ अझ पनि लिच्छवि र मल्लकालका अभिलेख र प्रतिमाहरू पाइने गरेका छन् । यस भेगको भेल्बुबाट आजभन्दा केहि बर्ष अगाडि ढुंगेधारा तथा ढुंगाको कुलो र बलम्वुको हिर्गचा भन्ने ठाउँमा इनार खन्दा जमिनमुनि मल्लकालीन इनारको अवशेष फेला परेका थिए । त्यसको नजिकै मल्लकालीन डुंड पनि फेला परेको थियो । भवन र बाटोघाटो निर्माणका क्रममा अहिले पनि जतातते जमिनमुनिबाट अभिलेख, प्रतिमा र अन्य कलावस्तुहरू पाइने गरेका छन् ।

बलम्वु क्षेत्रमा लिच्छविकालका थुप्रै कलाकृतिहरू पाइएका छन् । यस भेगमा पाइएका प्रमुख सम्पदाहरूमा चौथो शताब्दीको शिव मूर्ति, लिच्छवि राजा र सामन्तहरूका अभिलेखहरू, मल्लकालीन राजा तथा भारदारका अभिलेखहरू पर्दछन् । त्यस्तै श्री महालक्ष्मी मन्दिर, गणेश मन्दिर, नारायण मन्दिर, कुमारी मन्दिर, बिरबिनायक मन्दिर, नासःद्यः मन्दिर, कुलदेवताका थानहरू, पाटीहरू, मुकःछें, र बुद्धका चैत्यहरू यहाँका वास्तुकलाका नमूना हुन् । यिनीहरू ऐतिहासिक कालमा बने र कालक्रमले भत्किंदा या नासिंदा पुन जीर्णोद्धार तथा पुरानै शैलीमा पुनर्निर्माण गरिए । यसैगरी हिटीगा, लिच्छविकालीन र मल्लकालीन अभिलेखहरू, लुकु महाद्यः( ल्वखा गाः), हारतीमाता, फत्तेश्वर महादेव, पिठ (पिङ्गल), मल्लकालीन इनार (इनार खन्ने क्रममा भेटिएको), मल्लकालीन डुंड, काठको भैरब मूर्ति, बुद्ध मूर्ति, भिमसेन मूर्ति, कृष्ण मूर्ति र क्वाठः छें, करूणामय, यहाँका पुराना कलाकृति हुन् । यिनीहरू बलम्वु भेगमा विभिन्न युगमा बनेका हुन् । यहां हालसालै भेल्वुबाट लिच्छवीकालीन एउटा ढुंगेधाराको अवशेष पाइएको छ । बलम्वु भेगमा लिच्छवीकालीन जलहरीहरू र अन्य कलाकृति पनि पाइएका छन् । यस भेगमा पुराना पोखरीहरू पनि पाइन्छ । यी सवै यस भेगका मूर्त सांस्कृतिक सम्पदा हुन् ।

बलम्वुका सांस्कृतिक सम्पदाका बारेमा बेलाबेलामा केही लेख रचना आउने तथा यदाकदा केही पुस्तकहरूमा सामान्य रूपमा चर्चा गरिएको पाइने भए पनि यहाँका सांस्कृतिक सम्पदाको पूर्ण रूपमा अध्ययन अनुसन्धान भने भएको देखिंदैन । तसर्थ यहाँका सम्पन्न सांस्कृतिक सम्पदालाई उजागर गर्न यो अनुसन्धान गर्ने प्रयास गरिएको हो । प्रस्तुत शोधका क्रममा अभिलेखहरूको

अध्ययनार्थ धनबज्र बज्राचार्यका पुस्तक “लिच्छवीकालका अभिलेख” र “मल्लकालीन अभिलेख” तथा कलावस्तुको अध्ययनार्थ सन्ध्या खनाल (पराजुली) को “प्रतिमालक्षण” भन्ने पुस्तक निकै महत्वपूर्ण भएका छन् । यस भेगको भौगोलिक तथा ऐतिहासिक अध्ययनका लागि अरू थुप्रै पुस्तकहरूको सहयोग लिइएको छ । तर पनि बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदाहरूको कालक्रमबद्ध अध्ययन नहुनु, सम्पदाको विकासक्रम स्पष्ट नहुनु तथा यहाँ सम्पदाको विकास हुनुका कारण खोजी नहुनु प्रस्तुत अनुसन्धानका रिक्तता हुन् । यिनै रिक्ततालाई परिपूर्ति गर्न यो अनुसन्धान कार्य गरिएको हो ।

बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदा शीर्षकको अध्ययन रचनावाद अनुसन्धानको सैद्धान्तिक खाका अवलम्बन गर्दै वर्णनात्मक तथा विश्लेषणात्मक विधिबाट पूरा गरिएको छ । यसैगरी उद्विकासवाद, प्रसारवाद तथा संरचनात्मक प्रकार्यवादको सिद्धान्तलाई अङ्गिकार गर्दै विषयगत सत्यतालाई आधार मानेर यो अनुसन्धान गरिएको छ । यस अनुसन्धानमा गुणात्मक विधि अपनाई निगमन पद्धतिलाई आधार मानिएको छ ।

बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदाको विकासक्रम पत्ता लगाउनुका साथै यस भेगमा सम्पदाको विकास हुनुको कारण पत्ता लगाउनु नै यो अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । यस अनुसन्धान बलम्वु क्षेत्रमा सांस्कृतिक सम्पदाको अनुसन्धान गर्न चाहने जो सुकै विद्यार्थी, अद्येता, जिज्ञासुहरूलाई पनि स्रोत सामग्रीको रूपमा उपयोग हुनेछ । यो पूर्णतः ऐतिहासिक तथा सामाजिक अनुसन्धान भएकोले यस शोधद्वारा उत्पादित ज्ञानले बौद्धिक क्षेत्रमा धेरै योगदान पुग्नेछ ।

## १.२. समस्या कथन

बलम्वु क्षेत्रको ऐतिहासिक पक्षका बारेमा समान्य रूपमा अध्ययन अनुसन्धानहरू भएका छन् । तर यस भेगका सांस्कृतिक सम्पदाका बारेमा राम्रोसँग अध्ययन हुन सकेको छैन । अझ यस भेगको सांस्कृतिक सम्पदाको विकासकम र यहाँ सम्पदाहरूको विकास हुनुका कारणका बारेमा अध्ययन अनुसन्धान हुन सकेको देखिंदैन, जुन प्रस्तुत अनुसन्धानको रिक्तता हो । यही रिक्त ज्ञानको परिपूर्तिका लागि  यो शोध गरिएको हो ।

माथि चर्चा गरिएको अनुसन्धानको रिक्तताको परिपूर्तिका लागि निम्नानुसारका अनुसन्धानका प्रश्नहरू निर्माण गरिएका छन् ।

(क) बलम्वु क्षेत्रका ऐतिहासिक सांस्कृतिक सम्पदाहरू के कस्ता छन् ?

(ख) बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरूको विकास कसरी भएको छ ?

(ग) बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरू विकास हुनुको कारण के हो ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधमा माथिको अनुसन्धानका प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ । यसका लागि मुख्य उद्देश्यहरू निम्नानुसारका रहेका छन् ।

(क) बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरूको पहिचान गर्ने ।

(ख) यस क्षेत्रका सांस्कृतिक सम्पदाहरूको विकासक्रमको अध्ययन गर्ने ।

(ग) यस क्षेत्रमा सांस्कृतिक सम्पदाहरूको विकास हुनुको कारण खोजी गर्ने ।

## १.४. अध्ययनको महत्व

बलम्वु क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरूका बारेमा अहिलेसम्म समुचित मात्रामा अध्ययन अनुसन्धान नभएकोले यो शोध गर्नु परेको हो । यस शोधबाट बलम्वु क्षेत्रको प्राचीनता, ऐतिहासिकताका साथै लिच्छवीकालीन, मध्यकालीन सम्पदाहरूको पनि पहिचान भएको छ । त्यस्तै यी सबै विषयहरू समेटेर यो अध्ययन गरिएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

(क) प्रस्तुत अध्ययनले बलम्वु भेगका सम्पदाहरू तथा त्यसको कालक्रम स्पष्ट भएको छ ।

(ख) प्रस्तुत अध्ययनबाट बलम्वु क्षेत्रको मौलिकता तथा ऐतिहासिकता उजागर भएको छ ।

(ग) प्रस्तुत अनुसन्धानले बलम्वु क्षेत्रको सम्पदाको विकासक्रम स्पष्ट भएको छ ।

(घ) प्रस्तुत अनुसन्धानले बलम्वु क्षेत्रमा सांस्कृतिक सम्पदा विकासका कारणहरू स्पष्ट भएको छ ।

## १.५. अध्ययनको सीमा


प्रस्तुत अध्ययनमा बलम्वु क्षेत्रका केवल सांस्कृतिक सम्पदाहरूको मात्र अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनको भौगोलिक सीमामा चन्द्रागिरि नगरपालिकाको वडा नं १२ स्थित बलम्वु रहेको छ । यसको भौगोलिक सीमा उत्तरमा इन्द्रमति खोला (मु:खुसी), पूर्वमा पीठ (पिङ्गलको एरिया) तथा पासिंख्यो, दक्षिणमा प्राणिधिपूर्ण महाविहार र पश्चिममा भेल्वुसम्म मात्र रहेको छ ।

## १.६. अवधारणात्मक खाका

बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदा, त्यसको विकासक्रम तथा त्यस सम्पदाको विकास हुनाको कारणको खोजी गरिएकाले यस अध्ययनका लागि उद्विकासवादी दृष्टिकोण, प्रसारवादी दृष्टिकोण तथा संरचनात्मक प्रकार्यवादी दृष्टिकोणलाई आधार मानेर यो शोध पूरा गरिएको छ । प्रस्तुत शोध नितान्त विषयगत भएकोले Post Positivism Paradigm Research विधि अपनाई अध्ययन गरिएको छ । यस क्षेत्रका सम्पदाहरूको अध्ययन तथा तिनीहरूको विकासक्रमको अध्ययन गरी नयाँ ज्ञानको सिर्जना गर्ने भएकोले यस शोधको मुख्य अनुसन्धान दर्शन रचनावाद/निर्माणवादमा आधारित छ । यस शोधमा गुणात्मक शोध विधि अवलम्बन गर्दै निश्कर्ष निकालिएको छ । यस शोधको अवधारणात्मक खाका निम्नानुसारको रहेको छ ।

**तालिका नं. १**

**अवधारणात्मक खाका (Conceptual Framework)**



# अध्याय दुई

## पूर्वसाहित्य समीक्षा

सांस्कृतिक सम्पदाको अध्ययन नेपालमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरमा पनि बृहत रूपमा अध्ययन अनुसन्धान भएको विधा हो । यसमा विभिन्न विद्वानहरूले योगदान पुऱ्याउनु भएको छ । बलम्वुको सांस्कृतिक अध्ययनको सन्दर्भमा केहि लेखहरूमा यस क्षेत्रका केहि कुराहरू समेटिएको र कुनै पुस्तकमा यस अध्ययनमा उपयुक्त हुने सामग्रीहरू भएकोले सो पुस्तकहरूको साहित्य समीक्षा निम्नानुसार गरिएको छ ।

### २.१. सैद्धान्तिक समीक्षा

संस्कृतिको अध्ययनको लागि विभिन्न मानवशास्त्रीय र समाजशास्त्रीय सिद्धान्तहरूको अध्ययन गरी सो मध्ये उपयुक्त सिद्धान्तको अनुसन्धानमा अवलम्बन गर्नु आवश्यक हुन्छ । त्यसैले यस्ता सिद्धान्तहरू अध्ययन अनुसन्धानको आधारशीला हो । सिद्धान्तले अध्ययन अनुसन्धानलाई मार्ग निर्देशन गर्नुका साथै यसलाई सही निश्कर्षमा पुऱ्याउन मद्दत गर्दछ । संस्कृति सम्बन्धी विश्वमा हालसम्म विभिन्न सिद्धान्तहरूको प्रतिपादन भैसकेका छन् । यस्त सिद्धान्तहरू विशेष गरेर युरोपियन तथा अमेरिकन समाजशास्त्री/मानवशास्त्रीहरूले विश्वका विभिन्न स्थानमा बसोबास गर्ने रैथाने आदिवासीहरूको बारेमा अध्ययन गरेर प्रतिपादन गरेका देखिन्छ । यी अधिकांश सिद्धान्तहरू आदिवासी समूहहरूको शिकारी युगदेखि कृषियुग हुँदै पछिल्लो समयसम्म अध्ययन र अनुसन्धानबाट विकसित गरिएको पाइन्छ । तर सबै सिद्धान्तहरू सबै स्थानमा समान रूपमा लागु नहुन सक्छन । तथापि तिनको भूमिकालाई नकार्न सकिंदैन । “बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदा” बिषयक प्रस्तावित सांस्कृतिक अनुसन्धानको निश्कर्षलाई यथार्थपरक बनाउन उद्विकासवाद, प्रसारवाद र प्रकार्यवादको सैद्धान्तिक दृष्टिकोणको आधार लिइने हुँदा ती सिद्धान्तहरूको यहाँ निम्नानुसार समीक्षा गरिएको छ ।

#### २.१.१. उद्विकासवाद

ई.बी. टेलर (१८७१) ले Primitive Culture नामक पुस्तकमा मानव संस्कृति समग्र रूपमा एक रेखीयबाट अर्को चरण विकास हुँदै जान्छ । उनले पुस्तकमा सामाजिक तथा सांस्कृतिक संस्थाहरू एकरेखीय चरण पार गर्दै क्रमिक रूपमा विकासतिर बढ्छ भन्ने चर्चा

गरेका छन् । मानव सभ्यताको विकासको क्रममा आदिम समाज वा संस्कृति वर्तमान समयसम्म आईपुग्नका लागि विभिन्न चरणहरू पार गरेर गएको छ । लेखकले संस्कृतिको अध्ययन भनेको मानव विकासको ऐतिहासिक अध्ययन हो । यो सिद्धान्तमा मानव संस्कृतिको विकासको विभिन्न चरणहरूको उल्लेख गरिएको छ । पहिलो चरणमा आदिम जङ्गली अवस्था, दोस्रो चरणमा बर्वर (कृषि) अवस्था र तेस्रो सभ्यताको अवस्थामा क्रमिक रूपमा प्रवेश गरेको वर्णन गरिएको छ । यसरी नै धर्मको उद्विकास एकरेखीयबाट भएको उल्लेख छ । पहिलो चरणमा आत्मवाद, दोस्रोमा बहुदेववाद र तेस्रोमा एक देवतावादको रूपमा क्रमिक विकास भएको वर्णन गरिएको छ । टायलरको धर्मको बिकास सम्बन्धी अवधारणालाई निम्नलिखित चरणहरू व्याख्या गरिन्छ ।

### क) आत्मवाद

धार्मिक विश्वासको उद्बिकासको प्रक्रियामा आत्मावाद आरम्भ चरणको बिश्वास हो । जंङ्गली अबस्थामा सबै बस्तुमा आत्मा हुन्छ सबै पदार्थमा चेतना हुन्छ भन्ने बिश्वास गरिन्थ्यो । सबै जीवित वा निर्जीव बस्तुमा जीवित तत्व हुन्छ र यसै जीवित तत्वमा नै सम्पूर्ण बस्तुहरूको रचना गर्ने शक्ति हुन्छ । यसै मान्यताका आधारमा सम्पूर्ण बस्तुलाई देवताको प्रतिक मानेर पूजा गर्ने, प्रार्थना गर्ने र बलि चढाउने चलनको आरम्भ भएको कुरा टायलरले व्याख्या गरेका छन् । आरम्भमा मानिसहरूले सबै बस्तुहरूमा जीवन, आत्मा र अमरत्व हुन्छ भन्ने बिश्वास गर्दथे । सबै बस्तुहरू देवताको रचना भएकोले आत्मा र देवगुण सबै प्राणीमा हुन्छ । यसरी सबै प्राणीहरूमा जीवन र आत्मा हुन्छ भन्ने बिश्वास नै आत्मावाद हो । यसै आत्मावादको कारणले नै प्रारम्भमा सबै प्राकृतिक बस्तुहरूलाई देवता मानेर मानिसहरूले  मान्ने, पूज्ने गरेको देखिन्छ ।

### ख) बहुदेवतावाद

टायलरका अनुसार समाज र संस्कृति बिकासको दोस्रो चरणमा बहुदेवतावादको बिकास भएको देखिन्छ । वहुदेवतावाद भनेको धार्मिक स्तरमा धेरै देवताहरूको कल्पना गर्दै पूजा अर्चना गर्नु हो । यस चरणमा अनेक देवता छन् भन्ने बिश्वास गरियो र फरक तरिकाबाट पूजा आराधना गर्न थालियो । घटनाहरूको प्रकृति अनुसार देवताहरू पनि बहुरूपी बन्दै गएको अवस्था थियो (Tylor, 1830) । कुनै पनि घटनासँग सम्बन्धित अनेक प्रकारको देवी देवतामाथि विश्वास गरिन्थ्यो र यसै अनुरूपको सामाजिक सांस्कृतिक जीवनको बिकास भएको देखिन्छ ।

### ग) एक देवता वा अद्वैतवाद

टायलरका अनुसार धार्मिक स्तरको उच्चतम चरण एक देवता मान्ने अवस्था हो । यो धर्मको बिकास क्रमको अन्तिम चरण हो । यस स्तरका मानिसहरूले आफ्नो समस्त चिन्तन, श्रद्धा र विश्वासलाई सबै घटना र वस्तुहरूबारे सृष्टिकर्ता एउटा ईश्वर नै हो भन्ने मान्यता राख्न थाल्दछ (Tylor, 1830) । सृष्टिको रचना पनि एउटा मात्र देवाताबाट भएको हो भन्ने मान्यता अघि सारे जसको कारण प्रत्येक समुदायमा वा धर्ममा आबद्ध मानिसहरूमा परम्परा अनुसार एउटा देवतालाई मूल देवता मानिदै आएको देखिन्छ । अहिले पनि संसारमा विभिन्न धर्म सम्प्रदायको जन्म भएको छ, जहाँ हरेक सम्प्रदायले आआफ्नो देवता पुज्ने गर्दछन् (Tylor, 1830) ।

बलम्वु क्षेत्रमा रहेको मानव संस्कृतिको विकास के कसरी भयो भन्ने कुरा उद्‌विकासवादी सिद्धान्तका मान्यताहरू अनुरूप विश्लेषण गर्न उपयुक्त हुने हुनाले  प्रस्तावित अनुसन्धानमा यो सिद्धान्त धेरै उपयोगी हुने देखिन्छ ।

### २.१.२ प्रसारवाद

सामाजिक सांस्कृतिक घटनाको उत्पत्ति, विकास, परिवर्तन र फैलावटको व्याख्या गर्ने सिद्धान्तको रूपमा प्रसारवादलाई लिइन्छ । प्रसारवादी सिद्धान्तको प्रतिपादन बीसौं सताब्दिका युरोपियन मानवशास्त्रीहरूले गरेका थिए । खासगरी १९ औं शताब्दिमा संस्कृतिको उद्‌भव, विकास र परिवर्तन सम्बन्धी एकरेखिय उदविकासवादको प्रभुत्व स्थापित थियो । त्यसै एकरेखिय उदविकासवादी सिद्धान्तबाट असन्तुष्ट मानवशास्त्रीहरूले प्रसारवादको प्रतिपादन गरेका थिए ।

कुनै भौतिक वा अभौतिक वस्तु एक प्रक्रियाको खास सन्दर्भमा उत्पत्ति भएर परिवर्तनका क्रममा विभिन्न ठाउँमा फैलनु प्रसार हो । संस्कृतिको सन्दर्भमा प्रसार भन्नाले समाज वा संस्कृतिका तत्वहरू वा गुणहरू एकठाउँमा खास सन्दर्भमा उत्पत्ति भएर विभिन्न ठाउँमा फैलावट हुने कुरालाई संकेत गर्दछ । Ritzer (1992) का अनुसार प्रसार त्यो प्रक्रिया हो, जसद्वारा नयाँ परिवर्तन फैलिन्छ । प्रसारको प्रक्रिया एउटा नयाँ विचार हो । जसको फैलावट यसको स्रोतको आविष्कार वा सृष्टिको उपयोगकर्ता वा ग्रहणकर्ताद्वारा हुन्छ । यस परिभाषाका आधारमा प्रसार र परिवर्तन सँगै हुन्छ भन्ने कुरा स्वीकार गरिएको छ , जसमा उपयोगकर्ताले फैलावट गर्छन भन्ने धारणा व्यक्त गरिएको भेटिन्छ ।

प्रसारण भन्नाले कुनै एक स्थानबाट अर्को स्थानमा भएको फैलावट भन्ने वुझिन्छ, तापनि सांस्कृतिक प्रसारणको सन्दर्भमा हेर्दा संस्कृतिका विभिन्न इकाइहरू वा तत्वको एक संस्कृतिबाट अर्को संस्कृतिमा हुने फैलावटको प्रक्रियालाई बुझिन्छ । यसरी संस्कृति कुनै एक वा विभिन्न स्थानमा विकसित भई उक्त क्षेत्रसँग विभिन्न माध्यमबाट सामीप्यतामा आएका क्षेत्रहरूमा प्रसारण हुन्छ भन्ने मान्यताका साथ संस्कृतिको अध्ययन गर्ने पद्धतिलाई प्रसारणवाद भनिन्छ ।

प्रसारवाद संस्कृतिसँग सम्बन्धित भएकाले सिद्धान्ततः यसले संस्कृतिको प्रसारको बारेमा विस्तृत र यथार्थपरक अध्ययन गर्दछ । यस सिद्धान्तले इतिहासका सांस्कृतिक तथ्यहरूमा विश्वास गर्दछ । त्यसकारण यो संस्कृतिको ऐतिहासिक विकासक्रमको सैदान्तिक व्याख्या पनि हो । प्रसारवादको मूल ध्येय भनेको संसारको एक स्थान वा समुदायमा उत्पत्ति र विकास भएको कुनै पनि चलन वा सांस्कृतिक तत्व, सम्पर्क, बसाई सराई, व्यापार, लेनदेन, विवाह, युद्ध र उपनिवेस, आन्दोलन तथा विभिन्न अभियानका माध्यमबाट अन्य स्थान समुदाय र समाजमा प्रसार हुन्छन् भन्ने रहेको छ ।

Grafton Elliot Smith (1928) ले मानव मौलिकता वा अन्वेषण विहिन भएकोले संस्कृतिको उदय अनुकुल वातावरणमा हुन्छ र यस्तो अनुकुल वातावरण निश्चित ठाँउमा मात्र थियो तथापि त्यहाँ उदय भएको संस्कृति बाहिरी भागमा फैलिदै गएको हो भनेका छन् । यसै क्रममा यस क्षेत्रमा पाइएका सम्पदाहरू कुन ठाउँबाट फैलदै यहाँ आइपुगेको हो भन्ने विश्लेषण गर्न सिद्धान्तको अध्ययनका लागि यो पुस्तक उपयोगि देखिन्छ ।

एक ठाउँबाट अर्को ठाउँमा जाने मानव तथा सांस्कृतिक समुहले संस्कृतिको फैलावटमा भूमिका खेल्दछ । एकठाउँमा आविष्कार भएको सांस्कृतिक तत्व अर्को स्थानमा फैलाउन सहयोग गर्दछ । यही संस्कृतिको प्रसार भएर परिवर्तन हुँदै जाने प्रक्रियालाई व्याख्या, वर्णन र विश्लेषण गर्ने विधि वा सिद्धान्तलाई नै प्रसारवाद भनिन्छ । । प्रसार नक्कल, ग्रहण र अनुकरणका कारणले हुने मान्यता प्रसारवादीले रहेको छ । प्रसारवादका मुख्य मान्यता हरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

१. सांस्कृतिक गुणहरू विशिष्ट वा अपवादजन्य अवस्थामा मात्र उत्पत्ति हुन्छन् । धेरैजसो मानिसको स्वभाव अन्वेषण भन्दा पनि नक्कल वा अनुकरण गर्ने हुन्छ ।
२. संस्कृति रेखिय रूपमा प्रगतिका चरण उन्मुख नभई नजिकका वा सम्पर्कका सांस्कृतिक केन्द्रबाट प्रसार हुन्छ ।

३. मानिसको बुद्धि, चिन्तन, कौशलता समान नभई व्यक्तिपिच्छै फरक हुन्छ साथै सीमित पनि हुन्छ ।

४. मानव संस्कृतिको उत्पत्ति र विकास उद्‌विकासको कारणले नभई ऐतिहासिक प्रक्रियाबाट हुन्छ । सांस्कृतिक एकता मानवजातिका मानसिक एकताको परिणाम नभई ऐतिहासिक रूपमा हुने सांस्कृतिक र सामाजिक परस्पर सम्बन्धका कारणले हो ।

५. भौगोलिक विकटता सांस्कृतिक प्रसारका बाधक हुन् । जसमा पहाड, सांघुरो घाटी, नदीहरू, जंगल, समुद्र लगायतका पर्दछन् ।

६. सांस्कृतिक प्रसारलाई सञ्चार, यातायात, पर्यटन, पदयात्रा, बसाईसराई र विवाह जस्ता तत्वले प्रभाव पार्दछन् ।

७. जटिल सामाजिक र मनोवैज्ञानिक प्रक्रिया भएकोले सांस्कृतिक प्रसारको गति ढिलो हुन्छ ।

८. प्रत्येक मानव समाजमा लागु हुने भएकोले प्रसार सर्वव्यापी हो ।

९. सांस्कृतिक प्रसार विकसित समाजबाट कमविकसित समाजमा हुने गर्छ । मानिसले फाइदाजनक, सहज र आरामदायी संस्कृतिको नक्कल अनुकरण गर्दछ ।

१०. सामाजिक तथा सांस्कृतिक प्रसारले परिवर्तन ल्याउँछ ।

प्रसारवादी सैद्धान्तिक मान्यताको माध्यमबाट संस्कृतिको अध्ययन गर्ने सम्प्रदायमा बेलायती सम्प्रदाय, जर्मन अष्ट्रीयन सम्प्रदाय र अमेरिकी सम्प्रदाय गरी तीनवटा सम्प्रदाय छन् । मानवशास्त्री Herskovits (1955) का अनुसार छोटो समयमात्र अस्तित्वमा आएको बेलायती सम्प्रदायले संस्कृतिको एकल उत्पत्तिमा विश्वास गर्दछ । यसले आधुनिक संस्कृतिको जननीको रूपमा इजिप्टलाई मान्दछ । यसैगरी जर्मन अस्ट्रियन समुदायले संस्कृतिको बहुमुखी उत्पत्तिमा विश्वास गर्दछ । अमेरिकन प्रसावादी सम्प्रदायले संस्कृतिको अध्ययन तुलनात्मक पद्धतिबाट नगरी ऐतिहासिक पद्धतिबाट गरिनु पर्नेमा जोड दिन्छ । यस सम्प्रदायलाई सांस्कृतिक सापेक्षवादको नजिक देख्न सकिन्छ । यसरी बेलायती सम्प्रदायलाई सांस्कृतिक निरपेक्षवाद, जर्मन अस्ट्रियन सम्प्रदायलाई सांस्कृतिक वृत र अमेरिकी सम्प्रदायलाई सांस्कृतिक सापेक्षवादमा राखेर विश्लेषण गर्न सकिन्छ ।

**ग्राफटन इलियट स्मिथ (Grafton Elliot Smith, 1871-1937)**

बेलायती मानवशास्त्री ग्राफटन इलियट स्मिथ केम्ब्रिज विश्वविद्यालयसँग आवद्ध शरीर संरचना विज्ञानशास्त्री पनि थिए । पेशामा रहकै बखतमा पाएको इजिप्ट घुम्ने अवसरले उनलाई इजिप्टको प्रशंसक बनायो । बेलायत फर्केपछि उनले इजिप्टको सूर्य पूजासँग सम्बद्ध विशाल पिरामिड र स्टोनहेन्ज जस्ता समानताका बारेमा चिन्तन गर्न थाले । यसक्रममा आदिम डुइसहरूले मन्दिरको जटिल ढाँचाहरूको आविष्कार गर्न नसकेका पिरामिडको अपरिष्कृत नक्कल भएको निष्कर्षमा पुगे । स्मिथले अनुसन्धान गर्दै जाँदा इजिप्टका पिरामिड जस्तै आधारभूत संरचना भएकामा यानको पिरामिडहरू, जापानी प्यागोडाहरू, कम्बोडीया र बालीका मन्दिरहरू र अमेरिकी भारतीय चिहानका ढिस्कासमेत देखेपछि यिनीहरू इजिप्टका पिरामिडका वेढंङ्गसित गरिएका नक्कल भन्ने निष्कर्षमा पुगे । सभ्यताको उदभव भएको ४००० वर्षपछि संसारभर सभ्यताको प्रसार भएको स्मिथको ठहर थियो ।

स्मिथले In the Beginning the Origin of Civilization, 1928 (सभ्यता उत्पतिको शुरूवातमा) The Diffusion of culture, 1933 (संस्कृतिको प्रसार) प्रकाशन गरेका थिए । सन्, 1928 मा प्रकाशित In the beginning the origin of civilization मा उनले प्रसारको सिद्धान्तका मान्यताहरू र प्रसारवादी योजनाको व्याख्या गरेका छन् । यसमा मानिस आविष्कारहीन भएकाले संस्कृतिको उदय अपवादका रूपमा अनुकुल परिस्थितमा हुने, यसको वातावरण प्राचीन इजिप्टमामात्र भएको र सम्यता फैलिदै र पातलिंदै जाने मान्यता अगाडी सारेका छन् ।

स्मिथको अनुसार इ.पु. ४००० वर्ष पहिलेको इजिप्टको प्राकृतिक वातावरण जीवन अनुकुल थियो । त्यहाँ जङ्गली जौ उम्रियो, त्यसबाट खेतीपातीको शुरूवात भयो । नाइल नदिको किनारामा भएको मलिलो माटोमा स्वस्फुर्त बिउ टुसाउन थाले । प्राचीन इजिप्ट बासीले त्यसलाई विउको रूपमा विकास गरी खेती गर्न सिके । नदिको किनारमा आइपर्ने जल विपत्तीको परिकल्पना गरी नदी नियन्त्रण गरी त्यसमा आधारित कृषिको शुरूवात गरे । समयको प्रवाहसँगै जोताई, बुनाई, लेखाई, नगर निर्माण, कानूनी संस्थानिर्माण, सरकार र धर्मको स्थापना गरी सूर्यको पूर्जागर्ने चलन चलाए । राजाहरूको मृत्यपछी लासलाई सड्न नदिई सुकाएर, तिनी माथि ठूलाठूला चिहान घर निर्माण गर्न थाले । शाही सवलाई सुरक्षित राख्ने प्रथाबाट नाटक, उत्सव, नृत्य र संगीतको थालनी भयो भनेका छन् ।

स्मिथले The Diffusion of culture मा इजिप्टको जनजातीय अध्ययनलाई सिद्धान्तबद्ध गरेका छन् । उनले प्राचीन इजिप्टले पानीजहाजको आविष्कार गरेर मुल्यवान धातु खोज्न

संसारका विभिन्न ठाउँको यात्रा गरेको प्रसङ्ग उल्लेख गरेका छन् । स्मिथको भनाइमा प्राकृतिक र सभ्य समाज गरी २ वटा समाज छन् । प्राकृतिक समाजमा कुनै पनि सांस्कृतिक गुण नहुने कुरा उल्लेख गर्दै इजिप्टका संस्कृति प्रसारको क्रममा विकृत समेत हुनपुगेको प्रसङ्ग स्मिथले उल्लेख गरेका छन् । बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदाहरूको उद्‌भव र विकासका कारणहरूको विश्लेषण गर्न उल्लेखित प्रसारवादी सैद्धान्तिक मान्यताहरू सहयोगी हुने देखिएकोले यसलाई सन्दर्भ सिद्धान्तको रूपमा लिइएको छ ।

### २.१.३ संरचनात्मक प्रकार्यवाद

समाज व्यवस्था र संस्कृतिको व्याख्या र विश्लेषण गर्न संरचनात्मक प्रकार्यबाद सिद्धान्तको महत्वपूर्ण भूमिका रहेको छ । अगष्ट कोम्टे, हर्वट स्पेन्सर, इमाइल दुर्खिम, रेडक्लिफ ब्राउन, आर.के.मर्टन, मेलियोनस्कि तथा टोल्केट पार्सन जस्ता विद्वानहरू यो सिद्धान्तका मुख्य सिद्धान्तकार हुन । यस सिद्धान्तका अनुसार समाजको हरेक भाग एक आपसमा अन्तरसम्बन्धित हुन्छन । समाज भनेको कुनै एउटा वस्तुमात्र नभएर यो सामाजिक सम्बन्धहरूको जटिल जालो हो । कुनैपनि समाज र संस्कृतिको अध्ययन भनेको सामाजिक र सांस्कृतिक प्रक्रियाको अध्ययन हो । यही सामाजिक सम्बन्धको जालोभित्र रहेका विभिन्न एकाइहरूद्वारा गरिने प्रकार्यबाट नै समाजिक व्यवस्था सुचारू भै संचालन भएको हुन्छ ।

प्रकार्यवादको सन्दर्भमा योगदान गर्ने केही मूख्य मानवशास्त्री र उनीहरूका योगदानको संक्षेपमा निम्नानुसार चर्चा गरिन्छ ।

**Malinowski**

पोल्याण्डमा जन्मेका England मा शिक्षाप्राप्त गरी न्यूगिनीमा जीवनको लामो समय विताएका ब्रोनिस्लब मेलिनोस्की (Bronislaw Malinowski) ले १९२२ मा The Argonauts of the Westem pacific नामको पुस्तकमा प्रकार्यवादको सैद्धान्तिक रूपरेखाको वर्णन गरेका छन । मानवशास्त्रमा यसलाई प्रभावशाली योगदानको रूपमा बुझिन्छ । यिनले व्यक्तिको जैविक आवश्यकता पुरा गर्नको लागि समाज र संस्कृति बन्ने र त्यसले कार्य गर्ने बताए ।

उनले मानिसको व्यक्तिगत जैविक आवश्यकता पूरा गर्नका लागि समाज र संस्कृतिको जन्म हुन्छ भनेका छन । मेलिनोस्कीका अनुसार व्यक्तिलाई मुख्यगरी भोक, यौन, न्यानोपन आदिको आवश्यकता पर्ने हुन्छ र कुनैपनि संस्कृति वा सांस्कृतिक लक्षणको स्थापना सामाजिक

आवश्यकता पूरा गर्न नभई व्यक्तिका यस किसिमका व्यक्तिगत आवश्यकता पूरा गर्नको लागि भएको हुन्छ । मानिसलाई भोक लाग्ने भएकोले खेती किसानीको संस्कृति शुरू भएको हो भन्ने उनको तर्क छ । मेलिनोस्कीले कार्यक्षेत्रको अध्ययनलाई महत्व दिने गरेका थिए, फलस्वरूप टोवियाण्ड टापुवासीको सांस्कृतिक जीवनको खोज गरी तिनको चलन, आर्थिक गतिविधि र सामाजिक संस्थाहरूको कार्यात्मक महत्वबारे प्रकाश पारेका छन । प्रस्तावित शोधमा बलम्वु क्षेत्रका विभिन्न सांस्कृतिक सम्पदाहरू मध्ये जात्रा तथा पर्वको उत्पत्तिका कारणहरूको विश्लेषण गर्न मेलिनोस्कीको कार्यात्मकताको सैद्धान्तिक मान्यताले मद्दत पुग्ने देखिन्छ ।

**Redcliffe Brown**

Redcliff Brown को Structure And Function in Primitive Society (1952) ले संरचनात्मक प्रकार्यात्मक सिद्धान्त अन्तर्गत सामाजिक संस्थाहरू र सांस्कृतिक मान्यता, मूल्य र रीतिको संरचना कसरी बन्दछ र कसरी प्रकार्य गर्दछन् भन्ने कुरामाथी जोड दिएकोले यिनको विचारधारालाई संरचनात्मक प्रकार्यवाद भनिएको हो । जसमा संरचना र प्रकार्य दुवैको व्याख्या गरिएको छ । उनले संरचना पहिलो र प्रकार्य संरचनालाई कायम राख्ने दोस्रो वस्तु हो भनेका छन् । सामाजिक एकाइका बिचमा देखिने अन्तर सम्बन्धलाई यिनको सिद्धान्तले व्याख्या गर्दछ । समाजको साँचो प्रकृति र जटिलचित्रको प्रदर्शनमा यो सिद्धान्त अनुकुल छ । उनले समाजको कार्यमा भन्दा संरचनाको बुझाइमा जोड दिएका छन् । समाजशास्त्र र मानवशास्त्र साथै संस्कृतिको क्षेत्रमा अध्ययनको लागि यिनको सिद्धान्तले बलियो तर्क स्थापनामा सहयोग पुऱ्याउँछ । उनले जैविकिय अङ्गको उदाहरण प्रस्तुतगर्दै सामाजिक प्रणालीको महत्व बुझाउने प्रयास गरेका छन् । यसबाट बलम्वु क्षेत्रका सांस्कृतिक संरचना र तिनको प्रकार्यात्मक सम्बन्धको विश्लेषण गर्न प्रस्तावित अनुसन्धानलाई सहयोग पुऱ्याउने देखिन्छ ।

## २.२. नीतिगत समीक्षा

### २.२.१. नेपाल गजेट (भाग -२)

नेपाल सरकारद्वारा प्रकाशित प्राचीन स्मारक ऐन २०१३ अन्तर्गत प्राचीन स्मारक, पुरातत्व सम्बन्धी ऐतिहासिक तथा कलात्मक वस्तुहरूको संरक्षणको विषय उठान गरेको छ । जस अन्तर्गत ऐतिहासिक, कलात्मक, पुरातात्विक महत्वको कुनै देवालय, भवन, सालिक, मूर्ति, गुफा, धातु, काठ, हस्तिहाड, ताम्रपत्र, शिलापत्र, ताडपत्र आदिलाई संरक्षण गर्ने र कुनै किसिमको

हानि नोक्सानी गर्न नहुने लेखिएको छ । त्यस्तै प्राचीन तथा पुरातात्विक महत्वका सम्पदाहरूको हेरचाह गर्नु पर्ने व्यवस्था गरिएको छ ।

बलम्वु क्षेत्रका मन्दिर, मूर्ति, ढुङ्गेधारा, पाटी पौवा आदि सम्पदाहरूको अध्ययन अनुसन्धान यहि ऐनको मर्म र भावना अनुकुल गरिएको छ । यो शोधमा विशेषत बलम्वु क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा र तिनको संरक्षण प्राचीन स्मारक ऐनको मान्यतासंग सामान्जस्यता कायम गरी गरिएको छ ।

## २.३. विषयगत साहित्य समीक्षा

प्रस्तुत समीक्षामा अनुसन्धान शीर्षकसंग सम्बन्धित विभिन्न लेखकहरूले प्रकाशित गरेका सन्दर्भ साहित्यहरूको समिक्षा देहाय बमोजिम कालक्रमिक रूपमा गरिएको छ ।

धनबज्र बज्राचार्य (वि.सं.२०३०) ले नेपाल भरिकै करिब सबैजसो लिच्छवीकालीन अभिलेख पढ्ने क्रममा बलम्वु क्षेत्र भित्र रहेका लगभग ९ वटा जति लिच्छवीकालीन शिलालेखहरू पढेर त्यसको नेपालीमा व्याख्या गरिएकोले यस शोधको लागि त्यति बेलाको सम्पदाहरूको अध्ययन गर्नलाई यो पुस्तक उपयोगी रहेको छ ।

लैनसिंह वाङ्देल (ई.सं.१९९५) ले बलम्वु क्षेत्रमा रहेका लिच्छवीकालीन मूर्तिहरूको चर्चा गरेबाट यो पुस्तक यहाँ रहेका प्राचीन सम्पदाको अध्ययन अनुसन्धानको लागि अति उपयोगी भएको छ । तथापि यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न अझै बाँकी नै छ ।

क्षेत्री र रायमाझी (वि.सं. २०६०) ले कुनै पनि कला चाहे त्यो मूर्ति कला होस् या धातुकला ; प्रस्तर कला होस् या काष्ठकला जुनसुकै कलाकृति एक स्थानबाट अर्को स्थानमा प्रसार हुँदै जान्छ । विभिन्न युगमा पाएका मूर्तिहरू त्यसको प्रभाव परेका मौर्यकालीन, शुङ्गकालीन, कुषानकालीन तथा गुप्तकालीन कलासँगै भारतबाट नेपालको विभिन्न ठाउँमा त्यसको प्रभावयुक्त कलाको विकास विभिन्न चरणमा हुँदै जानु प्रसारवादको एक उच्चतम नमूनाको रूपमा लिन सकिन्छ । यहि शिलशिलामा बलम्वुका सम्पदाहरूको प्राचीनदेखि लिच्छवीकाल, मल्लकाल तथा वर्तमानकालदेखिको क्रमिक विकासको तुलनात्मक अध्ययन गर्न यो पुस्तक सहयोगी हुनेछ ।

दाहाल र खतिवडा (वि.सं. २०६५) ले अध्ययन अनुसन्धान गर्दा के कस्तो विधि अपनाउने विषय उल्लेख गरेका छन् । अनुसन्धानमा तथ्याङ्कहरू कसरी संकलन गर्ने ? अनुसन्धान गर्दा अन्तर्वार्ताको के कस्तो महत्व छ ? तथा अन्तर्वार्ता कसरी लिने ? तथ्यहरूको व्याख्या तथा

विश्लेषणको तरिकाहरू र अध्ययन विधि आदिको राम्रोसँग व्याख्या गरिएबाट यस शोधको लागि यो पुस्तक पनि उपयोगी देखिन्छ ।

जोशी (वि.सं. २०७०) ले कुमार कार्तिकेय् तथा कुमारीको सविस्तारमा वर्णन गरिएको छ । कार्तिक कुमारको जन्म कसरी भयो तथा कुमारसँग सम्बन्धित धेरै कुराहरू यस पुस्तकबाट लिन सकिन्छ । सिठी नखः (कुमार षष्ठी) को दिन बसन्तपुरमा लाग्ने कुमार जात्रा बलम्वुको गुठियारसँग सम्बन्धित रहेकोले कार्तिक कुमारको बारेमा अध्ययन गर्न यो पुस्तक अति उपयोगी छ । साथै बलम्वुमा कुमारी जात्रा पनि हुने भएकोले कुमारसँग सम्बन्धित धेरै कुराहरू थाहा हुने भएकोले पनि यो पुस्तक यो शोधको लागि उपयुक्त रहेको छ ।

श्रेष्ठ (वि.सं. २०७२)ले आफ्नो लेखमा बलम्वु भेगमा रहेका मन्दिर मूर्तिहरूको संक्षिप्त रूपमा अध्ययन गरेका छन् । स्थलगत अन्तर्वार्ता गरेको देखिएता पनि छायाँ चित्रको कमी हुनु, शब्दको पनि अनर्थ लाग्ने किसिमले व्याख्या गर्नुले यो लेख अनुसन्धानमूलक देखिएको छैन । तापनि बलम्वुका सम्पदा सम्बन्धी अध्ययनको लागि यो लेख उपयुक्त छ ।

खतिवडा (वि.सं. २०७४) ले यस शोधको लागि अति उपयोगी शब्दहरूको अर्थ प्रष्ट्याउनु भएको छ । बलम्वु शब्दका साथै संस्कृति, महालक्ष्मी, लिच्छवीवंश, लिच्छवीकला तथा अनेक शब्दहरूको स्पष्ट अर्थ थाहा पाउने भएकोले पनि यो पुस्तक अति उपयोगी भएको छ । त्यस्तै महालक्ष्मी जात्राको बारे पनि यस पुस्तकमा उल्लेख भएबाट पनि यो पुस्तक यो शोधका लागि अति उपयोगी भएको छ । प्रस्तावित अनुसन्धान सम्पदा तथा संस्कृति सम्बन्धी अनुसन्धान भएकोले संस्कृति सम्बन्धी धेरै शब्दको व्याख्या भएबाट पनि यो पुस्तक धेरै उपयोगी भएको छ ।

श्रेष्ठ (वि.सं.२०७४)ले बलम्वुको महालक्ष्मी जात्रा सम्बन्धी गुठीको बिधिहरूबारे लेखिएको छ साथै त्यहाँ मनाइने चाडपर्व ठाउँहरू तथा लिच्छविकालीन तथा मध्यकालीन अभिलेखहरू तथा बलम्वुको इतिहास बारे पनि जानकारी दिएता पनि त्यहाँका मूर्त सम्पदाहरूको विस्तृत अध्ययन गरेको देखिदैँन । यो शोध्न सास्कृतिक पक्षको अध्ययन गरि तयार गरिएको छ । यो शोधकार्य क्षेत्र (field work) तथा अवलोकन (participant observation) मा आधारीत रहेको छ । पुस्तकको विवरण एक पक्षिय देखिएको छ । सामाजिक अनुसन्धान विधिको पालना गरीएपनि सैद्वान्ति दृष्टीकोणको पूर्ण पालना गरेको देखिंदैन । यद्यपि बलम्वुको सम्पदाको अध्ययनका लागि यो लेख उपयोगी रहेको छ ।

खनाल (वि.सं. २०७५) ले मूर्तिकलाको विकासक्रमका बारेमा व्याख्या गरेको छ । त्यसरी नै विष्णुका अवतारहरूको सविस्तार वर्णन तथा सूर्यादि नवग्रहको विश्लेषणात्मक परिचय दिनु

भएको छ । बलम्वु क्षेत्रमा रहेका वैष्णवमूर्ति तथा सूर्य मूर्तिको अध्ययन गर्नको लागि यो पुस्तक उपयोगी रहेको छ ।

पौड्याल र खनाल (वि.सं. २०७७) ले सूर्य मूर्तिको बारेमा प्रष्टसँग व्याख्या गरिएको छ । नेपालमा सूर्य मूर्तिलाई कस्तो रूपमा देखाइएको छ ? भन्ने बारे यस पुस्तकमा व्याख्या गरिएको छ । पाटन, भक्तपुर, पशुपति, पनौति, नाला, नक्साल आदि ठाउँको सूर्य मूर्तिको विस्तृत व्याख्या गरिएबाट बलम्वुको हिटी गाः भित्रको अति पुरानो सूर्यमूर्ति अध्ययनको लागि पनि यो पुस्तक निकै महत्वपूर्ण देखिन्छ । त्यस्तै यस पुस्तकमा सूर्यलाई ब्रह्मा, विष्णु या नवग्रहसँग पनि तुलना गरिएको छ ।

पौड्याल, शर्मा, पोखरेल (वि.सं. २०७८) ले *नेपाल उपत्यकाका केहि जात्रा* भन्ने पुस्तकमा उपत्यकाका विभिन्न जात्राहरूको बारेमा चर्चा गरेको छ । यस पुस्तकको अन्तमा चार भञ्ज्याङभित्रका अन्य केहि जात्रा नामावलीमा बलम्वुमा मनाइने गणेश, महालक्ष्मी जात्रा भनेर उल्लेख गरेका छन् । यसरी यस पुस्तकमा बलम्वुमा मनाइने गणेश, महालक्ष्मीको जात्रा हुन्छ भनेर उल्लेख गरेता पनि यस जात्रा सम्बन्धी केहि पनि जानकारी दिइएको छैन । तथापी उपत्यकाका अरू ठाउँमा मनाइने जात्रालाई अध्ययन गरेर अरू ठाउँ र बलम्वुमा मनाइने जात्राहरूको तुलनात्मक अध्ययन गर्नको लागि यो पुस्तक उपयुक्त छ ।

मुनकर्मी (वि.सं. २०७८) ले नेवारहरूको सभ्यता, चाडपर्व, खानपान, परम्परा, धर्म, भाषा आदिको व्याख्या गरेको छ । बलम्वुको मूर्त सम्पदाहरूको अध्ययन गर्ने क्रममा बलम्वुका मूलबासीहरूमा अधिकांश नेवारहरू नै भएकोले यस पुस्तकलाई आधार मानेर नेवारहरूको अध्ययन गर्न सकिन्छ । नेवारी सभ्यतादेखि लिएर किराँती, लिच्छवी, मल्ल, शाहकालमा नेवारहरूको स्थितिलाई व्याख्या गरिएबाट बलम्वुका नेवारीहरूको तुलनात्मक अध्ययन गर्न यो पुस्तक ज्यादै उपयोगी छ । नेवारहरूका विभिन्न संस्कारहरूको पनि तुलनात्मक अध्ययन गर्न पनि यो पुस्तक ज्यादै उपयोगी छ ।

पोखरेल (वि.सं. २०७९) ले आफ्नो विद्यावारिधि शोधप्रबन्धमा देवीदेवता तथा मूर्तिहरूको विश्लेषण गर्नु भएको छ । त्यसरी नै मन्दिरको वास्तुकलाहरूको पनि विवरण दिइएको हुनाले यस बलम्वुमा रहेका मन्दिर तथा त्यसको शैलीहरूको बारेमा तुलनात्मक अध्ययन गर्न यो शोधप्रबन्ध अति उपयोगी भएको छ ।

काफ्ले (वि.सं. २०७९) ले अमर नारायण मन्दिरको वास्तुशैली, कला पक्ष, आदिको बारेमा व्याख्या गरिएको छ । मन्दिरमा रहेका टुँडाल, तोरण, प्रवेशद्वार, झ्याल, दलिन, छाना

आदिको कला पक्ष बारे पनि व्याख्या गरिएको छ । यस शोधमा पनि बलम्वुको महालक्ष्मी मन्दिरको वास्तु शैली, कला पक्ष आदिलाई अध्ययन गर्न यो लेख ज्यादै उपयोगी रहेको छ ।

खतिवडा (वि.सं. २०७९) ले विहार भनेको के हो ? यहाँ के कस्तो बुद्ध सम्बन्धी धार्मिक कार्यहरू गर्दछन्, यो किन बनाइन्छ ? बुद्धको ज्ञान सम्बन्धी जानकारीहरू यस पुस्तकमा सविस्तारमा वर्णन गरिएको छ । जसबाट बलम्वुमा रहेको विहार तथा बुद्ध धर्मसम्बन्धी अध्ययन गर्नको लागि पनि यो पुस्तक उपयुक्त रहेको छ ।

खनाल (वि.सं. २०८०) ले शिवलिङ्गको प्राचीनता तथा यसको प्रकारका बारेमा विभिन्न दृष्टिकोणबाट व्याख्या गर्नु भएको छ । शिवलिङ्गका प्रतिमा लक्षण, प्रतिस्था विधि, उपासना महिमादेखि लिएर चौसट्ठी लिङ्गहरूको विस्तृत विवरण दिनु भएको छ । बलम्वु क्षेत्रमा रहेका लिच्छवीकालीन शिवलिङ्गको बारेमा अध्ययन गर्न यो पुस्तक निकै उपयोगी भएको छ ।

## २.४. अनुसन्धान रिक्तता

उल्लेखित सन्दर्भ साहित्यहरूको समीक्षा गर्दा अधिकांश सन्दर्भ सहित्यहरूमा बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदाहरूको एकीकृतरूपमा सैद्धान्तिक दृष्टिकोणमा आधारित रहेर प्राज्ञिक अनुसन्धान भएको पाइएन । वाङ्देल (सन् १९९५) ले बलम्वु क्षेत्रका लिच्छवीकालीन केहि मूर्तिहरूको चर्चा गरेका छन् भने अन्य पुस्तकहरूमा यस भेगका अन्य केहि पुराना प्रतिमाको चर्चा गरेको देखिन्छ । त्यस्तै बज्राचार्य (वि.सं. २०३०) ले यस भेगका विभिन्न बीस वटा अभिलेखहरूको चर्चा गरेका छन् । तर बलम्वु क्षेत्रको सम्पूर्ण वास्तुकलाका साथमा अभिलेखहरूको अध्ययन हालसम्म पूर्ण रूपमा हुन सकेको छैन । यसरी बलम्वु भेगमा पुराना मूर्त सम्पदाहरूको सुक्ष्म र एकीकृत रूपमा अध्ययन नहुनु नै प्रस्तुत अनुसन्धानको अनुसन्धान रिक्तता रहेको छ । यसैगरी यस क्षेत्रको सांस्कृतिक सम्पदाको विकासक्रम तथा यस भेगका सम्पदाको बिकास हुनुको कारणहरूको हालसम्म खोजी नहुनु यो अनुसन्धानको अर्को अनुसन्धान रिक्तता हो । यिनै रिक्ततालाई अनुसन्धानको समस्या मानी यो अध्ययन अगाडी बढाइएको छ ।


# अध्याय तीन

## अध्ययन विधि

### ३.१. अनुसन्धान दर्शन

नयाँ ज्ञानको सृजना गर्ने क्रममा Constructivism paradigm research दृष्टिकोणबाट यो शोध पुरा गरिने छ । तथापी विषयगत सत्यलाई आधारमा मान्ने क्रममा Positivism paradigm research दृष्टिकोणबाट पनि यो शोधको अध्ययन गरिने छ । विषयगत सत्यलाई आधारमानी Qualitative द्धारा पुरा गरिने यस शोध कार्य वर्णनात्मक तथा विश्लेषणात्मक किसिमको हुनेछ

**तालिका नं. २ अनुसन्धान दर्शन**




### ३.२. अनुसन्धान ढाँचा

बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदा विषयक प्रस्तुत अनुसन्धान विषयवस्तुको प्रकृतिका दृष्टिले गुणात्मक ढाँचामा पूरा गरिएको छ । यसका लागि अन्तर्वार्ता र अवलोकन प्रवृत्तिबाट निकालिएको गुणात्मक प्राथमिक तथ्याङ्कलाई द्वितीयक तथ्याङ्कसँग तुलना गरी निश्कर्ष निकालिएको छ । प्रस्तुत अनुसन्धान त्रिकोणात्मक विधिबाट अन्वेषणात्मक तथा विश्लेषणात्मक पद्धतिले पूरा गरिएको छ ।

## ३.३. नमुना छनौट

प्रस्तुत अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलनका लागि अन्तर्वार्तालाई मुख्य पद्वति मानिएको छ । यहाँका विभिन्न पच्चीस जना स्थानीयहरूसँग अन्तर्वार्ता लिएको छ । तिनीहरू उद्देश्यपूर्ण नमुना छनौट पद्वतिबाट नमुनामा छानिएका छन् । अन्तर्वार्ता दिने व्यक्तिको सूची परिशिष्टमा दिइएको छ ।

## ३.४. तथ्याङ्क सङ्कलन विधि

बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरूको अध्ययनका क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्क प्रयोग गरिएका छन् । प्रस्तुत शोधमा निम्नानुसारका विधि अवलम्बन गरी तथ्याङ्कहरू संकलन गरिएको छ ।

### ३.४.१. प्राथमिक तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत शोधमा प्राथमिक तथ्याङ्कका रूपमा अन्तर्वार्ता र अवलोकनबाट प्राप्त विवरणहरू रहेका छन् । यहाँका सम्पदा र बस्तीका बारेमा नमुनामा छानिएका सरोकारवाला र विज्ञहरूबाट अर्ध संरचित अन्तर्वार्ता सूचीको प्रयोग गरी अन्तर्वार्ता लिइएको छ ।

### ३.४.२. द्वितीयक तथ्याङ्क सङ्कलन विधि

द्वितियक स्रोत अन्तर्गत बलम्वु क्षेत्रका सम्पदाहरूका बारेमा लेखिएका प्रकाशित तथा अप्रकाशित लेख, रचना, तथा पुस्तकहरूको अध्ययन गरिएको छ । साथै पत्रपत्रिका र सामाजिक सञ्जालको पनि प्रयोग गरिएको छ ।

### ३.४.३. तथ्याङ्क विश्लेषण विधि

प्रस्तुत अनुसन्धानका क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । तिनीहरूको तुलना गरी त्रिकोणात्मक पद्वतिबाट प्रस्तुत अनुसन्धान पूरा गरिएको छ । संकलिन तथ्याङ्कहरू तालिकीकरण, सांकेतिकीकरण र विश्लेषण गरी गुणात्मक ढाँचाबाट निश्कर्ष पत्ता लगाइएको छ ।

### ३.५. अनुसन्धानमा नैतिक आचारहरू

कुनै पनि अनुसन्धानमा नैतिक आचारको अत्यन्तै महत्व हुने हुनाले सांस्कृतिक सम्पदाको अध्ययन अलिकति संवेदनशील विधा भएकोले यस अनुसन्धानकर्ताले अध्ययनको क्रममा निम्न बमोजिमका नैतिक आचारका शर्तहरू पालना गरिएको छ ।

क. बलम्बु क्षेत्रमा सांस्कृतिक सम्पदाहरूको अध्ययनको क्रममा, जातजाति, गोपनियता तथा स्थानीय बासिन्दाका सवालहरूलाई सम्मान गर्दै उहाँहरूको संस्कार, संस्कृतिमा हानी पुऱ्याइएको छैन ।

ख. यो ऐतिहासिक तथा सामाजिक अध्ययन भएकोले सामाजिक मूल्य मान्यता तथा प्राज्ञिक मर्यादा कायम राखेर अध्ययन सम्पन्न गरिएको छ ।

ग. कुनै पनि व्यक्ति तथा जाति, समुदाय विशेषलाई आग्रहवश होच्याउने किसिमले व्यवहार गरिएको छैन ।

घ. कुनै दुराग्रह नराखी यस अनुसन्धानलाई अगाडि बढाइएको छ ।

ङ. अनुसन्धान अध्ययनको क्रममा अशोभनीय तथा अपाच्य शब्दहरू प्रयोग गरिएको छैन ।

च. अध्ययनको सिलसिलामा भाषिक संवेदनशीलतालाई कायम गरिएको छ ।

छ. पुस्तकहरू अध्ययन गरी सो कृतिलाई सम्मान गर्दै सही तरिकाले तथ्यपूर्ण सूचना प्रस्तुत गरिने छ साथै बौद्धिक चोरी नगरी अनुसन्धानको नैतिक आचार पालना गरिएको छ ।

ज. अध्ययन क्षेत्रमा आवश्यकता अनुसार COVID Protocols लाई पूर्ण रूपमा पालना गरिएको छ ।

झ. शोधको अध्ययन पश्चात अध्ययन क्षेत्रका लागि आवश्यक बौद्धिक सहयोग गरिएको छ ।

# अध्याय चार

## बलम्वु क्षेत्रका ऐतिहासिक सम्पदाहरू

### ४.१. परिचय

काठमाडौं खाल्डो प्राचीन समयमा एउटा ठूलो दह थियो र यहाँ रहेको पानी चोभार डाँडा काटेर पठाएपछि बस्न योग्य बस्तीको विकास भएको विभिन्न वंशावली तथा इतिहासमा किंवदन्तीको रूपमा हामीले पढ्दै आइरहेका छौं । यसैले काठमाडौंमा उपत्यकाभरि नै पुराना बस्तीहरू अहिले पनि देख्न सकिन्छ ।

नेपाल खाल्डो अर्थात् काठमाडौंमा सबभन्दा पहिला गोपालहरूले प्रवेश गरेको र उनीहरू मातातीर्थ क्षेत्रमा बसोबास गर्दथ्यो भन्नेबाट यो भेगमा प्राचीनकालदेखि नै बस्ती शुरू भएको अनुमान गर्न सक्दछौं । नेपालको राजधानी काठमाडौंको पश्चिम भेगमा अवस्थित चन्द्रागिरि नगरपालिकाभित्र रहेको थानकोट, बलम्वु, किसिपिडी, सतुंगल, मातातीर्थ जस्ता बस्तीहरू अहिले पनि पुरानो जस्तो लाग्दछ । लिच्छवीकालीन समयमा यो क्षेत्रलाई शिताटी द्रङ्ग भनिन्थ्यो जुन आभिर गुप्तहरूको लिच्छवीसँगको संयुक्त शासनकालमा प्रशासनिक रूपमा रहेको थियो ।

चन्द्रागिरि क्षेत्र लिच्छवीकालमा शिताटी गुल्मबाट शिताटी तल हुँदै शिताटी(का) द्रङ्गको रूपमा परिणत भएको उल्लेख यही क्षेत्रमा पाइएका शिलालेखहरूबाट स्पष्ट थाहा हुन आउँदछ । अभिलेखमा उल्लेख गरिएको थेञ्चोग्राम, जोल्प्रीङ ग्राम, जयपल्लीका ग्राम, माग्वल ग्राम, बु...ङ (बीचको अक्षर पढ्न नसकेको) ग्राम, दावाकोट्ट, फवद्रङ्ग ग्राम, फेरङकोट, टेग्वल ग्राम, किचप्रिचिङ ग्राम, कादुङ ग्राम, गम्प्रोनदिङ ग्राम, नवग्राम, जस्ता ठाउँहरू यसै भेगमा पर्दथ्यो भन्ने कुरा यस क्षेत्रमा प्राप्त लिच्छवीकालीन अभिलेखबाट स्पष्ट हुन आउँदछ ।

बलम्वु क्षेत्रमा बसन्तदेवको सम्बत् ४५४ को अभिलेखदेखि सम्बत् १२९ को शिवदेव द्वितीयसम्मको नौवटा लिच्छवीकालीन अभिलेखहरू पाइएका छन् । त्यस्तै मध्यकालका २० वटा तथा आधुनिककालका अभिलेखहरू पनि रहेका छन् । यी अभिलेखहरूले नेपालको इतिहास अध्ययनमा धेरै महत्वपूर्ण योगदान दिएको छ । यहाँ पाइएका नौ वटा लिच्छवीकालीन अभिलेखले इतिहासको लिच्छवीकालमा नेपालको राजनीति, प्रशासनिक, आर्थिक, सामाजिक अवस्था कस्तो थियो भनेर उजागर गरिदिएको छ ।

## ४.२ बलम्वु क्षेत्रको भौगोलिक अवस्था

काठमाडौं उपत्यकाको पश्चिम भेगमा अवस्थित चन्द्रागिरि नगरपालिका भित्रको पुरानो बस्तीको रूपमा बलम्वु गाउँ रहेको छ । जुन हाल चन्द्रागिरि नगरपालिका वडा नं. १२ भित्र पर्दछ । भौगोलिक हिसाबले बलम्वुको सिमाना उत्तरी अक्षांश २७.६९४ डिग्री र पूर्वी देशान्तर ८५.२४९० डिग्रीमा फैलिएको छ । बलम्वु क्षेत्रको सिमाना पूर्वमा नयाँ नैकाप तथा पुरानो नैकाप पर्दछ भने दक्षिणमा महादेवस्थान र सतुंगल, उत्तरमा दहचोक डाँडा तथा पुरानो नैकाप, पश्चिममा थानकोट पर्दछ । यस वडाको क्षेत्रफल २.६ वर्ग कि.मी.मा फैलिएर रहेको छ । यस वडाको आकार उत्तरबाट दक्षिणतर्फ फैलिएर रहेको छ । वि.सं. २०६८ को जनगणना तथ्याङ्क अनुसार कूल ७,३२३ मानिसहरू यस वडामा रहेका मध्ये १७३४ घरधूरी रहेको छ । समुद्री सतहबाट यो क्षेत्र १३६१ मिटर उचाईमा अवस्थित रहेको छ ।

## ४.३. बलम्वु क्षेत्रको इतिहास

बलम्वुमा पाइएको लिच्छवीकालीन अभिलेखहरूबाट यो गाउँको प्राचीनता झल्काउँछ । नेवारी समाज भन्नासाथ काठमाडौं उपत्यकाको स्मरण हुन्छ । किनभने यस नेवारी समाजको मूलथलो नै यहि उपत्यका हो । केहि वर्ष अगाडिसम्म यो गाउँ पुरानो बस्तीको रूपमा रहेको थियो । बसन्तदेवदेखि लिएर शिवदेव द्वितीयसम्मको लिच्छवीकालीन शिलालेख यहाँ पाइनुले लिच्छवीकालदेखि नै यो गाउँमा घना वस्ती भएको देखिन्छ । अझ यहाँ पाइएको लिच्छवीकालीन शिलालेखहरूबाट गुप्तकालमा प्रशासनको दृष्टिकोणले यो क्षेत्र निकै महत्वपूर्ण भएको देखाउँछ । बलम्वुको वरिपरि लिच्छवीकालीन गाउँहरू जस्तै : कादुङ ग्राम, टेग्वल ग्राम, जोल्प्रिङ ग्राम, दावाकोट्ट ग्राम, माग्वल ग्राम, गणिदुङ ग्राम, नुपुन ग्राम, गंप्रोनदिङ ग्राम, किचप्रीचिङ ग्राम आदि रहेको यहाँ पाइएको शिलालेखहरूबाट थाहा हुन आउँदछ (बज्राचार्य, २०३०, पृ. ५३३) । तर बलम्वुको नाम अस्पष्ट रहेकोले यहि हो भनेर बुझ्न सकेको छैन ।

यो क्षेत्र शिताटी गुल्मबाट शिताटी तल हुँदै शिताटी द्रङ्गको रूपमा परिणत भएको यहि क्षेत्रमा पाइएको लिच्छवीकालीन शिलालेखहरूबाट थाहा हुन आउँदछ (बज्राचार्य, २०३०, पृ. ५३४) । त्यस्तै यहाँ पाइएका लिच्छवीकालीन ९ वटा र मध्यकालीन २० वटा तथा आधुनिककालका शिलालेखहरू बाट यस गाउँको ऐतिहासिकता स्पष्ट हुन्छ । गोपाराजवंशावलीमा समेत यस गाउंको नाम उल्लेख भए बाट यस गाउंको ईतिहास ज्यादै पुरानो भएमो मान्नु पर्दछ । त्यसरी नै देवमाला वंशावलीमा समेत यस गाउंको उत्पत्तिको बारेमा व्याख्या गरिएको छ ।

## ४.४. सांस्कृतिक सम्पदाहरू

बलम्वुका मूर्त सांस्कृतिक सम्पदाहरू छरिएर रहेका छन् । यहाँका लिच्छवीकालीन अभिलेखहरू नेपालकै इतिहासमा महत्वपूर्ण छन् । त्यस्तै चौथो शताब्दीको शिवमूर्ति चन्द्रागिरि नगरपालिकाकै प्राचीन मूर्तिहरूमध्ये एक हो । बलम्वुका विभिन्न टोलहरूमा धेरै सम्पदाहरू रहेका छन् । यस शोधको पहिलो समस्याको रूपमा रहेको सम्पदाहरूको पहिचान गर्न बलम्वु क्षेत्रको सबै टोलहरूमा गई तथ्याङ्क संकलन गर्ने क्रममा प्राप्त भएका सम्पदाहरूको विवरण तयार गरिएको छ ।

### ४.४.१. प्राचीन सम्पदा

#### ४.४.१.१. शिवमूर्ति (चित्र नं. १)

पिङ्गलस्थानमा स्थानक मुद्रामा रहेको यो शिवमूर्ति चौथो शताब्दीको रहेको लैनसिंह वाङ्देलले आफ्नो पुस्तक ‘ इन्भेन्ट्री अफ स्कल्पचर्स् अफ द काठमाडौं भ्याली’ मा उल्लेख गरेका छन् । यस मूर्ति सँगै रहेको पार्वती चोरी भएर नयाँ राखिएको छ । यस शिवमूर्ति चन्द्रागिरि नगरपालिका कै पुरानो मूर्तिहरू मध्येकै एक पर्दछ । स्थानीय बासिन्दाहरूले सस माजु (सरस्वती) भनेर हरेक दिन र चाडपर्वमा पूज्दै आए पनि लैनसिंह वाङ्देलले आफ्नो पुस्तकमा शिवमूर्ति भन्नु भएको छ । यो मूर्ति ज्यादै खिइएको छ । अनुहार नचिन्ने भएको र हातमा लिएको आयुध पनि नचिन्ने भएकोले यो मूर्तिलाई यहि हो भनेर ठ्याक्कै भन्न मिल्ने अवस्थाको छैन ।

### ४.४.२. लिच्छवीकालीन सम्पदाहरू

#### ४.४.२.१. जलहरी (चित्र नं.२)

यो जलहरी पिङ्गलस्थान भन्दा पचास साठी मिटर जति तलपट्टि खेतको बीचमा भेटिएको हो । यसलाई अहिले पिङ्गलस्थानको फल्चामा राखिएको छ । थोरै मात्र खण्डित भएको यस जलहरिको प्रकृति हेर्दा लिच्छवीकालीन नै देखिन्छ । चिल्लो लेप लगाइएको, एकदमै फराकिलो ढुङ्गाको जलहरी बनाउनु लिच्छवीकालीन विशेषताहरू यस ढुङ्गामा देखिन्छ । अगाडि भाग अलि खण्डित भएको तथा गोलाईको बीच बीचमा अलि अलि खण्डित भएको यो जलहरिको मध्य भागमा बर्गाकार प्वाल रहेको छ । यो लिच्छविकालको उत्तरार्धतिर निर्माण भएको देखिन्छ । यसको धेरै भागहरू फुटिसकेको छ । यसलाई उचित व्यवस्थापन गर्न जरूरी देखिन्छ ।

### ४.४.२.२.काभ्रोको रूखमुनिको अभिलेख (हाल रूख नभएको र अभिलेख हराएको)

बलम्वु महालक्ष्मी मन्दिर नजिकै खाद्यांमा रहेको काभ्रोको रूखमुनि रहेको यो लिच्छवीकालीन अभिलेख बसन्तदेवको मानिएको छ (बज्राचार्य,२०३०,पृ.१४३) । यसमा थोरै अक्षरहरू लेखिएको पाइएको छ । तथापि यसमा बसन्तदेवको नाम रहेको छ । यस अभिलेखलाई बसन्तदेवको अन्तिम समयतिरको मानिएको छ ।

यस अभिलेखमा थुल्ल गुप्त, शुभ गुप्तले देवता स्थापना गरी यो अभिलेख राखिएको अनुमान गरिएका छन् । लिच्छवीकालीन अभिलेखहरूमा गुप्तहरूको शासन रहेको पनि बुझिएबाट गुप्तहरू त्यसबेला शक्तिशाली रहेको बुझिन्छ ।

### ४.४.२.३.ढुङ्गेधारा (भेल्बुमा भेटिएको) (चित्र नं.३)

क्वाथ क्षेत्रमा यो ढुङ्गेधारा अव्यवस्थित अवस्थामा राखिएको छ । यो ढुङ्गेधारा बलम्वुभन्दा अलि पर पश्चिमपट्टि भेल्बु भन्ने ठाउँमा जमिन खन्दा निस्किएको हो । १०-१२ वर्ष अगाडि भेल्बुमा जमिन खन्दाखेरी निस्किएको यो ढुङ्गेधारा केहि मानिसहरूले उठाएर यस क्षेत्रमा राख्न ल्याएको हो । पूर्ण आकारमा नबनिएको यो ढुङ्गे धारा हेर्दाखेरी लिच्छवीकालीन जस्तो देखिए पनि भर्खर बनाउँदै गरेको जस्तो देखिन्छ । यो ढुङ्गेधारा एकदमै संरक्षण गर्नु पर्ने देखिएको छ । बच्चाहरूले खेल्ने ठाउँमा राखिएकोले जतिसक्दो छिटो यस ढुङ्गेधारालाई हटाएर उचित व्यवस्थापन गरिनु पर्दछ ।

### ४.४.२.४. ढः क्वँ (भेल्बुमा भेटिएको) (चित्र नं.४)

यो ढः क्वँ पनि भेल्बुमा खेत खन्दाखेरी भेटिएको हो । पानीलाई धारासम्म ल्याउनको लागि ढुङ्गाको पाइप जस्तो बनाएको यो वस्तुलाई नेवारीमा ढः क्वँ भनिन्छ । हेर्दा लिच्छवीकालीन जस्तै लाग्ने यो ढः क्वँ को लम्बाई लगभग ७ फिटको छ । भेल्बुमा प्राचीन बस्ती भएको यहाँ पाइएको लिच्छवीकालीन अभिलेखले पनि प्रमाणित गरिसकेको छ । यसरी यो ढुङ्गेधाराको लागि बिछ्याइएको यस्तो ढः क्वँ अरू पनि भेटिने सम्भावना रहेको छ । यो ढः क्वँ बलम्वुको अति महत्वपूर्ण सम्पदा भएकोले यसलाई जतिसक्दो चाँडो उचित व्यवस्थापन गरी संरक्षण गरिनु पर्दछ ।

### ४.४.२.५. लुकु महाद्यः ( ल्वखा गाः) अभिलेख (चित्र नं.५)

यो शिलालेख बलम्वुको लुकु महाद्यः नामक खाल्डो भित्रको भित्तामा रहेको छ । यसमा सम्बत् ४८२ लेखिएको छ ।

यस शिलालेखमा भट्टारक महाराज श्री गणदेव तथा सर्वदण्डनायक महाप्रतिहार भौम गुप्तले यस क्षेत्रमा रहेका बासिन्दालाई लिङ्ग्वल, माप्चोक सहित चारै अधिकरणले दुःख दिन नपाउने गरी सनद शिलापत्र गरी निगाह गरेको व्यहोरा उल्लेख गरिएको छ । यसरी महाराजको हुकुममा तामिल रहेर निर्धक्क भई आनन्दपूर्वक बस्नु भनि लेखेको छ । थानकोट, बलम्वु, सतुगल र किसिपिडीबाट पाईएका पाँचवटा शिलालेखहरूमा एउटै भाषाका सर्वदण्डनायक महाप्रतिहार भौम गुप्तले शिताटीका तल अन्तर्गत रहेका तेग्वल र किचप्रीचिङ्ग ग्रामहरूमा अड्डा खानाहरूको प्रशासनिक जिम्मेवारी घटाउने कुरा राजा कहाँ जाहेरी गरेकोमा उनले त्यो कुरा सदर गरेको कुरा उल्लेख गरेको छ ।

### ४.४.२.६. बलम्वुको भिमार्जुनदेव + जिष्णु गुप्तको अभिलेख (चित्र नं.६)

बलम्वु गाउँको उत्तरपट्टि विद्यालय पछाडि सानो चउर छ, जहाँ यो अभिलेख रहेको छ । यसमा सम्बत् ५५ लेखिएको छ । यस शिलालेखमा भट्टारक महाराज श्री भिमार्जुनदेव र श्री विष्णु गुप्तले गिनुङ वृत्ति र दिग्वार वृत्ति पाएका कर्मचारीहरूको लागि सम्बोधन गरिएको छ । वृत्ति भनेको जागिरको तलबको सट्टा जागिरदारलाई दिने निश्चित जग्गा हो भनेर यस शिलालेखबाट स्पष्ट हुन आउँदछ ।

त्यस्तै यस ठाउंका नागरिकहरूलाई चैलकरमा माफी गरिदिएको कुरा यस शिलालेखमा पर्न आएको छ जसबाट यो क्षेत्रमा कपडा बुन्ने व्यवसायी रहेको बुझिन्छ तर हरिराम जोशीले आफ्नो पुस्तकमा यसलाई तैलकर भन्नु भएको छ । त्यस्तै डा. गोविन्द टण्डनले आफ्नो पुस्तक “इतिहासका थप पृष्ठहरू” मा चैलकर नै भनि पढेका छ ।

### ४.४.२.७. बलम्वुको शिवदेव द्वितीयको अभिलेख (चित्र नं.७)

बलम्वु गाउँ बाहिर उत्तरपट्टि ईन्द्रमति खोलाको किनारमा यो शिलालेख रहेको छ । यसमा सम्बत् १२९ कुँदिएको छ ।

परमभट्टारक महाराजधिराज श्री शिवदेवको यस शिलालेखमा प्रथम पटक नेपाल भुक्तिको उल्लेख रहेको छ । गुप्तकालमा भारतका शासकहरूले भुक्ति शब्दको प्रयोग गर्दथ्यो । यस शिलालेखमा नेपाल राज्य भन्ने अर्थमा नेपाल भुक्ति शब्दको उल्लेख रहेको छ ।

त्यस्तै यो क्षेत्र शिताटी ग्रामको नामले प्रसिद्ध थियो, पछि शिताटी तल हुँदै मुख्य व्यापारिक केन्द्रका रूपमा बिकास भएपछि शाताटी द्रङ्गको रूपमा परिचित हुँदै गएको थाहा पाइन्छ । यहाँ पुत्तिनारायण मन्दिर हेरचाह गर्न, पूजाआजा गर्न दावाकोट्ट भन्ने गाउं नै चढाइएको थियो । यो नारायण मन्दिरमा नैमित्तिक पूजा हुन्थ्यो । पूजा पछि र देवल मर्मतबाट बचेको पैसाले पशुपतिनाथमा सुन्दर छत्र चढाउनु, त्यसको उपलक्ष्यमा जात्रा पनि गर्नु भनेबाट यहाँ धार्मिक कार्यको उदाहरण पाउँदछौं ।

त्यसरी नै दावाकोट्ट ग्रामको सांध सिमाना उल्लेख गर्ने क्रममा गौतमाश्रमको नाम पनि आएबाट लिच्छवीकालमा नै यस क्षेत्रमा गौतम ऋषिको आश्रम भएको अनुमान लगाउन सकिन्छ । गोपाल वंशावलीले पनि नेपाल उपत्यकाको इतिहासको शुरू तिरै गौतम आदि ऋषिहरू यहाँ आएर बसेको उल्लेख गरेका छन् । नेपालको ईतिहास लेखनमा नै यो शिलालेखको एकदमै ठूलो महत्व रहेको छ ।

### ४.४.२.८. नास द्यः मन्दिर बाहिर बाटोसँगैको लिच्छवीकालीन शिलालेख (चित्र नं.८)

बलम्वु महालक्ष्मी मन्दिरनिर बाटोमा पूर्व फर्किएको एउटा ठूलो अभिलेख रहेको छ जुन पढ्न नसकिने गरी खिइएको अवस्था छ । यसमा सम्बत् ४५४ लेखिएकोले यो शिलालेख राजा बसन्तदेवको समयको भएको सिद्ध हुन्छ ।

### ४.४.२.९. तधं फल्चा भित्र भेल्वुको लिच्छवीकालीन अभिलेख (चित्र नं.९)

बलम्वु गाउँको पश्चिमपट्टि च्यार्चा खोल्साको पारि भेल्वु भन्ने ठाउंमा खाँद खन्दा यो शिलालेख भेटिएको हो । यो शिलालेख चारैतिर खण्डित छ । यो शिलालेख अहिले महालक्ष्मी मन्दिर अगाडि बाटो नजीक राखिएको छ । यसमा सम्बत् देखिंदैन । यो ठाउँको सीमा लेख्ने क्रममा यस शिलालेखमा विभिन्न ठाउँको नामहरू दिइएको छ ।

यस शिलालेखमा सामन्त चन्द्रबर्मा गोमीले जाहेरी गरे मुताबिक विद्वानहरूलाई अग्रहार दिई यो अभिलेख गराई दिएको उल्लेख गरेका छन् । यसमा लेखिएका चन्द्रवर्मा गोमी एक प्रसिद्ध ग्रन्थका रचयिता भएको पनि खुल्न आएको छ (बज्राचार्य, २०३०, पृ.३९६ ) । तर

हरिराम जोशीले "चन्द्र व्याकरणका लेख चन्द्रगोमी रहेका छन्, न कि चन्द्रवर्मागोमी । चन्द्रगोमी बौद्ध थिए, जसको कारण यिनले आफ्नो व्याकरणमा वैदिक संस्कृतको स्पर्शतक गरेनन् । यस्तो अवस्थामा यिनी अंशुवर्मा, ध्रुवदेव, जिष्णु गुप्त, आदि जस्ता शैव, वैष्णवमार्गी राजाहरूका सामन्त भएर तत्कालीन प्रशासनमा सम्मिलित भए होलान भनि सोच्नु नसकिने छ"भन्नु भएको छ (जोशी, २०३०, पृ. ३४७) ।

### ४.४.२.१०.हिटी गाः भित्र लिच्छवीकालीन शिलालेख (चित्र नं.१०)

यस शिलालेखमा पनि लुकु महाद्यः(ल्वखा गाः):को खाल्डोमा रहेको राजा गणदेव र सर्वदण्डनायक महाप्रतिहार भौम गुप्तले यस क्षेत्रमा रहेका बासिन्दालाई लिङ्ग्वल, माप्चोक सहित चारै अधिकरणले दुःख दिन नपाउने गरी सनद शिलापत्र गरी निगाह गरेको व्यहोरा उल्लेख गरिएको छ ।

### ४.४.२.११. पासिंख्यको लिच्छवीकालीन अभिलेख (हाल अज्ञात) (चित्र नं.११)

बलम्बु गाउँको उत्तरपट्टि खोलाको पारी पासिंख्य भन्ने स्थानमा एउटा चौर थियो । यो अभिलेख यहिं रहेको थियो । यो अभिलेखको शिरो भागमा फुटेर चोइटा उप्किसकेको र अक्षर खिइसकेको थियो । यसमा सम्बत् ४५४ रहेको थियो । अहिले यो अभिलेख बाढिले बगाइ सकेको स्थानियवासीहरूको भनाइ छ ।

राजा बसन्तदेवले मानगृह राजदरबारबाट सर्बदण्डनायक महाप्रतिहार रवि गुप्त र महाराज महासामन्त क्रमलीलसँग मिलि यस क्षेत्रका नागरिकहरूलाई कुथेर अधिकरणले लेख्यदान गर्न नपाउने स्थिति बाँधिदिएको व्यहोरा यस शिलालेखमा परेको छ । कुनै पनि सरकारी कर्मचारीले यस गाउँमा पसी लेख्यदान गर्न नपाउने बरू लेख्यदान गर्ने सबै अधिकार ग्राम पाञ्चालीलाई नै सुम्पेको यस अभिलेख बाट बुझिन्छ । लेख्यदान भनेको जनतालाई जग्गा सम्बन्धी नियम बनाउँदा वा जग्गा किनबेच गर्दा भू-स्वामित्वको लागि दिइने प्रमाण वा निस्सा हो ।

यस अभिलेखबाट के स्पष्ट हुन्छ भने दरबारमा द्वैध शासन शुरूवाट भईसकेको थियो । यसभन्दा अघिको अभिलेखमा रवि गुप्त दुतक भएका हुन्थे भने यस अभिलेखमा राजाले गर्ने सनद पत्र समेत रवि गुप्त तथा क्रमलीलसँग मिलि गरिदिएका छन् । यसरी क्रमलील पनि

महाराज पदवीधारी महासामन्त थिए भनेर बुझ्न सक्तछौं । यिनी लिच्छवीकूलका नदेखिए ता पनि राजा बसन्तदेवका सहायक शासक बन्न आईपुगेको स्पष्ट हुन्छ ।

**४.४.२.१२.नरेन्द्रदेवको लिच्छवीकालीन अभिलेख (चित्र नं.१२)**

बलम्वुको प्रणिधि पूर्ण महाविहार बनाउने क्रममा खन्दाखेरी यो अभिलेख प्राप्त भएको थियो । यस अभिलेखमा माथिल्लो भाग खण्डित छ भने तल्लो भागको आठ लाईन मात्र पढ्न सकिएको छ । यहाँ सम्बत् ९० छ जसकारण यो अभिलेख नरेन्द्रदेवको हो भन्ने बुझिन्छ ।

यस अभिलेखमा कुनै विशेष स्थिति बाँधि सनद पत्र गरिदिएको बुझ्न सक्छौं साथै अघिका राजाले गरिदिएको सनदहरूको पालना पछिका राजाहरूले पनि गर्नु पर्दछ भनि उल्लेख गरिएको छ । यस अभिलेखमा आभिर गुप्तहरू समाप्त भएकोले रूद्रचन्द्र गोमी दुतकको रूपमा देखा पर्दछ ।

**४.४.३. मध्यकालीन सम्पदाहरू**

**४.४.३.१. खण्डित उमा महेश्वर (चित्र नं.१३)**

हिटी गाः परिसरको पूर्वी भित्तामा पश्चिमाभिमुख गरी यो उमामहेश्वरको मूर्ति रहेको छ । खण्डित रूपमा रहेको यो मूर्तिमा शिवको आसन मुद्राको घुँडाको भाग देखिन्छ भने मुनिको भागमा लहरै गणहरू पनि देख्न सकिन्छ । ढुङ्गामा रहेको बुट्टाको प्रकृति हेरेर पनि यो मूर्ति एघारौ/बाह्रौं शताब्दिमा निर्माण भएको देखिन्छ (डा.सन्ध्या खनाल संगको अन्तर्वार्ता) । हिटी गाः को भित्रपट्टि अलि मुनि भित्तामा रहेकोले यो मूर्तिमा पूजा गरेको देखिंदैन ।

**४.४.३.२. सूर्य मूर्ति (चित्र नं.१४)**

यो मूर्ति पनि हिटी गाः भित्र रहेको छ । पहिले यो मूर्तिको पहिचान हुन सकेको थिएन । जलहरीको माथि राखिएकोले यो मूर्तिलाई शिवको भनेर मानेका थिए। पछि त्यहाँको झारपात हटाएर सफा गरी हेर्दा स्पष्ट रूपमा सूर्यको मूर्ति भनेर चिनियो । केहि भाग चोइटिए पनि लहरै सात घोडाको रथ, अरूण, उषा, प्रत्युषा आदिको पहिचान भएबाट छत्र सहितको यो मूर्ति सूर्यको हो भनेर प्रष्ट भएको छ । ढुङ्गाको बुट्टाको प्रकृति हेर्दा यस मूर्ति लाई चौधौं पन्ध्रौं शताब्दिको भनिएको छ । यो मूर्तिको अग्र भागहरू केहि खण्डित भएकोले अनुहार स्पष्टसँग देखिंदैन । तथापी यो मूर्ति आकर्षक देखिन्छ ।

### ४.४.३.३.मल्लकालीन डुंड (चित्र नं.१५)

बलम्वु गाउँको पुखुसि स्थित मंगलदास महर्जनको घरको जग खन्ने क्रममा मल्लकालीन डुंड भेटिएको थियो । मानिसहरूले त्यस डुंडलाई धन राखेर गाडिएको घ्याम्पो सम्झेको थियो । तर विशेषज्ञहरूले जाँच गर्दा उक्त वस्तु डुंड भएको थाहा हुन आएको छ। सो डुंड घ्याम्पो आकारको रहेको थियो, जसमा एक ठाउँबाट पानी आएर थिग्रिएर सफा पानी अर्को ठाउँबाट निस्कने प्वाल पनि बनाएको थियो । त्यस डुंडसँगै माटाकै पाइपहरू पनि रहेको थियो । जसबाट के थाहा हुन्छ भने मल्लकालमा बलम्वुमा खानेपानीको पूर्ति यस डुंडबाट हुन्थ्यो । कति पुरानो हो भन्ने यकिन नभएको यो डुंड मल्लकालको भनेर प्रष्ट हुन्छ । यो डुंडबाट खानेपानीकै आपूर्ति हुन्छ भनेर प्रमाणित हुन्छ किनकी खेतको लागि भए कुलो बनाएको हुन्थ्यो । यस डुंड भन्दा अन्दाजी ३० मिटर मुनि ढुङ्गेधारा थियो । अहिले ढुङ्गेधारा पुरिएको छ ।

यो डुंड भेट्दाखेरी सँगै रहेको माटोको पाइपमा पानी बगिरहेको मंगलदास महर्जनले बताउनु भएको थियो । यसबाट यस ठाउँमा धेरै पहिलेदेखि नै बसोबास भएको पुष्टि हुन्छ ।

### ४.४.३.४. क्वाथः छें (चित्र नं.१६)

बलम्वु गाउँ भित्र श्री महालक्ष्मी मन्दिरको ठिक अगाडि नासद्यो मन्दिरको ठिक पछाडी क्वाठ छें रहेको छ । बलम्वुमा हुने श्री कुमारी, गणेश, महालक्ष्मी जात्रा, दशैमा हुने खड्ग जात्राहरूमा यस क्वाठ छेंको भूमिका महत्वपूर्ण रहेको छ । वि.स .२०७२ सालको भूकम्पबाट अलिअलि क्षति भएको यो क्वाठ छेंलाई पूर्ण रूपमा भत्काई नयाँ निर्माण गरिएको छ । चार तलाको यो क्वाठ छेंलाई बनाउन स्थानीय सरकारी निकाय तथा स्थानीय बासिन्दाको सहयोगमा निर्माण गरिएको हो ।

विभिन्न अभिलेखहरूमा क्वाठनायकको चर्चा उल्लेख भएको पाइएको छ। क्वाठ छेंको रक्षक नै क्वाठनायक कहलाइन्थे । मध्यकालमा कोट्टनायक अथवा क्वाठनायकको नियुक्ति गर्ने चलन थियो । यिनीहरूले कोट्ट अर्थात् किल्लाको सुरक्षा गर्दथ्यो भने बाह्य आक्रमणबाट राज्यलाई सुरक्षा गर्ने कार्य गर्दथ्यो (खतिवडा, २०७४,पृ. ) ।

वलम्बुमा यस क्वाठः छें मा हतियारहरू राखिएको छ । जुन हतियार अहिले खड्गजात्रामा प्रयोग गर्दछन् । दशैको टिकाको दिन स्थानीय चालंगुठीका गुठीयारहरू मिलेर खड्ग जात्रा गर्ने गर्दछ । त्यस्तै श्री कुमारी, गणेश, महालक्ष्मी जात्राको अन्तिम दिन कुमारीलाई यस क्वाठ छेंमा भित्र्याउने चलन रहि आएको छ ।

### ४.४.३.५.कुमारी मन्दिर (चित्र नं.१७)

बलम्वु गाउँ भित्रको एक महत्वपूर्ण देवताको रूपमा कुमारी रहि आएको छ । गाउँको दक्षिण गेटबाट ३० मिटर जति भित्र दायाँपट्टि कुम टोलमा यो मन्दिर रहेको छ । सो मन्दिर छाना नभएको तथा चारैतिर पर्खालले घेरिएर ढोका राखेको छ । दैनिक जसो पूजा हुने यो मन्दिर भित्र पूजा गरेर परिक्रममा गर्नु हुँदैन भन्ने प्रचलन रहेको पाईन्छ । हरेक चाड पर्वमा यस मन्दिरमा विशेष श्रद्धाका साथ पूजा गर्ने चलन यस ठाउँमा चलि आएको छ । विशेष गरी बलम्वु गाउँमा मु:ख अष्टमीको दिन कुमारीको जात्रा गर्ने भएकोले यस दिनमा विहान सबेरै करिब ४-५ बजेतिर श्रेष्ठ दुवा गुठियारहरूले कुमारीको ढकी लिएर पूजा गरि कुमारीलाई ल्याउने प्रचलन छ । सो ढकीलाई पूजा गरि  यस गाउँका महर्जन गुठीका गुठियारहरूले दिनभर व्रत बस्ने चलन रहि आएको छ (अन्तर्वार्ता) ।

नारी शक्तिको अवशेष नै भन्नु पर्छ, मल्लकालमा कर्णाटवंशी शासकहरूले काठमाडौं ल्याएका तलेजु भवानीको पछिल्ला रूप कुमारीलाई मान्नु पर्दछ । कर्णाट वंशी शासकहरूले कुमारीको सम्मानमा चाँदीका मुद्रामा समेत श्री कुमारी माजु अंकित गराएका थिए । यसबाट मल्लकालमा कुमारीको महत्व कति थियो भन्ने स्पष्ट हुन्छ ।

मूलतः २ वर्षदेखि १० वर्षसम्मका कन्याहरूलाई कुमारी मान्दछन् । उपत्यकाका तीनै सहरमा कुमारीको भव्य पूजा तथा यात्रा हुन्छ । काठमाडौंमा इन्द्रजात्राको दिनमा कुमारी रथ यात्रा पनि गराइन्छ भने ललितपुरमा मच्छिन्द्रनाथको जात्रामा कुमारीको रथ यात्रा गराइन्छ । यसरी नेपालको इतिहासमा कुमारी पूजा तथा यात्राको विशेष स्थान भएर नै होला, बलम्वु गाउँमा पनि कुमारीको पूजा तथा जात्रा गर्ने चलन रहि आएको छ । यहाँ जीवित देवी त छैनन तर ढकीमा कुमारीको मुखौटा राखी श्रद्धाका साथ कुमारी पूजा तथा जात्रा गर्दछन् ।

बलम्वु गाउँमा एउटा के परम्परा पाईन्छ भने यदि कसैले नराम्रो काम गरेमा कुमारी मन्दिर अगाडि कसम खुवाइन्छ र यदि झुठो कसम खाएमा रगत छाडि मर्दछ । यसरी पहिले पहिले झुठो कसम खाँदा मानिसहरू रगत छाडि मरेकोले पनि यहाँका मानिसहरू हत्तपत्त कुमारीको अगाडि कसम खाँदैनन् ।

### ४.४.३.६. चीधं फल्चा

महालक्ष्मी मन्दिरको पूर्वपट्टि हाम्नानी जाने बाटोमा यो फल्चा रहेको थियो । वि.सं. २०७२ साल बैशाख १२ को भूकम्पमा क्षतविक्षत् भई भत्केपछि यो पाटीको नाम निशाना छैन ।

स्थानीय सरकारले बनाउन पहल गर्न लाग्दा पनि स्थानीय बासिन्दाहरूसँग कुरा नमिल्दा यो फल्चा बन्न सकेको अवस्था छैन । विहान, बेलुका, दिउँसो बुढापाकाहरूलाई जमघट भई बस्ने ठाउँको रूपमा रहेको यो फल्चालाई जतिसक्दो चाँडो बनाउनु पर्दछ । स्थानीय बासिन्दाको माग भएता पनि अहिलेसम्म यो फल्चाको पुनः निर्माण हुन सकेको छैन ।

**४.४.३.७.गणेश मन्दिर (बज्र विनायक) (चित्र नं.१८)**

बलम्वु गाउँ भित्रको एक ऐतिहासिक मन्दिरको रूपमा यस बज्र विनायक गणेश मन्दिरलाई लिन सकिन्छ । यस मन्दिर भित्र भित्तामा मल्लकालीन अभिलेखहरू राखिएको पाइएको छ । वि.सं. २०७९ सालमा जिर्णोद्धार गर्ने क्रममा यहाँ गणेश भनेर पूजा गरिने ढुङ्गालाई कुदिएर पूर्ण गणेशको आकार दिइएको छ । अहिले सो ढुङ्गा गणेश मूर्ति बनाएर प्रतिस्थापन गरिएको छ( **चित्र नं.१९**) ।

पुराणहरूका अनुसार पार्वतीको मयलबाट गणेशको जन्म भएको र महादेव पार्वतीकोमा जान लाग्दा गणेशले ढोका नखोलिदिएपछि गणेश र महादेवको युद्ध भएको जसमा महादेवले गणेशको टाउको छेदन गरिदिएको थियो । पछि पार्वतीले रोइकराई गरेपछि शिवले हात्तीको टाउको जोडिदिएको तथा कुनै पनि पूजा गर्दा या काम गर्दा गणेश पूजन सबैभन्दा पहिले गर्नु पर्ने वरदान दिएको थियो । गणेशका दुई पत्नी रिद्धि र सिद्धि रहेको पौराणिक मान्यता रहेको छ ।

यसरी कुनै पनि चाड पर्व जात्राहरूमा सबभन्दा पहिला गणेशको पूजा गर्नु पर्ने भएकोले यस बलम्वु गाउँमा पनि कुनै पनि चाडपर्व, जात्रामा बज्र विनायकको पूजा गर्ने चलन रहि आएको छ ।

कार्तिक मुखः अष्टमीमा शुरू हुने जात्रामा श्रीकुमारी र महालक्ष्मीका साथ गणेशको पनि खट यात्रा गर्ने परम्परा रहि आएको छ ।

**४.४.३.८.हाथुं द्यः (हाथपा द्यः) (चित्र नं.२०)**

मल्लकालीन काष्ठकलाको उच्चतम नमूनाको रूपमा रहेको यस देवतालाई बलम्वु गाउँको एउटा घरमा राखिएको छ । पहिला भक्तमान श्रेष्ठको घरमा राखिएको यो काठको मूर्ति पछि महेन्द्र आनन्द भन्ने व्यक्तिलाई घर विक्रि गरेको र भूकम्पमा क्षति भएपछि सो घर भत्काउने क्रममा यो मूर्ति पनि सारियो । जस अनुरूप महेन्द्र आनन्द नजिकै अर्को घरमा डेरा सरेपछि मूर्ति पनि सँगै लगि प्रतिष्ठित गरी पूजा गरेका छन् ।

हेर्दा डर लाग्दो भयङ्कर रूप भएको काठले बनेको यो भैरवको टाउको मात्र छ । गहनाहरूको आकर्षक कलाकृतिले र डरलाग्दो आँखाले मूर्ति भयानक देखिन्छ । डरलाग्दो भएर नै होला यो मूर्ति हेर्नु हुँदैन भनेर घरको खोपिल्टामा राखेका थिए । जसलाई मूर्ति राखेको घरसँगै रहेको रमेश नापितको घरको भित्ताबाट पनि देख्न सकिन्थ्यो । धेरै जसो मान्छे नापितको घरमा जाँदा यहि प्वालबाट सो मूर्तिलाई चियाउने गर्दथे । नापितहरूले दिनहुँ पूजा गरी धूप बालिदिनु पर्ने चलन थियो । यस्तै भक्तमान श्रेष्ठको सन्तानहरूले अहिले पनि आफ्नो इष्ट देवतालाई पूजा गरी समयबजी खाने चलन रहि आएको छ । यो मूर्तिसँगै काठको सिंह दुई वटा रहेको छ । त्यस्तै सानो काठको देवताको मूर्तिहरू पनि सँगै रहेको छ । कलाको आधारमा हेर्दा उक्त भैरव मूर्ति मध्यकालको उत्तरार्धतिर निर्माण भएको देखिन्छ ।

स्थानीय बुढापाकाहरूका अनुसार यस देवताको मूर्तिलाई पहिले पहिले यँन्या पुन्हिको दिन समयबजी दिने बेलामा इन्द्रजात्राको दिन बलम्वुको बज्र विनायक गणेश मन्दिरको अगाडि पाटीमा राखी पूजा गर्ने चलन थियो । तर यो चलन अहिले हराई सकेको छ ।

यस देवताको अवस्थिति बलम्वु गाउँमा छ भनेर यस गाउँका धेरै मानिसहरूलाई थाहा नै छैन भन्दा अत्युक्ति नहोला । अझ देवताको घर नै बिक्री गरेपछि र भूकम्पले घर भत्काएपछि यस देवताको स्थान परिवर्तन भएर पूजा पद्धति नै फरक भइसकेको अवस्था छ । यस देवतालाई तत्काल राम्रो ठाउँमा व्यवस्थापन गरी संरक्षण गरिएन भने हराउने, चोरिने, टुटफुट भई बिग्रने हुन सक्छ । त्यसैले यस मल्लकालीन सम्पदाको संरक्षण गर्नु अति आवश्यक देखिन्छ । स्थानीय बासिन्दा, देवताका पूजारीहरू, सम्बन्धित घरधनी, संस्कृति तथा सम्पदाप्रेमी सबै मिलेर उचित व्यवस्थापन गर्न सकिएमा आन्तरिक तथा बाह्य पर्यटक पनि लाभान्वित हुने सम्भावना देखिन्छ ।

### ४.४.३.९.पूर्वी ढोका (चित्र नं.२१ )

यो ढोका बलम्वुको ओपी टोलमा रहेको छ । पहिला यो ढोका होचो थियो भने अहिले पुनर्निमाणको क्रममा अग्लो गरेर बनाइएको छ । पहिला यो ढोका मल्लकालीन जस्तो देखिन्थ्यो । पुनर्निमाणको क्रममा अहिले दाछि अप्पा प्रयोग गरेर आकर्षक बनाइएको छ ।

### ४.४.३.१०.महाँकाल (दक्षिणाभिमूख) (चित्र नं.२२)

बज्रविनायक गणेश मन्दिरको ठीक अगाडि हिर्गचाः जाने चोकमा यो महाँकाल मूर्ति रहेको छ । हरेक दिन र चाडपर्वमा यस महाँकालको पूजा गर्दछ । कलाको आधारमा हेर्दा

मल्लकालको अन्तिमतिर बनेको जस्तो देखिने यो मूर्ति अत्यन्त राम्रो रहेको छ । तर अबिर र रङ्गहरू दलेर पुरै मूर्ति नचिन्ने भएको छ । पुरातत्व विभागले दाक्षि ईंटाको गाऱ्हो जस्तो बनाएर यसलाई स्थापित गरिदिएको छ ।

### ४.४.३.११.भैरव (पूर्वाभिमूख) (चित्र नं.२३)

यो भैरब मूर्ति पनि बज्रविनाय गणेश मन्दिरको ठीक अगाडि रहेको छ । पूर्वाभिमुख यस भैरव मूर्तिलाई पनि हरेक दिन र चाडपर्व जात्रामा पूजा गर्दछन् । गलामा मुण्ड माला लगाएको, हातमा कपाल पात्र लिएको यो मूर्तिलाई अबिर केसरी दलेर राखेको देखिन्छ । पुरै रङ्गले छोपेको छ । तथापी पुरातत्व विभागले दाक्षि ईंटाले घेरेर यस मूर्तिलाई संरक्षण गरिराखेको छ ।

### ४.४.३.१२.तुलसीमठ (लाछि टोल) (चित्र नं.२४)

तुलसीलाई भगवान विष्णुको रूपमा लिइने गरिएको छ । स्वस्थानी कथाका अनुसार दानव र जालन्धरलाई मार्न विष्णुले छल गरी जालन्धरकी पत्नी वृन्दाको सतित्व नष्ट गरी दिन्छ । आफ्नो सतित्व नष्ट भएर जालन्धर मरेपछि वृन्दाले विष्णुलाई श्राप दिन्छन् जसमध्ये एउटा तुलसीको रूपमा विष्णु रहनु पर्ने हुन्छ । यसरी तुलसीलाई भगवान विष्णुको रूपमा मान्ने भएकोले हिन्दुको घर अगाडि तुलसीको मठ बनाई तुलसी पूजा गर्ने चलन रहि आएको छ ।

यस बलम्वुको लाछि टोलमा पनि तुलसी मठ रहेको छ । जसको माथिल्लो पट्टि विष्णु भगवानको मूर्ति सहित तुलसी रोपिएको छ । जसलाई यहाँ स्थानीय बासिन्दाहरूले पूजा गर्ने गर्दछन् । तुलसीलाई आयुर्वेदमा पनि महत्वपूर्ण वनस्पतिको रूपमा लिने गरिएको छ । बिरामी पर्दा तुलसीको पातलाई उमालेर खाने पनि चलन रहेकोले हिन्दू धर्ममा तुलसीको सांस्कृतिक तथा आयुर्वेदिक महत्व रहेको पनि पुष्टि हुन्छ । यहाँ रहेको तुलसी मठ धेरै पुरानो रहेको छ । भगवान विष्णुको गरूड सहितको मूर्ति रहेको यस मठलाई संरक्षण गर्नु पर्ने देखिन्छ । खुल्ला रूपमा रहेको यो मठको मूर्ति पटक पटक चोरी भएको देखिन्छ । तथापी स्थानीय सरकारको सहयोगमा यस मठको जिर्णोद्वार गरी सकेसम्म चाँडो संरक्षण गर्नु पर्ने देखिन्छ । यस मठमा नें.सं.८८३ को शिलापत्र पनि राखिएको छ । साथै अरू देवताहरू पनि राखिएको छ (**चित्र नं.२५**) ।

### ४.४.३.१३. नमरा चैत्य (चित्र नं.२६)

चन्द्रागिरि नगरपालिकाकै नमूनाको रूपमा यस चैत्यलाई लिन सकिन्छ । किनकी यो नमरा चैत्यलाई ढुङ्गाले घेरिएको छ । चैत्यको चारैतिर लामो लामो ढुङ्गाहरू ठड्याएर राखिएका छन् । यस चैत्यमा बलम्वुका श्रेष्ठहरूको एउटा समूहले दशैं पछिको नमरा पूर्णिमाको दिन बुसँ ( वर्षबन्धन) गर्ने चलन रहेको छ । बुसँ भनेको त्यो चैत्यको वार्षिक उत्सव मान्नु पर्दछ । यहाँका मानिसमा यस दिन यो चैत्यका पूर्वाभिमुख बुद्ध अर्थात् अक्षोभ्य बुद्धले मासु खान्छ भन्ने भनाई पनि छ । यस दिन लाक्षिका दुई श्रेष्ठ परिवार मिलि यस चैत्य अगाडिको पिखालखु (पवित्र खाल्डो) मा गुभाजु राखी होम गर्न लगाई पासिननीमा रहेको आगम छेँ मा गई हारती माताको पूजा गरी समयबजी खाने चलन रहि आएको छ (अन्तर्वार्ता) ।

### ४.४.३.१४.हारतीमाता (आगमछें) (चित्र नं.२७)

पासीननी जाने बाटोमा यो हारती माता रहेको छ । यसलाई आगम छें पनि भन्दछन् । बच्चालाई घुँडा टेकाई खुट्टाले कुल्चेको अवस्थामा हारती माताको मूर्ति रहेको छ । एक तल्ला माथि यो मूर्ति राखिएको छ । ढोका पस्ने ठाउँमा दुई वटा सिंह राखिएको छ । सिंह पछाडि पट्टि अभिलेख पनि राखिएको छ । बाहिर ढोकाको माथि तिर तोरण रहेको हुन सक्छ त्यसैले त्यो तोरण झिकेर मूर्तिसँगै माथि कोठा भित्र राखिएको छ (**चित्र नं.२८**) । कालो प्रस्तरको यो मूर्ति अन्दाजी २ फिटको रहेको छ । नमरा चैत्यमा पूजा गरिसकेपछि यहाँ पनि पूजा गरी समयबजी खाने चलन छ ।

### ४.४.३.१५. सिंह (२) (चित्र नं.२९)

पासिननी स्थित हारतिमाताको ढोकामा दुईवटा सिंह राखेको छ । यो सिंह हेर्दा मल्लकालीन जस्तो देखिन्छ । एक तह पेटी माथि अर्को दुई पत्र ढुङ्ग राखेर त्यसमाथि सिंहहरू राखेको छ । एकदमै आकर्षक यो प्रस्तरको सिंहलाई रङ्ग लगाई दिएको छ ।

### ४.४.३.१६.मल्लकालीन इनार

पासिंननी भित्र रहेको यो इनार बाबुकाजी महर्जनको घर अगाडि रहेको छ । यो इनार अहिले बन्द भएर नदेखिने अवस्थामा रहेको छ । केहि वर्ष अघिसम्म यस इनारबाट पानी

निकालेर कपडा धोइरहेको देखिन्थ्यो भने अहिलेचाहिँ यो इनार कहाँ छ भनेर भन्न पनि नसकिने गरी पुरिएको अवस्थामा छ ।

**४.४.३.१७.उत्तर ढोका (चित्र नं.३०)**

बलम्वुको गछेँको द्वाक्सी भन्ने ठाउँमा यो ढोका रहेको छ । ढोकाको उचाइ कम छ भने हेर्दा पनि यो ढोका पुरानो जस्तै देखिन्छ । यस ढोकामा 'श्री ५ महिन्दर वीर विक्रमकी जय जय जय' भनेर लेखिएको छ भने २०१२ पनि लेखिएको छ । बीचमा अलि ठूलो ढोका जस्तो खुल्ला र दायाँ  बायाँ सानो सानो खुल्ला ढोका छ । ढोकाको माथिल्लो भाग पुरानो जस्तो देखिन्छ र दायाँबायाँ चन्द्रसूर्य छ भने तलको भाग नयाँ बनाएको जस्तो देखिन्छ ।

**४.४.३.१८. पिङ्गलस्थान मन्दिर (भित्रका देवताहरू) (चित्र नं.३१)**

यस पिङ्गलको मन्दिरभित्र लहरै प्रस्तरको शिला मूर्तिहरू राखिएको छ जसलाई यहाँका बासिन्दाहरू अष्टमातृका भनेर भक्तिभावका साथ पूजा गर्दछन् । तर पहिला जुन स्थानमा यो पिङ्गल थियो, त्यसलाई बाढीले बगाएपछि अहिलेको स्थानमा सारिएपछि ती देवताहरू मिलाएर राख्न नसक्दा कुन चाहिँ शिला कुन मातृका हो भनेर ठीकसँग चिन्न नसकेपछि जात्राहरूमा पनि यहाँ रहेको मातृकाको मकुण्डो लगाई दिने समस्या भएको यहाँका स्थानीयबासी हेराबहादुर महर्जनले बताउनु भयो (स्थानीयसँगको अन्तर्वार्ता) । तर पूजा भने गरिरहेकै छ ।

**४.४.३.१९. सिंहहरू (चित्र नं.३२)**

यस पिङ्गल (शक्तिपीठ) को मन्दिरको ठीक बाहिर एक जोडी सिंह राखिएको छ । आकर्षक बुट्टाले भरिएको यस सिंहहरू प्रस्तरले बनेको छ । हेर्दा मल्लकालीन विशेषता सहितका सिंहहरूलाई यस पीठमा पूजा गर्न आउने भक्तजनहरूले पूजा गर्ने गर्दछन् । ज्यादै आकर्षक बनाइएका यी सिंहहरूलाई रङ्ग लगाई दिएको छ । सकेसम्म छिटो यस सिंहको रङ्गहरू हटाएर संरक्षण गर्ने कार्य गर्नु पर्दछ ।

**४.४.३.२०. पवित्र खाल्डो (चित्र नं.३३)**

पिङ्गल मन्दिरको ठीक अगाडि एउटा पवित्र खाल्डो रहेको छ जहाँ बलम्वु महालक्ष्मी जात्राको पहिलो दिन अर्थात् मुखः अष्टमीको रातमा भैरवाग्नी होम गरिन्छ । भैरवलाई खुशी

गर्नको लागि राजोपाध्याय र पुरेत आएर होम गरी समयबजी खाने चलन रहि आएको छ । सो होम हुँदा बलम्वुका दुवा गुठियारहरूबाहेक कसैले पनि हेर्नु हुँदैन भनेर त्यस पवित्र खाल्डोको चारैतिर कसैले पनि नदेख्ने गरी कपडाले बारेर राखेको हुन्छ । होम हुँदै गर्दा बाजा बजाउने काँ खलः र नायखिं खलः पनि बाहिर बसेर नै बाजा बजाइरहेका हुन्छन् ।

### ४.४.३.२१.पीठको ढुङ्गाको तोरण (चित्र नं.३४)

पिङ्गलस्थानको मूल देवताहरूको ठीक माथि यो तोरण रहेको छ । प्रस्तरले निर्माण गरेको यस तोरणमा दायाँ बायाँ तोरणको मुनि मूर्तिहरू रहेका छन् भने माथिल्लो भागमा बीचमा महिषासुर मर्दिनीको मूर्ति छ भने त्यसको दायाँ बायाँ दुई वटा मूर्ति तथा त्यसको माथि दायाँ बायाँ दुई ओटा साना साना मूर्तिहरू रहेका छन् । त्यस्तै बीचमा मुनिपट्टि सानो मूर्ति पनि रहेको छ । ठीक अवस्थामा रहेको यो तोरणमा रङ्ग लगाई दिंएको छ ।

### ४.४.३.२२.लाटिक्वँ पुखु (चित्र नं.३५)

पिङ्गलस्थान मन्दिरको सँगै दक्षिणपट्टि एउटा सानो तर गहिरो नभएको पोखरी जस्तो संरचना बनाएको छ, जसलाई स्थानीय भाषामा लाटिक्वँ पुखु भनिन्छ । तीन फिट चौडा र पाँच फिट लामो यो पोखरीको गहिराइ जम्मा चार इन्च जति छ । बलम्वुको श्री महालक्ष्मी, कुमारी र गणेशको जात्राको दिनमा यस लाटिक्वँ पुखुमा दुई वटा ठूलो घ्याम्पो ल्याएर बिसाइन्छ, जसमा जात्राको लागि चाहिने सामान राखेको हुन्छ ।

### ४.४.३.२३. पवित्र लाम्चो ढुङ्गा (चित्र नं.३६)

पिङ्गलस्थानको ठीक अगाडि यो ढुङ्गा रहेको छ । यस ढुङ्गालाई सबैले पवित्र मानी ढोग्छन् । यस पिङ्गलस्थानको ढोका भनेर मानिसहरू यस स्थानमा आउँदा यस ढुङ्गलाई ढोगेर भित्र पस्छन् र मन्दिर घुमेर फेरि यस ढुङ्गालाई नाघेर बाहिर जान्छन् । चाडपर्व जात्राहरूमा पनि बाजा बजाएर पूजा आउँदा यहि ढुङ्गा नाघेर भित्र जान्छन् र पूजा गरिसकेपछि फेरि यहि ढुङ्गा नाघेर बाहिर निस्कन्छन् ।

**४.४.३.२४. फल्चा (भत्किसकेको) (चित्र नं.३७)**

बलम्बु स्कुलको पछाडि, वडा कार्यालय जाने बाटोमा यो फल्चा रहेको थियो । केहि वर्ष अगाडि यो फल्चा यस स्थानमा थियो । अहिले भने फल्चा भत्किसकेको र फल्चाको तल्लो भागको ढुङ्गाहरू मात्र देखिएको छ । यो फल्चालाई पुनर्निमाण गर्नु पर्ने देखिन्छ ।

**४.४.३.२५. ढुङ्गेधारा**

भत्किसकेको फल्चाको ठीक पछाडि यो ढुङ्गे धारा रहेको थियो । अहिले पुरिसकेको अवस्थामा छ । स्थानीयहरूले चासो दिएर खनेर हेरेमा यो ढुङ्गेधाराको संरक्षण गर्न सकिन्छ । केहि वर्ष अगाडिसम्म पनि पानी आइरहने सो ढुङ्गेधारा अहिले भने केहि पनि नदेखिने भएको छ ( अन्तर्वार्ता) ।

**४.४.३.२६. वीरविनायक मन्दिर (चित्र नं.३८)**

पूर्वतर्फ फर्किएको यस वीरविनायकको मन्दिर इन्द्रमती खोलाको छेउमा रहेको छ । हालसालै पुनर्निमाण गरिएको यस मन्दिर गुम्बज शैलीमा रहेको छ । यो मूर्ति पनि अलि पुरानो देखिन्छ (**चित्र नं.३९**) । पादपीठमा कमलको फुल सहितको यो मूर्ति मल्लकालको रहेको छ । स्थानीय बासिन्दाहरूले भक्ति भावका साथ यस मन्दिरमा पूजाआजा गर्ने गर्दछन् । यो वीरविनायकको मूर्ति चार हात सहित पूर्वाभिमुख रहेको छ ।

**४.४.३.२७. सत्तल (चित्र नं.४०)**

मानिसहरूलाई बास बस्न र आराम गर्न यस्तो सत्तलहरू बनाउने गर्दछन् । यो सत्तल पनि बास बस्न हुने र आराम गरेर बस्न मिल्ने गरी बनाइएको छ । लामो भएको हुनाले यस सत्तलमा धेरै मान्छेहरू पनि अट्दछ । यस सत्तलमा मातातीर्थ औंशीको दिन पाँती (सक्खर र पानीको मिश्रण) ख्वाउने चलन छ । यस स्थानभन्दा अलि पर चुन्देवी भन्ने स्थानका आचार्यहरूको एउटा समूहले असारको भल्भल अष्टमीको दिन मन्दिरमा बोका बलि दिई पूजा गरेर यस सत्तलमा आएर प्रसाद खाने चलन रहेको छ । त्यहाँ बलि दिएको बोकालाई स्थानीय तरि भाईले पकाएर दिन्छ र आचार्यहरूले खाएर जाने चलन रहि आएको छ (अन्तर्वार्ता) ।

**४.४.३.२८.श्री महालक्ष्मी मन्दिर (चित्र नं.४१)**

एक तहको आधार माथि वर्गाकार झिङ्गटीले छाएको दुइतल्ले शैलीमा यो मन्दिर बनेको छ । यस मन्दिरको द्वार अगाडी दायाँ बायाँ ठूला २ वटा र साना २ वटा सिंह मूर्ति रहेको छ (**चित्र नं.४२**) । द्वारको ठीक बाहिर पट्टी पिखालखु राखिएको छ । यस पिखालखुलाई सबैले पूजा गर्छन । मन्दिर प्रवेश द्वारमा तामाको बुट्टेदार ढोका राखेको छ । प्रवेश द्वारको माथ्लो पट्टी प्रस्तरको तोरण रहेको छ । मन्दिर प्रवेश गर्नासाथ प्रस्तरको मूर्तिहरू लहरै देख्न सकिन्छ (**चित्र नं.४३**) । बिचमा श्री महालक्ष्मी र लहरै अष्टमातृका सहित गणेशको मूर्ति पनि राखिएको छ । दाहिने पट्टी मानव शालिक पनि राखिएको छ । यो शालिक कसको हो भनेर थाहा नभएता पनि यो श्री महालक्ष्मी मन्दिर राजा श्रीनिवास मल्लको पालामा सम्वत् ७८७ मा शुरू भएर संवत् ८०७ मा राजा योग नरेन्द्र मल्लको पालामा सम्पन्न भएकाले यो शालिक राजा योग नरेन्द्र मल्लको हुने धेरै सम्भावना रहेको छ (**चित्र नं.४४**) ।

हाल सालै पुनर्निर्माण गरेको यस महालक्ष्मी मन्दिरको टुँडालहरू आकर्षक बनाइएको छ। मन्दिर भित्रको गर्भगृहको महालक्ष्मी मन्दिरको ठीक माथी पट्टी दलिनमा इलाँ राखिएको छ ( **चित्र नं.४५**) । यस इलाँमा श्री महालक्ष्मी सहित अष्ट मातृकाको मूर्ति पनि राखिएको छ (**चित्र नं.४६**) । यो इलाँ गुर्जुधारा निबासी स्व.बद्रीमान श्रेष्ठको सम्झनामा श्रीमती तुलसीमाया श्रेष्ठ तथा परिवारले चढाएको उल्लेख गरिएको छ (**चित्र नं.४७**) ।

मन्दिरको गजुरदेखि पहिलो छानाभन्दा अलि तल आउने गरी पताका राखिएको छ । यी पताकाहरू पितलको रहेको छ। पताकाको सबभन्दामूनिको भागमा देवताको मूर्ति पनि रहेको छ (**चित्र नं.४८**) ।

मन्दिरको भित्ताहरू ईंटले बनेको छ । करीब ३ फिट दाक्षी इंटाले बनेको मन्दिरको माथि भागमा बज्र लेपन गरिएको छ । यो मन्दिर मल्ल्कालमा बनेको यहिँ रहेको मल्लकालीन अभिलेखबाट पुष्टी हुन्छ ।

मन्दिरको शिरो भागमा सुनको जलप लगाएको गजुर राखिएको छ ।

मन्दिरको छानाको चारैतिर मतकलः झुण्ड्याएर राखेको छ । त्यस्तै छानाको चारैतिर छेउमा झल्लर राखेको छ। त्यहि झल्लरको ठीक मुनि सानो सानो घण्टीहरू लहरै झुण्ड्याइएको छ ।

अहिले पुनर्निर्माण गरिएको मन्दिरमा दायाँ बायाँ आकर्षक ढोका राखेको छ । काठको बुट्टेदार सो ढोकाले मल्लकालीन कलाको झझल्को दिन्छ । एक तल्लामाथि पहिलो तल्लाको छानाभित्र टिकि झ्याहरू राखेको छ । मन्दिरको प्रवेशद्वारको दायाँ बायाँ ठूलो घण्ट पनि रहेको छ । दायाँ घण्टको ठीक पछाडि मन्दिरसँगै श्री महालक्ष्मी मन्दिर सम्बन्धी मल्लकालीन अभिलेख राखिएको छ ।

### ४.४.३.२९. नास द्यः मन्दिर (चित्र नं.४९)

यो मन्दिर महालक्ष्मी मन्दिरको ठीक अगाडि रहेको छ ।यस नास द्यः को मन्दिरमा भत्तजनहरूले पूजा गर्ने गर्दछन् । तर यस मन्दिरको ढोका धेरै जसो बन्द हुने र महिलाहरू पस्न नहुने भन्ने नियमले गर्दा बाहिरैबाट पूजा गरिन्छ ।

कुनै पनि बाजागाजा सिक्नु पऱ्यो भने नासः द्यः लाई पूजा गरी सिक्ने काम शुरू हुन्छ । यस बलम्वुमा पनि नेवारी बाजाहरू जस्तै : धाः, धिमे, खिँ, नाय् खिँ, बासुरी, काँ बाजा आदि सिक्नु पऱ्यो भने पहिला यस मन्दिरमा पूजा गर्छन् र सिकिसकेपछि फेरि यहिँ आएर पूजा गरी समयबजी खाने चलन छ । यस मन्दिरको द्वारको तोरण चोरी भैसकेको छ ।

### ४.४.३.३०. मुक छेंं (चित्र नं.५०)

बलम्वुमा रहेको महालक्ष्मी मन्दिर नजिकको यो मुकः छेँ मा बलम्वु क्षेत्रमा जात्रा हुने श्री महालक्ष्मी, कुमारी, गणेशका साथै अष्टमातृकाका मुखौटाहरू संरक्षण गरिराखेको हुन्छ । जात्रा, दशैं विशेष पर्वमा यो मुखौटा महालक्ष्मी मन्दिर भित्रको प्रस्तरको मूर्ति माथि राखि पूजा गर्ने चलन रहेको छ । फेरि पूजा सकेपछि त्यो मुखौटालाई पूजा गरी द्यः छेँ मा लगेर राख्ने चलन छ । यस मुक छें मा मन्दिरका पुजारी ,गुठीका सदस्यहरू र त्यहाँ सफा गर्ने मान्छेहरू बाहेक अरू कसैलाई पनि प्रबेश गर्न नदिने चलन रहेको छ । यस द्यः छेँ को तोरण पनि चोरी भईसकेको छ ।

### ४.४.३.३१. तधं फल्चा (चित्र नं.५१)

बलम्वुको महालक्ष्मी मन्दिरको ठीक पछाडि यो तधं फल्चा रहेको छ । अहिले यो पुनःनिर्माण गरिरहेको छ । पुरानो संरचना भत्काई नयाँ स्वरूपमा यो पाटी ज्यादै आकर्षक बुट्टा सहितको थामहरूले सुशोभित गरी बनाइएको छ **(चित्र नं.५२)** । स्थानीय नगरपालिकाको

बजेटमा यो पाटीको निर्माण भइरहेको छ । यस फल्चामा पहिला खिं बाजा बजाएर दाफा भजन गाइन्थ्यो । यो फल्चामा एउटा मल्लकालीन अभिलेख पनि रहेको छ । कृष्णाष्टमीको दिन यस फल्चामा कृष्ण लिला झल्किने फोटोहरू प्रदर्शन गर्ने गरिन्छ ।

### ४.४.३.३२. हिटी गाः (चित्र नं.५३)

बलम्बु गाउँमा हिटी गाःको अत्यन्तै महत्व रहेको छ । यहाँको पवित्र जल हरेक पूजामा अनिवार्य चाहिन्छ । यस हिटी गाः मा यहाँ भन्दा करिब दुई किलोमिटर उचाईमा रहेको दहचोक डाँडाको मयलपानी भन्ने ठाउँबाट पानी आएको विश्वास गरिन्छ । मयलपानीलाई नेवारी भाषामा सिरिगाः भन्दछन् । सिरि गाःमा खसेको लोटा हिटी गाःमा निस्केको भन्ने विश्वास गरिन्छ । यस हिटी गाःमा कहिल्यै पनि पानी खाली हुँदैन । खुल्ला भएकोले फोहोर पस्ने डर भए पनि यो हिटी गाः राम्रो अवस्थामा छ ।

### ४.४.३.३३. मल्लकालीन इनार

यो इनार महाँकाल मूर्तिको ठीक अगाडि छ । गहिरो देखिने यो इनारभित्रपट्टि ईंटाले बनेको छ । केहि भाग गोलो फेरी चारपाते र फेरि गोलो र चारपाते हुँदै एवं रितले यो इनार बनेको देखिन्छ । पहिले यो इनार बन्द अवस्थामा थियो भने अहिले खुल्ला रहेको छ । पहिले यो इनारको पानी प्रयोग गरिन्थ्यो ।

### ४.४.३.३४. तुलसी मठ ( हिटी गाः सँग) (चित्र नं.५४)

हिटी गाः सँगै टाँसिएर यो मठ रहेको छ । यो मठको माथिपट्टि सानो प्रस्तरको मन्दिर छ र त्यसमा विष्णुको मूर्ति पनि टाँसिएको छ । अरू पनि मूर्तिहरू भए पनि पहिचान गर्न नसक्ने अवस्थामा रहेको छ । मानिसहरूले तुलसी मठ भनि पूजा गर्ने यस मठमा प्रत्येक दिनका साथै चाडबाडमा पनि पूजा गरिन्छ । हेर्दा लिच्छवीकालीन जस्तै देखिने यो मूर्तिहरूको यकिन भएको छैन ।

### ४.४.३.३५. हिफः द्यः (चित्र नं.५५)

नासः द्यः मन्दिरको बाहिरी दायाँ भित्तामा यो हिफः द्यः रहेको छ । जात्रा, दशै, जस्ता चाडपर्वमा श्री महालक्ष्मी मन्दिरमा पुजा गर्दा चढाइने बलीको रगतलाई यस हिफः द्यः लाई पनि

चढाउनुपर्दछ । खोपिल्टोमा रहेको यो सानो मन्दिर आकारको तोरण पनि केहि वर्ष अगाडि चोरी भईसकेको छ (**चित्र नं.५६**) ।

### ४.४.३.३६. फत्तेश्वर महादेव (चित्र नं.५७)

बलम्वुको हिर्गचाःमा अवस्थित यो मन्दिर महादेवको रहेको छ । एकतले गुम्बज शैलीमा निर्मित यो मन्दिरभित्र ठूलो जलहरी सहितको शिवलिङ्ग रहेको छ । लिङ्गको प्रकृति हेर्दा यो शिवलिङ्ग र जलहरी मल्लकालीन देखिन्छ (**चित्र नं.५८**) । यसमा एउटा गजुर पनि रहेको छ । बलम्वुका मानिसहरू मिलि यस महादेव मन्दिर परिसरमा हरेक महिनाको पहिलो सोमबार भजन कीर्तन पनि गर्दछन् । स्थानीयबासिन्दाहरूले चाडपर्व, जात्रामा यस मन्दिरमा पूजा गर्ने गर्दछ ।

### ४.४.३.३७. नन्दी (चित्र नं.५९)

फत्तेश्वर महादेव मन्दिर अगाडि यो नन्दी रहेको छ । नन्दी साँढे हो, जसलाई शिवजीको बाहन मानिन्छ । शिलादले जमिन खन्दा शिवजीको बरदानबाट नन्दीलाई पुत्रको रूपमा प्राप्त गरेको पौराणिक कथन पाइन्छ (खतिवडा, २०७४, पृ. ६०१) । धेरै पुरानो जस्तो देखिने यो नन्दीको धेरै भागहरू पानीले खाएको जस्तो देखिन्छ । यो नन्दीको धेरै अङ्गहरू चिन्न नसकिने भएको छ ।

### ४.४.३.३८. मल्लकालीन धारा

हिर्गचाःमा रहेको अहिलेको धाराको ठीक मुनि यो धारा रहेको थियो । अहिले पुरिएको अवस्थामा रहेको यो धारा मल्लकालीन हुन सक्ने धेरै सम्भावना रहेको छ । यस धारा को दक्षिण पश्चिम पट्टि केहिवर्ष अगाडि जग खन्दा पुरानो डुंड भेटिएको थियो । पहिला यो धारामा पानी आउँथ्यो भन्ने कुरा स्थानीयबासी श्रीराम श्रेष्ठले बताउनुभयो । हाल नदेखिएको यस धारालाई संरक्षणको खाँचो रहेको छ ।

### ४.४.३.३९. मल्लकालीन इनार (अशोक कपालीको घरभित्र)

हिर्गचाः को एउटा घरभित्र यो इनार रहेको छ । स्थानीय अशोक कपालीको घरभित्र अहिले पनि यो इनार रहेको छ । केहि वर्ष अगाडि घर भित्र इनार खन्ने क्रममा यो इनार

भेटिएको हो । इनार खन्न केहि गहिराई खनेपछि यो इनार देखेपछि मानिसहरूले यो इनारमा केहि अमूल्य वस्तु हुने आशाले भित्रको पानी सबै फाली इनार मुनि खान तलास गरेका थिए । तर केहि सामान नपाएको उहाँले बताउनु भयो । त्यसपछि केहि वर्ष त्यस इनारको पानी चलाएपछि अहिले पानी गन्ध आएकोले सो इनारको पानी निकाल्न बन्द गरिदिएको छ । सो इनार अनुमानित मल्लकालीन रहेको देखिन्छ ।

**४.४.३.४०.बज्र विनायक गणेश मन्दिरको बायाँ अभिलेख (चित्र नं.६०)**

यस बलम्वु बज्रविनयक मन्दिरको भित्तामा दुईवटा अभिलेख रहेका छन् । जसमध्ये यो अभिलेख मन्दिर भित्र मूर्तिको बाँयापट्टि रहेको छ । यस अभिलेखको शिरो भागमा चन्द्रसूर्य र बीचमा गणेश रहेको छ । प्रचलित लिपिमा नेपाल भाषामा लेखिएको यो शिलालेख पश्चिमपट्टि फर्केको छ । शिवराम भारो सहित दाताले प्रस्तर सिंह बनाई प्रतिस्थापन गरेको र मन्दिर जिर्णोद्धारको लागि भत्काएको व्यहोरा यस अभिलेखमा रहेको छ ।

**४.४.३.४१. बज्र विनायक गणेश मन्दिरको दायाँ अभिलेख (चित्र नं.६१)**

यो अभिलेख पनि बलम्वुको बज्रविनायक मन्दिरको भित्तामा रहेको छ । यो अभिलेख गणेश मन्दिरको दायाँ रहेको छ । यस शिलालेखको शिरो भागमा सूर्य अङ्कित छ र बाँकी भाग पढ्न नसकिएको छ ।

**४.४.३.४२. दथु फल्चा भित्रको अभिलेख (चित्र नं.६२)**

बलम्वुको बीच भागमा दथु फल्चाको भित्रको भित्तामा यो अभिलेख रहेको छ । देवनागरी लिपिमा नेपाल भाषामा लेखिएको यो अभिलेख पूर्व फर्किएको छ । शिलालेखको अक्षर त्यति स्पष्ट नभएको यो अभिलेखमा दाताहरूले धर्म चित्त उत्पत्ति भई आयस्ता आउने खेत संकल्प गरिदिएको व्यहोरा यसमा उल्लेख छ ।

**४.४.३.४३. तुलसीमठको शिलापत्र (चित्र नं.६३)**

यो शिलापत्र लाछिको तुलसीमठमा रहेको छ । दक्षिण फर्केको यो शिलालेख प्रचलित नेपाल लिपि र नेपाल भाषामा रहेको छ । बलम्वुका क्वाथः लाछैंका पूर्णसिंह भारो तथा उनका पत्नी श्यामाले विष्णुदेवल बनाई नारायण प्रतिस्था गरेको व्यहोरा यस शिलालेखमा रहेको छ ।

यस शिलालेखमा नेपाल सम्बत् ८८३ (वि.सं. १८२०) बैशाख शुक्प त्रयोदशी सोमबार लेखेको छ ।

**४.४.३.४४. नमरा चैत्यको अभिलेख (चित्र नं.६४)**

बलम्वुको नमरा चैत्यको उत्तर पश्चिममा यो अभिलेख रहेको छ । प्रस्तरले बनेको यो शिलालेख प्रचलित नेपाल लिपिमा नेपाल भाषामा रहेको छ । पश्चिमाभिमुख यस शिलालेखमा शिव सिंह भारो, बेखासिंह भारो आदि सक्कलको धर्मचित्त उत्पत्ति भई चैत्य स्थापना गरेको व्यहोरा यसमा रहेको छ ।

**४.४.३.४५. बायाँ सिंहको पछाडिको अभिलेख (चित्र नं.६५)**

यो अभिलेख पासीननिको हारति माताको बायाँ सिंहको ठीक पछाडि रहेको छ । सिंहको बायाँ पट्टिको शिलालेखमा शिरोभागमा चन्द्रसूर्य रहेको र बीचमा त्रिशुल रहेको छ । यो शिलालेख प्रचलित नेवारी लिपिमा लेखेको छ । साथै नेपाल भाषामा रहेको छ । यस शिलालेखमा यस मन्दिरमा पूजापाठको लागि रकमको व्यवस्था गरेको उल्लेख छ ।

**४.४.३.४६. दायाँ सिंहको पछाडिको अभिलेख (चित्र नं.६६)**

यो अभिलेख हारति माताको दायाँ सिंहको ठीक पछाडि रहेको छ । सिंहको दायाँ पट्टिको शिलालेखमा शिरोभागमा चन्द्रसूर्य रहेको र बीचमा बुद्ध रहेको छ । यो शिलालेख प्रचलित नेवारी लिपिमा लेखेको छ । साथै नेपाल भाषामा रहेको छ । यस शिलालेखमा भ्रातेपुरका सिद्धिराम भारो सहितले खेत गुठी राखिदिएको उल्लेख छ ।

**४.४.३.४७. पिङ्गलस्थानको मल्लकालीन अभिलेख (चित्र नं.६७)**

यस पिङ्गलस्थानको शिलालेख मल्लकालीन रहेको छ । नेपाल सम्बत् ८२९ अङ्कित यस शिलालेखमा राजा वीर महेन्द्रको पालामा शिव कल्याण भारो लगायत दाताहरूले चामुण्डा मन्दिरमा प्रस्तरको सिंह जोडी प्रतिस्था गरेको उल्लेख गरेको छ । नेपाल भाषा लिपिमा लेखेको सो शिलालेख नेपाल भाषामा रहेको छ । यस शिलालेखको शिरो भागमा चन्द्र सूर्य र बीचमा खड्ग रहेको छ । यो शिलालेख ठीक अवस्थामा रहेको छ ।

**४.४.३.४८. श्री महालक्ष्मी मन्दिर अगाडि सिंहसँगको शिलापत्र (चित्र नं.६८)**

यो शिलापत्र श्री महालक्ष्मी मन्दिरको बायाँ सिंहको पछाडिपट्टि राखिएको छ । पश्चिमाभिमुख यो शिलापत्रको माथिल्लोपट्टि चन्द्र सूर्य र बीचमा खडक रहेको छ। नेपाल सम्बत ७८७ (वि.सं. १७२४) को यस शिलालेखमा प्रचलित नेपाल लिपि र नेपाल भाषा रहेको छ। श्री महालक्ष्मी मन्दिरमा राजा प्रताप मल्लको पालामा गुनसिंह भारोले एक जोडी सिंह बनाई संक्रान्ति गुठी स्थापना गरेको उल्लेख यस अभिलेखमा रहेको छ।

**४.४.३.४९. नास द्यः मन्दिरमा टाँसिएको शिलापत्रहरू (चित्र नं.६९)**

बलम्वु गाउँको श्री महालक्ष्मी मन्दिरको ठीक अगाडि नास द्यःको मन्दिरमा तीनवटा मल्लकालीन अभिलेख टाँसेर राखेको छ। यी तीनवटा शिलापत्रहरू लहरै राखेका छन् । पहिलो शिलापत्र अलि सानो रहेको छ । यस शिलापत्रको माथिल्लोपट्टि चन्द्र सूर्य र बीचमा त्रिशुल अंकित छ। बलम्वु देशका पूणिसिंह भारो र पत्नी श्यामाले दाफा भजनको लागि भजन खलक गठन गरेको यस शिलालेखमा उल्लेख छ।

दोस्रो बीचको शिलालेखमा बलम्वु बस्ने नरसिंह महर्जनले वि.सं. १९६६ मा महालक्ष्मीको पूर्वपट्टिको ढोका बनाई बाटोमा ढुङ्गा छाप्ने कार्य गरेको उल्लेख छ । यस शिलापत्रको माथिल्लो पट्टि चन्द्र, सूर्य रहेको छ भने देवनागरीमा लेखिएको र भाषा नेपाली रहेको छ।

तेस्रो शिलालेख ने.सं. ८९० (वि.सं. १८२७) को रहेको छ। यस शिलालेखको शिरो भागमा चन्द्र सूर्य र बीचमा त्रिशुल अङ्कित छ। प्रचलित नेपाल भाषाको यो शिलालेखमा नेपाल भाषा रहेको छ । पृथ्वीनारायाण शाहले उपत्यका जितेपछि बलम्वुका प्रधान, काजी वंशराज पाण्डे, द्वारे धनराज आले, कृष्ण देव गोपालिक यी सकल भई बलम्वुका कथामा आधारित नाटक मञ्चन गरेको उल्लेख गरेको छ। त्यस्तै गरी पाद पीठमा आठ पंक्तिको दाताहरूको नाम अंकित छ।

**४.४.३.५०. मुक छें अगाडिको शिलापत्रहरू (चित्र नं.७०)**

बलम्वु महालक्ष्मी मन्दिर सँगैको मुकः छेँ अगाडि असरल्ल रूपमा मूर्ति तथा शिलापत्रहरू राखेको छ । अस्तव्यस्त हुने गरी राखेका यी सम्पदाहरूलाई उचित व्यवस्थापन

गरिनु पर्ने देखिन्छ । शिलापत्र तथा मूर्तिहरू तेल तथा फोहरहरूले ढाकेर नष्ट भइरहेका छन् । शिलापत्रहरू पनि पढ्नै नसकिने गरी फोहोरले ढोकेर रहेका छन् ।

यस मध्ये एउटा शिलापत्र अलि पढ्न सक्ने अवस्थामा छ । जुन शिलापत्रमा ने.सं. ८०१ (वि.सं. १७३८) अङ्कित छ र शिलापत्रको माथिल्लो भागमा चन्द्र सूर्य र बीचमा खड्ग छ । प्रचलित नेपाल लिपिमा यो अभिलेखमा यो भाषा रहेको छ । पूर्वाभिमुख सो शिलालेखमा भवानी शंकर र हरिहरजुले महालक्ष्मी प्रिति कामना गरी पहराको व्यवस्था गरेको उल्लेख छ (**चित्र नं.७१**) ।

बाँकी तीनवटा अभिलखे पढ्नै नसकिने गरी तेल र धूलोले ढाकेको छ । तीनवटै शिलालेख प्रस्तरको रहेको छ । एउटाको शिलालेखमा चाहिँ शिरो भागमा खड्ग रहेको छ । तर पाठ पढ्न नसकिएको छ भने एउटा शिलालेखको शिरो भागमा हनुमान मूर्ति अंकित छ तर यस शिलालेखमा केहि पनि पढ्न नसकिएको अवस्था छ र यो शिलालेख खण्डित पनि छ ।

यी शिलालेखहरू सँगै रहेको मूर्तिहरू पनि छिटोभन्दा छिटो संरक्षण गर्नु पर्दछ ।

### ४.४.३.५१. तधं फल्चाको गाह्रोमा रहेको शिलापत्र (चित्र नं.७२)

यो अभिलेख महालक्ष्मी मन्दिरको ठीक पछाडि रहेको तधं फल्चाको भित्तामा रहेको छ । शिरो भागमा चन्द्रसूर्य र बीचमा खड्ग अंकित यो शिलापत्रमा देवनागरी लिपिमा लेखिएको छ र नेपाली भाषा रहेको छ । बलम्वु हाम्नानीका भद्रसिंह भावोका एकल परिवारले बनाएको यो धर्मशाला कालान्तरमा भत्कि बिग्रिएमा उनकै सन्तानले जिर्णोद्धार गर्नु भन्ने कुरा यस शिलालेखमा उल्लेख गरिएको छ ।

### ४.४.३.५२. मल्लकालीन अभिलेख

महालक्ष्मी मन्दिर सम्बन्धि मल्लकालीन अभिलेख यहाँ रहेका छन् । महालक्ष्मी मन्दिरसँगै, नासः द्यः को बाहिरी भित्ता तथा मुक छेँ को बाहिरी भित्तामा पनि मल्लकालीन अभिलेख रहेको छ । श्री निबासमल्लको ने.सं. ७८७ को सो अभिलेखमा यस गाउँका प्रमाण लधुनाथ भारोको कार्यकालमा गुणसिंह भारोले सिंह चढाएको उल्लेख छ । त्यस्तै ने.सं. ८०८को अभिलेखमा राजा योगनरेन्द्र मल्लको पालामा यहाँका दारे रामचन्द्र भारो, सिदेश्वरी भयी भारो तथा महेश्वरी भयी भारोले श्री महालक्ष्मी देवीको चरणमा सालिक चढाएको उल्लेख गरिएको छ ।

### ४.४.३.५३. दक्षिण ढोका

मल्लकालमा बलम्वुलाई भ्रात्येपुरी वा भरत्येपुरी या बलम्वु देश भनेर मल्लकालीन अभिलेखमा लेखिएको पाइएको छ। त्यहि भएर त्यो गाउँ एउटा पर्खालबाट घेरिएको छ, जसलाई यो गाउँका बासिन्दाहरू दे पखाः भन्दछन् । त्यस्तै गाउँ छिर्नलाई पनि ढोकाहरू रहेको छ । अहिले तीनवटा ढोकाहरू दक्षिण ढोका, पूर्वी ढोका र उत्तर ढोका अस्तित्वमा रहेको छ भने पश्चिम ढोकाको यकिन भएको छैन ।

समाजलाई शत्रुहरूबाट जोगाउने प्रयोजनका लागि शहरका किल्ला वा गढहरू बनाउने र त्यस्ता गढहरूमा बलिया ढोकाहरू निर्माण गर्ने परम्परा आदिम मानिसहरूले आरम्भ गरेको हो । यस्ता गढ, पर्खाल र ढोकाहरूको इतिहास मानव सभ्यता जतिकै पुरानो छ । ( आचार्य, नेप्लिज कल्चर, भोल्. १५, पृ. ६७)

यहाँका ढोकाहरू कति पुराना हुन् भनेर ठ्याक्कै थाहा नभएता पनि अलि पुरानै भएको प्रतित हुन्छ । पहिला यो तीनवटा ढोकाहरू होचो थियो भने पुनर्निमाणको क्रममा दक्षिण ढोका र पूर्वी ढोका अलि ठूलो बनाइएको छ भने उत्तर ढोका पहिला जस्तो थियो त्यस्तै रूपमा रहेको छ ।

बलम्वुको दक्षिण ढोका पुखुसिमा रहेको छ भने पूर्वी ढोका ओपी टोलमा रहेको छ । त्यस्तै सिम्बहाल नजिकै गर्छैं जाने बाटोमा उत्तर ढोका रहेको छ ।

### ४.४.३.५४.लुकुम्बहाल (ढुङ्गाको मण्डप)

बलम्वुको हाम्नानी गल्ली भित्रबाट यस लुकुम्बहालमा जान मिल्छ भने गणेश मन्दिर बज्रविनायकको पछाडि वपि टोलबाट पनि यस स्थानमा जान मिल्छ । यो एउटा बहाः भएकोले यसको नाम लुकुम्बहा (लुकुम्बहाल) राखिएको छ । गुँला पर्वमा यस स्थानमा बाजा बजाएर घुम्ने चलन छ जसलाई बहाः चा हिलेगु भनेर भन्दछन् । यहाँ कुनै देवता राखिएको छैन । पहिले यहाँ ढल निकालेर फोहोर गरिएको हुन्थ्यो भने हाल यहाँ सफा गरिएको छ ।

### ४.४.३.५५. चीधं फल्चा

महालक्ष्मी मन्दिरको पूर्वपट्टि हाम्नानी जाने बाटोमा यो फल्चा रहेको थियो । वि.सं. २०७२ साल बैशाख १२ को भूकम्पमा क्षतविक्षत् भई भत्केपछि यो पाटीको नाम निशाना छैन ।

विहान, बेलुका, दिउँसो बुढापाकाहरूलाई जमघट भई बस्ने ठाउँको रूपमा रहेको यो फल्चाको पुनः निर्माण हुन सकेको छैन ।

**४.४.३.५६. नारायण मन्दिर (चित्र नं.७३)**

भगवान विष्णुलाई नारायण पनि भनिने भएकोले विष्णुको चार हात सहितको मूर्ति भएको मन्दिरलाई नारायण मन्दिर भनिन्छ । बलम्वु गाउँको बज्र विनायक मन्दिर नजिकै रहेको यस नारायण मन्दिरमा पनि भगवान विष्णुको चार हात सहितको मूर्ति प्रतिस्थापन गरिएको छ । हरेक चाड पर्वमा यस बलम्वु गाउँमा गणेश, महालक्ष्मीका साथै नारायणको पनि पूजा गर्दछन् । पूजा गर्नुका साथै परिक्रमा गर्ने चलन पनि रहि आएको छ ।

वि.सं. २०७८ सालमा यस मन्दिरको पुरानो संरचना भत्काई अझ राम्रो हुने गरी पुनः निर्माण गरिएको छ । एक तल्ले झिंगटीले छाएको यो मन्दिर एक तह पेटी माथि राखिएको छ । भगवानको दर्शन गर्न खुट्किला चढेर जानु पर्ने गरी बनाइएको छ । पश्चिमाभिमुख यो मन्दिर छाने शैलीमा बनेको छ । सानो सानो टुँडाल पनि रहेको यस मन्दिरमा एउटा गजुर पनि राखिएको छ ।

**४.४.३.५७. तग्वः ल्हों (चित्र नं.७४)**

पासिंननी गल्ली भित्र स्थानीय कालुभाइ महर्जनको घरसँगै यो तग्वः ल्हों (ठूलो ढुङ्गा) टाँस्सिएर रहेको छ । यस तग्वः ल्होंलाई तस्वा ल्हों पनि भन्दछन् । हेर्दाखेरी अभिलेख जस्तो देखिने यो ढुङ्गालाई मानिसहरूले पूजा गर्छन् । अभिलेख कुद्न ठिक्क पारिसकेको तर अक्षर कुद्न बाँकी रहेको ढुङ्गा जस्तो देखिन्छ । लगभग ३ फिट लामो र २ फिट चौडा जस्तो देखिने मोटो ढुङ्गा रहेको छ । अलि ढल्केको यो ढुङ्गा पूजा गरेर रातै देखिएको छ । हरेक चाडपर्व र दिनदिनै यस शिलामा पूजा भएको जस्तै देखिन्छ ।

**४.४.४. आधुनिक कालीन सम्पदाहरू**

**४.४.४.१. प्रणिधि पूर्ण महाविहार (चित्र नं.७५)**

विहार बौद्ध वास्तु हुन् । जहाँ भिक्षुहरू बस्दछन् । विशेष गरी थेरवादी र महायानीहरू विहारमा बस्दछन् । बौद्ध भिक्षु, अनागारिका बस्ने ठाउँ नै विहार हो ।

बलम्वुको प्रणिधि पूर्ण महाविहार पनि विशेषतः बौद्ध भिक्षु, अनागारिका बसेर बुद्धको पूजा पाठ गर्नको लागि नै बनेको हो । वि.सं. २००४ सालमा यहाँका बासिन्दाहरू मिलेर कीर्तिपुरका कपालीसँग ६०१ रूपैयाँमा जग्गा किनेर यो विहार बनाइएको थियो । यस विहार भित्र ध्यान गर्ने ठाउँ, बुद्धपूजा गर्ने ठाउँ बनाइएको छ । त्यस्तै भिक्षु, अनागारिका बस्ने अलग कोठाहरू पनि बनाइएका छन् । बाहिर बुद्धपूजाको लागि चैत्य पनि बनाइएको छ । अनेक प्रकारका फूलहरू रोपी उद्यान पनि बनाइएको छ । अहिले यस विहारमा बस्नुहुने सुख भन्तेको पहलमा हालसालै नयाँ भवन पनि बनिरहेको छ । त्यस्तै बुद्धपूजा गर्ने भवनको माथिपट्टि ध्यान गर्नको लागि ठूलो कोठाको निर्माण गरेको छ । बाहिर पर्खाल लगाएको छ र भित्र जान फलामको ढोका राखेको छ । ढोकाको माथिपट्टि फलामको धर्मचक्र बनाएर त्यसमाथि बौद्ध झण्डा राखिएको छ ।

यस विहारमा भिक्षु, अनागारिका बस्ने, बुद्ध पूजा गर्नुका साथै बौद्ध शिक्षा पनि दिने गरिन्छ । कोहि बुद्ध शिक्षा ग्रहण गर्न चाहेमा बुद्ध सम्बन्धी परियत्ति शिक्षा पनि दिने गरिन्छ । यहाँ हरेक वर्ष परित्राण पाठ कार्यक्रम गर्नुका साथै वर्षावास र कथिनदान महोत्सव पनि मनाइने गरिन्छ । साथै समय समयमा अष्टपरिष्कार (अन्तरवास, उत्तरासंग, संघाटि, चाल्नी, सियो धागो, कायबन्धन, खोचा, पात्र) दान गर्ने गरिन्छ ।

नेपालका पुराना थेरवाद विहारहरू मध्ये प्रणिधि पूर्ण महाविहार पनि एक हो । यो विहार चन्द्रागिरी नगरपालिका वडा नं. १२ बहिथ टोल, बलम्वु काठमाडौंमा अवस्थित छ । नेवारहरू समुदायको बसोबास रहेको यस गाउँमा धर्म प्रचारका लागि पूज्यपाद भिक्षु कर्मशील ( प्रज्ञानन्द) महास्थविर भन्ते वि.सं. १९९४ सालमा पाल्नु भएको थियो । २ महिनासम्म गाउँको उत्तर दिशामा पर्ने सत्तलमा बसेर गाउँबासीहरूलाई उपासकत्व प्रदान गरी शील प्रदान गर्नु भएको थियो ।

भिक्षु कर्मशील महास्थविरले बुद्धपूजा, शील र धर्मका बारेमा प्रचार गर्नु भएता पनि न्यून मात्र उपासक उपासिका भएकोले उपासक उपासिकाहरू बढाएर धर्म प्रचार प्रसार गर्न वि.सं. १९९९ सालमा भिक्षु पञ्च बलम्वु गाउँमा आउनु भएको थियो । विहार निर्माणका क्रममा वर्षाले धेरै नोक्सान पुऱ्याए पनि उपासकहरूको निरन्तर प्रयासले विहार निर्माण कार्य सम्पन्न भयो ।

विहार निर्माण गर्न गणेशलाल श्रेष्ठ, देवदास महर्जन, सुकुसिं महर्जन, साहिला महर्जन, लाल महर्जन, तित महर्जन, धनसिं महर्जन, नरसिं महर्जन, आशामरू श्रेष्ठले आर्थिक सहयोग

गर्नुभएको थियो । धेरै नै संघर्ष र प्रण गरेर स्थापना गर्न सफल भएकोले यस विहारको नाम प्रणिधि पूर्ण महाविहार भनि नामाकरण गरेका थिए ।

वि.सं. २००० सालमा राणाहरूले भिक्षुहरूलाई देश निकाला गरेको समय बलम्वुका श्रद्धावान उपासकहरू कर्मशील भन्ते सहित अन्य भिक्षुहरूलाई लुकाएर भिक्षुहरूको जीवन रक्षा गरेका थिए । हालसम्म यस विहारमा भिक्षु प्रज्ञानन्द महास्थविरदेखि भिक्षु गुणघोष महास्थविर भन्तेहरूको पावन स्पर्श भएको छ ।

### ४.४.४.२.पोखरी (बुद्धमूर्ति सहित) (चित्र नं.७६)

अन्दाजी ११ वर्ष पहिला यस बुद्ध पोखरी रहेको स्थानलाई पुखुसि भनिन्थ्यो । ११ वर्ष अगाडि यस पोखरीमा बुद्धको मूर्ति राखेको थिएन । पोखरीमात्र थियो । पोखरी भित्र जानलाई सिंढी मात्र राखिएको थियो । पोखरी पनि फोहर थियो । त्यति सफा थिएन ।

स्थानीय गणेशमाया महर्जनको पहलमा थाइल्याण्डबाट मुचलिन्द नागले ओढाएको बुद्धको मूर्ति ल्याएको ६ वर्षपछि वि.सं. २०७५ चैत्र ८ गते स्थापना गरिएको थियो । हरेक हप्तामा एक चोटि बुद्ध पूजा पाठ गर्ने गरिएको र हरेक औंशी, अष्टमी, पूर्णिमाको दिनमा विशेष पूजा हुने गरेको स्थानीय गणेशमाया महर्जनले बताउनु भयो । यस पोखरीमा मन्दिर बनेदेखि सफा गर्ने, बत्ती बाल्ने कामहरू उहाँले गर्दै आइरहनु भएको छ । गुँला पर्वको एक महिनाभरि बुद्ध पूजा पाठ गर्ने र पालैपालो प्रसाद पनि खुवाउने गरेको बताउनु भयो । साथै बुद्ध पूर्णिमाको दिन उल्लासका साथ बुद्ध पूजा गरी जात्रा पनि गर्ने गरिन्छ ।

### ४.४.४.३. पवित्र चारवटा ढुङ्गा (सिल्चा द्यः न्हव गर्ने)

क्वाथ परिसरमा करूणामय मन्दिरको नजिकै एउटा ठूलो ढुङ्गा खाँबो जस्तै ठड्याएर राखिएको छ र त्यो ढुङ्गा नजिकै अरू साना साना तीन वटा ढुङ्गाहरू पनि गाडिएको छ । पहिले पहिले त्यो चारवटा ढुङ्गा बराबर हुनुपर्छ किनकी त्यो ठाउँमा कुमार देवता (सिल्चा द्यः) को न्हवं (नुहाइ दिएर पूजा) गर्ने गरिन्थ्यो । सिल्चह्रेको दिनमा यहाँ सफा गरेर कुमार देवतालाई नुहाउने कार्यक्रम गरिन्थ्यो जसलाई नेवारीमा ‘न्हवं यायगु’ भनेर भनिन्छ । सिल्चह्रेको दिनमा कुवा, खाइ, पोखरी, धारा सफा गर्ने गर्दछन् ।

महादेवको स्खलित वीर्यबाट जन्मेकाले कुमारलाई स्कन्द कुमार पनि भन्ने गरिन्छ । साथै दृष्ट संहारक देवताको रूपमा पनि लिने गरिन्छ । सिल्चह्रेको दिन ढल, कुवा, पोखरी सफा

गरी बाह्रा पकाइ पूजा गरी खाने चलन नेवार समुदायमा चलि आएको छ। सिल्चह्रेको दिन पूजा गर्ने भएर होला, कुमारलाई सिल्चा द्यः पनि भनिन्छ।

कुमार देवताको चोरी भएपछि यहाँ न्हवं गर्न रोकिएको र अब पूजा गर्न सिल्चह्रेको दिन जैसिदेवलको कुमार मन्दिर जाने चलन रहि आएको छ । बलम्वुबाट पूजा नगईकन दैसिदेवलमा कुमारको जात्रा शुरू नहुने बताइन्छ । बलम्वुबाट पूजा गइसकेपछि मात्र जैसीदेवलमा कुमारको जात्रा शुरू हुने चलन छ (अन्तर्वार्ता)।

### ४.४.४.४. करूणामय (चित्र नं.७७)

बलम्वु गाउँभित्र छिर्ने पश्चिम द्धारको नजिक क्वाठ छेँको ठीक बाहिर पूर्वपट्टी यो मूर्ति रहेको छ। प्राणी मात्रलाई अपार करूणा गर्ने देवताको रूपमा यिनलाई करूणामय भनिएको पाइन्छ। यिनलाई नाथ सम्प्रदायको आचार्य तथा सिद्ध पनि मानिन्छ। लिच्छवि राजा नरेन्द्रदेवले नेपालमा उपत्यकाको खडेरी हटाउन आचार्य बन्धुदत्त नाथका तान्त्रीकको सहयोग लिई आसामबाट ल्याएको उल्लेख छ । यिनलाई बौद्ध तथा हिन्दू दुवै सम्प्रदायले पूजा गर्ने चलन रहिआएको छ । बलम्वु कुमटोल निवासी पाःन महर्जनको छोरा नरसिं महर्जनले वि.सं. २०१२ सालमा यो मन्दिर बनाएको कुरा बेखालाल महर्जनले बताउनु भयो। उहाँले आफू २ वर्षको हुँदा सो मन्दिर आफ्नो बुबाले बनाएको बताउनु भयो । खानीखोलाबाट ढुङ्गा ल्याएर ललितपुरबाट कालिगड झिकाएर यो करूणामयको मूर्ति बनाउनु भएको बताउनु भयो । उहाँहरूले पहिले पहिले आफैं करूणामयको पूजा पाठ गर्नु हुन्थ्यो भने लगभग २० वर्ष अगाडि उहाँहरूले पूजा पाठ गर्ने जिम्मा तःधं लिबि निबासी पूर्ण महर्जनलाई जिम्मा दिएको बताउनु भयो। अहिले भने तुइसिं महर्जनको छोरा पूर्ण महर्जनले करूणामयको पूजा पाठ गर्ने, सफा गर्ने जिम्मा लिनु भएको छ । उहाँले महिनाको पहिलो दिन किकिम्पा (मुकुट) राखी बिहान सबेरै पूजा गर्ने तथा चाडपर्व, दशैं, जात्राको दिन पनि मुकुट राखी पूजा गर्ने चलन रहेको पूजारी पूर्ण महर्जनको छोरी गणेशमाया महर्जनले बताउनु भयो।

### ४.४.४.५. भगवान बुद्ध (चित्र नं.७८)

बलम्वु गाउँको क्वाठछें सँगै भगवान बुद्धको मूर्ति राखिएको छ । पद्मासन बसि ध्यान मुद्रामा बसेको यस बुद्ध मूर्तिलाई वि.सं. २०१४ सालमा शंखलाल महर्जन ले स्थापना

गरेको हो । यस गाउँको हिन्दूका साथै बौद्ध धर्म मान्ने समुदायहरू पनि रहेकाले बुद्धको मूति राखेको स्पष्ट हुन्छ । त्यसो त यहाँ विहार चैत्य पनि रहेको छ ।

बुद्धको अर्थ बुद्धि वा ज्ञान भन्ने हुन्छ । बौद्ध धारणा अनुरूप चतुर्आर्य सत्य र आर्य अष्टांगिक मार्ग अवलम्ब्न गर्ने मान्छे जन्म मरणदेखि मुक्ति हुन्छन् भन्ने मान्यता रहेको छ । चार आर्य सत्यअन्तर्गत संसारमा दुःख छ , दुःखको कारणहरू हुन्, दूःख हटाउन सकिन्छ र दुःख हटाउने उपायहरू रहेका छन् भन्ने हुन्छ । त्यस्तै आर्य अष्टांगिक मार्ग अन्तर्गत दुःख निवारण गर्ने आबद्धता बाटाहरू रहेका छन् जसअन्तर्गत सभ्यक दृष्टि, सम्यक बचन, सम्यक कर्म, सम्यक संकल्प, सम्यकजीविका, सम्यक प्रयत्न, सम्यक स्मृति र सम्यक समाधि ।

नेपालको लुम्बिनीमा जन्मेर २९ वर्षको उमेरमा घर छोडेर हिँडेका गौतम बुद्धले ज्ञान प्राप्त गरिसकेपछि अनेक ठाउँ आफूले गरेका ज्ञान छदै नेपालको कपिलवस्तु आइपुगेको उल्ले्ख अनेक बौद्ध ग्रन्थमा छ । जस अनुसार ज्ञान प्राप्ति पछि आफ्नो बुबा शुद्धोधनलाई भेट्न तथा आफन्तजनलाई ज्ञान बाड्नको लागि मात्र आफ्नो घर फर्केका थिए । यसरी बाँचुञ्जेल राज्य सुख सयललाई त्यागि ज्ञान बाँड्दै हिँडेका भगवान बुद्धको महापरिनिर्वाण पछि उनको अस्तुलाई सम्राट अशोकले ८४ हजार ठाउँमा स्तम्भ बनाइ गाडिएको उल्लेख छ । यसरी बुद्ध धर्म प्रचारको क्रममा कालान्तरमा बुद्ध पुजाको प्रचलन बढेको देखिन्छ । सुरूमा बुद्धलाई प्रतिकको रूपमा कमल, धर्मचक्र, मृगशावक आदि देखाइन्थो भने ईशाको सुरू बुद्धमूर्तिको प्रचलन आएको देखिन्छ । त्यसैको विस्तार हुँदै भारतवर्षको अनेक प्राप्त हुँदै नेपालमा पनि बुद्ध मूर्तिको प्रसार हुँदै गएको उल्लेख छ । सातौं आठौं शताब्दीमा नेपाल आएका पद्मसम्भवलाई पनि बुद्धको अवतार मानि पूजा गर्ने चलन छ । नेपालमा लिच्छवि कालमा पनि बौद्ध धर्म मान्ने सम्प्रदाय थियो भने मल्लकालमा आएर बौद्ध धर्म मान्ने मान्छेहरू व्यापक भए । बौद्ध धर्म बाहेक हिन्दूले पनि बुद्ध शिक्षा ग्रहण गरेपछि नेपालमा बौद्ध धर्म मान्ने मान्छेहरू बढ्दै गए ।

नेपालमा बौद्ध र हिन्दू सम्प्रदायका दुवै मानिसहरूले बुद्ध पुजा गर्ने भएर बुद्ध धर्मको किर्ति अझ उन्नत हुँदै गयो । नेपालमा प्रमुख तिर्थस्थलहरू मूक्तिनाथ, स्वयम्भु, बौद्ध, मत्स्येन्द्रनाथ, लोकेश्वर आदि ठाउँमा बौद्ध र हिन्दू सम्प्रदायहरूले पुजा गर्दछन् । त्यसरी नै पशुपतिनाथ जस्तो शुद्ध हिन्दू धार्मिक स्थलमा पनि कार्तिकमा मुखः अष्टमीको दिन शिव लिंगमा बुद्धको मुखौटाहरू राखेर पूजा गर्दछन् । यसरी हिन्दू तथा बौद्धधर्म सम्प्रदायका मानिसहरू एकापसमा मिलि पूजा गर्ने भएर नेपालमा बुद्ध धर्म फैलिँदै गएको पाइन्छ ।

नेपालमा धेरै विहार तथा गुम्बाहरू रहेका छन् जहाँ बौद्धहरूले दिनहुँ पुजा आजा गर्दछन् । त्यसरी नै बहा बहिहरूमा बौद्ध शिक्षा दिइन्छ ।

यसरी नेपालमा धेरै फस्टाएको बौद्ध धर्म बलम्वु गाउँमा पनि राम्रोसँग फस्टाएको छ । हरेक वैशाख पुर्णिमाको दिनमा यहाँ बुद्धको भव्य जात्रा हुन्छ । सबै गाउँलेहरू मिलि बुद्धलाई खटमा राखी बाजा गाजा सहित गाउँ परिक्रमा गर्दछन् । एकदम हर्षोल्लासका साथ बुद्ध पूजा गर्ने गरिन्छ ।

**४.४.४.६. कुलदेवता (पासिंख्यको) (चित्र नं.७९)**

बलम्वुका महर्जनहरूको एक समूहको कूल देवता रहेको यस शिलाहरूलाई यहि स्थानको सय मिटर जति परको पासिंख्य भन्ने ठाउँबाट सारेर यस स्थानमा स्थापना गरेको स्थानीय राजकिरण महर्जनले बताउनु भयो । पासिंख्यमा ठूलो खोला आएर बगाउन लागेपछि यस कूल देवतालाई यस स्थानमा स्थानान्तरण गरेको बताउनु भयो ।

**४.४.४.७.आल्चा द्य मन्दिर (चित्र नं.८०)**

यो मन्दिर हाम्ननी गल्ली भित्र रहेको छ । यस मन्दिरमा चाडपर्वको बेला पूजा गरिन्छ । लगभग ५-६ फिटको सानो मन्दिर रहेको छ । पेट दुखेको बेलामा यस मन्दिरमा पूजा गर्दा पेट दुखेको निको हुन्छ भनेर यहाँका स्थानीय बासिन्दाको भनाई रहेको छ ।

**४.४.४.८. कुलदेवता (चित्र नं.८१)**

यो बलम्वुका स्थानीय श्रेष्ठहरूले आफ्नो देवालीमा पूजा गर्ने ठाउँ हो । मल्लकालको जस्तो देखिने तोरण भित्र शिलालाई स्थापना गरेको छ । ती शिलाहरू नै कुल देवता हुन् । चारैतिर ईंटाले घेरेर सुरक्षित साथ राखिएको यो कूल देवता राम्रो अवस्थामा रहेको छ । विशेष गरेर देवाली, सिठीनखः, दशैंमा कूल देवताको पूजा गर्ने चलन रहि आएको छ ।

**४.४.४.९.भिमसेन मन्दिर (चित्र नं.८२)**

यो भिमसेन मन्दिर वि.सं. २०६७ सालमा स्थापना गरिएको हो । मन्दिर सहितको यो मूर्ति स्थानक मुद्रामा रहेको छ । हात्तीको सुँडलाई बाँया हातले समातेर दायाँ हातले घोडालाई पछार्न लाएको जस्तो देखिने मुद्रामा यो भिमसेन मूर्ति रहेको छ (**चित्र नं.८३**) । हरेक दिन र चाडपर्वमा स्थानीयहरूले यस मूर्तिमा पूजा गर्दछन् ।

### ४.४.४.१०.बटुक भैरव मन्दिर (चित्र नं.८४)

बलम्वुको गलेमा रहेको यो बटुक भैरव मन्दिर स्थानीयहरू मिलेर अन्दाजी बीस पच्चीस वर्ष अगाडि बनाएको हो । मन्दिर भित्र बटुक भैरवको प्रस्तर मूर्ति देख्न सकिन्छ । ललितपुर, लुँखुसी निवासी श्री हरिगोबिन्द मुल्मीले यो मूर्ति राख्नु भएको हो । शिवको उग्र रूप भैरवको अष्टभैरवमध्ये यो पनि एक रूप हो । चाडपर्वको बेला यस मन्दिरमा पूजा हुने गर्दछ ।

### ४.४.४.११.क्षेत्रपाल (चित्र नं.८५)

क्षेत्रपाललाई खेत वा जमिनका देवताको रूपमा मान्दछन् । यसै मान्यतामा खेतीपाति शुरू गर्न तथा शान्ति कर्म र गृह प्रवेशको समयमा क्षेत्रपालको पूजा गर्दछ (खतिवडा, २०७४, पृ. १३५५) ।

क्षेत्रपाललाई दिशाहरूको पालकको रूपमा पनि हिन्दू धर्ममा पूजिन्छन् । शिवको एक अंश मानि क्षेत्रपाललाई पूज्ने गरिएको छ । दृष्ट प्रकृतिको तत्वहरूबाट नगर या गाउँलाई सुरक्षित गर्नको लागि क्षेत्रपालको मन्दिर प्रतिष्ठापन गर्ने गरिन्छ (जोशी, २०७०, पृ. १०१०) ।

बलम्वुको बज्रविनायक गणेश मन्दिको ठीक पछाडिपट्टि एक कुनामा एउटा शिला राखेर क्षेत्रपाल भनि पूजा गरिराखेको पाइएको छ ।

### ४.४.४.१२.दथु फल्चा (चित्र नं.८६)

धेरै पहिलादेखि नै बाटो हिंड्ने बटुवाहरूको लागि विश्राम गर्न फल्चा (पाटी) हरूको निर्माण गरिन्थ्यो । अहिले जस्तो नजिकमा घरहरू नभएकोले टाढा जानु पर्दा बास बस्न या आराम गर्न यस्ता फल्चाहरू बनाइएको हुन्थ्यो । पानी पर्दा ओट लाउन साथै हावाहुरीबाट बच्नको लागि पनि फल्चाहरूको ज्यादा उपयोगी हुन्थ्यो । फल्चाहरू पनि कुनै ठूलो, लामो त कुनै सानो हुन्छ । धर्मात्मा मानिसहरूले धर्म कमाउन पनि यस्ता फल्चाहरू ठाउँ ठाउँमा बनाइ दिएको हुन्थ्यो । अझ यस्ता फल्चाहरू छेउछाउमा धारा पनि हुन्थ्यो । अब फल्चाहरूको अगाडि धारा हुन्थ्यो या धारा भएको ठाउँमा फल्चा बनाउँथ्यो भन्ने कुराको यकिन भएको देखिंदैन । तथापी बटुवाहरूलाई पाटीमा बसेर थकान मेट्न पनि पानीको आवश्यकता भएको हुँदा सँगै धारा या कुवा पनि हुन्थ्यो ।

बलम्बु क्षेत्रमा पनि फल्चाहरू धेरै पाइएको छ । गाउँ भित्र भने फल्चा बनाउनुको उद्देश्य बुढापाकाहरू बिहान भजन गाउने, दिउँसो गफगाफ गर्ने, दिन कटाउने हिसाबले बस्छन् । बलम्बु गाउँ भित्रमात्र करिब सात वटा फल्चा रहेको थियो । तर अहिले चारवटामा सीमित भएको छ । भूकम्पले भत्काएको फल्चाको जिर्णोद्धार नगर्दा फल्चाहरू लोप हुने क्रममा रहेको छ ।

यस दथु फल्चा नारायण मन्दिरसँगै रहेको छ । बलम्बुका बुढापाकाहरू बिहान भजन गर्न यहाँ आउने गर्छन् । हरेक चाडपर्वमा पनि यस फल्चामा भजन गाउनेहरूको भीड लाग्ने गर्दछ । यस फल्चालाई दुई तल्ले बनाइएको छ । तल्लो तल्लामा भजन कीर्तन हुन्छ भने माथिल्लो तल्लामा भजनका सामानहरू राखिएको छ । भजनकीर्तन गर्नको लागि सुकुल, चकटी बिछ्याएर राखिएको छ साथै हार्मोनियम, तबला, माइकहरू जडान गरिएको छ ।

### ४.४.४.१३. द्वारे फल्चा (चित्र नं.८७)

यो फल्चा पनि बलम्बुको लाछिमा नै पर्छ । बुद्ध चैत्यसँगै रहेको यो फल्चालाई द्वारे फल्चा भनिन्छ । बलम्बु जात्राको दिनमा दिउँसो पिङ्गलबाट बलम्बु गाउँ भित्र आउँदै गर्दा सिन्दुर जात्रा गर्दै यो फल्चामा एकछिन बसेर आराम गर्ने र सिन्दुरहरू गुठियारहरू बीच साटासाट गर्दै जलपान गर्ने चलन रहेको छ ।

### ४.४.४.१४. लाछि फल्चा (चित्र नं.८८)

बलम्बुको लाछिमा यो फल्चा रहेको छ । कुनै पनि कार्यक्रम सञ्चालन गर्न यो फल्चा प्रयोग गरिन्छ । धेरै पुरानो रहेको यो फल्चा जीर्ण अवस्थामा छ । जात्रामा सांस्कृतिक कार्यक्रमहरू देखाउनको लागि पनि यो फल्चा प्रयोग गरिन्छ ।

### ४.४.४.१५. द्वारे फल्चामा रहेको शिलालेख (चित्र नं.८९)

बलम्बुको लाछिमा रहेको द्वारे फल्चाः (ढलान पाटी) को भित्तामा यो शिलालेख रहेको छ । शिरो भागमा चन्द्र सूर्य र बीचमा चैत्य रहेको यो शिलालेखमा प्रचलित नेपाल लिपि र

नेपाल भाषा रहेको छ । दक्षिण फर्केको यो शिलापत्रमा धिर्ज नारां सहित एकल पाटी स्थापना गरी त्यसको चिताइदार व्यवस्था गरेको व्यहोरा उल्लेख छ । चुन राखेकाले अक्षरहरू प्रायः अस्पष्ट देखिन्छन् ।

**४.४.४.१६. बुद्ध चैत्य (न्हांकननि भित्र पट्टि) (चित्र नं.९०)**

बलम्वुको न्हाकंननीमा यो चैत्य रहेको छ । कसैको सम्भनामा राखेको हुन सक्ने यो चैत्यको मुनिपट्टि सानो सानो मूर्ति सहित केहि अक्षरहरू पनि कुँदिएको छ । माथिपट्टि छत्र ओडाएको यस चैत्यको बीच भागमा बत्ति बाल्न दलुचाले घेरिएको छ । यो चैत्य आकर्षक रहेको छ ।

**४.४.४.१७.छत्रपाल (न्हांकननि) (चित्र नं.९१)**

न्हाकंननीको चैत्य नजिक यो छत्रपाल रहेको छ । एउटा ठूलो ढुङ्गालाई फलामको बारले घेरेर राखेको छ र बारमा छत्रपाल लेखिएको छ । यस ढुङ्गालाई छत्रपाल भनेर पूजा गर्दछन् । कुनै मूर्तिको आकार नभएता पनि यो शिलालाई पूजा गरी अबिर दलिदिएको छ ।

**४.४.४.१८. पिङ्गल फल्चा (चित्र नं.९२)**

पिङ्गल (शक्ति पीठ) मन्दिरको ठीक अगाडि एउटा फल्चा रहेको छ । यस फल्चा पनि मानिसहरू पानी पर्दा ओट लाग्न हुने हिसाबले बनाएको छ । विशेष गरी बलम्वु महालक्ष्मी जात्राको पहिलो दिन राती होम गरिरहंदा यस फल्चामा बसी काँ बाजा, नाय्खिं बाजा बजाउनु पर्ने चलन रहि आएको छ । त्यस्तै गुठीहरूमा शक्तिपीठमा पूजा हुँदा यस फल्चामा बसेर प्रसाद खाने चलन छ ।

**४.४.४.१९.चि बहाहरू (चित्र नं.९३)**

बलम्वुको गछें भित्र जाने बाटोमै ढ्वाक्सी भन्ने ठाउँमा यी चिबहाःहरू रहेको छ । बाटोको दायाँबायाँ यो चिबहाःहरू रहेको छ । स्थानीय नेकुसिं महर्जन (चैतलाल महर्जन) ले यी चिबहाःहरू स्थापना गरेको स्थानीयबासी वीरकृष्ण महर्जनले बताउनु भयो ।

**४.४.४.२०.गछें फल्चा (चित्र नं.९४)**

बलम्वुको पिङ्गल जाने बाटोको उत्तर ढोकामा यो फल्चा अवस्थित छ । यस फल्चा पनि बलम्वुमा घुम्न आउने मानिसहरू बस्ने बुढापाकाहरू बसेर कुराकानी गर्नको लागि

बनाइएको हो । अहिले यो फल्चामा स्थानीय सरकारले टेलिभिजन राखि दिएको छ तथापी दिनभरि यहाँ आउने बटुवाहरूले टेलिभिजन हेरेर मनोरञ्जन लिने गरिएको छ । साथै मानिसहरूलाई दिन कटाउने माध्यम पनि भएको छ ।

**४.४.४.२१. महा द्यः (सिंबहाल) (चित्र नं.९५)**

सिम्बहाल भित्र ट्याङ्की नजिकै प्रस्तरको दुई वटा शिला ठड्याएर राखिएको छ । यसलाई यहाँका बासिन्दाहरू महादेव मान्दछन् । मानिसहरूले दिनहुँ यस महादेवलाई पूजा गर्ने गर्दछन् । यस देवतालाई चारैतिर फलामको बारले घेरिएको छ । यस महादेवलाई सिम्बहालको मुख्य देवताको रूपमा पुज्ने गरिएको स्थानीय राजकृष्ण महर्जनले बताउनु भयो । फलामको बारको चार कुनामा बत्ती बाल्ने डलुचा पनि राखिएको छ । फलामको बारमै टाँसिएर घण्टी पनि झुण्ड्याइएको छ ।

**४.४.४.२२. कृष्ण मन्दिर (चित्र नं.९६)**

यो कृष्ण मन्दिर हिटि गाः नजिकै रहेको छ । बलम्वुको बीच भागमा रहेको यो मन्दिर आधुनिक कालको रहेको छ । यस मन्दिर भित्रको मूर्तिहरू धेरै नै नयाँ जस्तो देखिन्छ । जसले गर्दाखेरी यी मूर्तिहरू प्रतिमा लक्षणसँग नमिल्दो देखिन्छ । मानिसहरूले दिनहुँ यस मन्दिरमा पूजा गर्ने गर्दछन् ।

**४.४.४.२३. शाहकालीन शिलालेख (चित्र नं.९७)**

यो शिलालेख हिटिगाः नजिकै रहेको कृष्ण मन्दिरसँगै रहेको छ । देवनागरिक लिपिमा लेखेको यो शिलालेख आधुनिक कालको रहेको छ । स्थानीय बासिन्दाहरू यस शिलालेखलाई पूजा गर्ने गर्दछन् ।

**४.४.४.२४. पार्वती (पिङ्गलस्थान) (चित्र नं.९८)**

ईसाको चौथो शताब्दीको शिवको मूर्तिसँगै यो पार्वतीको मूर्ति अवस्थित छ । स्थानक मुद्रामा रहेको यो मूर्ति आधुनिक कालको रहेको छ । तालमान नमिलेको, भद्दा देखिने भएर यो मूर्ति त्यति आकर्षक देखिँदैन । यसभन्दा अघिको पार्वतीको मल्लकालीन मूर्ति चोरी भएपछि यो नयाँ मूर्तिको प्रतिस्थापना गरिएको हो ।

# अध्याय पाँच

## बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरूको बिकासक्रम

### ५.१. परिचय

नेपालको काठमाडौं उपत्यकाको सभ्यता निकै पुरानो छ । तलाउको रूपमा रहेको उपत्यकाको पानी आजभन्दा करीव ३० हजार वर्ष अगाडि तिरै बाहिर बगेपछि यहां बसोबास शुरू भएको हो । उपत्यकामा बसोबास भएपछि शहरी सभ्यताको विकास भयो । उपत्यकाभित्रै मुख्य शहरको छेउछाउमा थुप्रै ससाना गाउँहरू पनि बसे । काठमाडौं क्षेत्र दह हुँदा  थानकोट, मातातीर्थ क्षेत्रमा बस्ती शुरू भइसकेको थियो । गाईपालक, गोपाल तथा भैंसीपालक महिसपालहरूको बस्ती ती क्षेत्रमा भइसकेको थियो, जुन बलम्वु क्षेत्र नजिक छ । यसै क्रममा बलम्वु क्षेत्रमा प्राचीनकालको मूर्ति भेट्नुले यो क्षेत्र ज्यादै पुरानो हो भनेर प्रमाणित भएको छ । प्राचीनकालमा उपत्यका एउटै राज्य थियो, जसलाई राजधानी बनाएर विभिन्न वंशका शासकहरूले शासन गरे ।'

इसापूर्व कालमा काठमाडौंलाई केन्द्र बनाएर गोपाल, आभिर, किरात र लिच्छविहरूले शासन गरे । काठमाडौं उपत्यका बसोवास योग्य भएपछि सर्वप्रथम पशुपालक समुह उपत्यकामा बसेको अनुमान छ । वंशावलीहरूले उपत्यकामा पहिले बसोबास गर्ने जाति गोपाल थियो भनेको छ जसले पशुपालनयुगको प्रतिनिधित्व गर्दछ । त्यस बेलामा यहाँ शासन गर्ने गोपाल, आभिर र किरातहरूका बारेमा वंशावलीहरूका आधारमा जानकारी पाउन सकिन्छ । काठमाडौंलाई केन्द्र बनाएर इसाको सुरूवात भएपछि भने लिच्छविहरूले शासन गर्न लागे । मध्यकालमा यहां मल्लहरूले शासन गरे भने त्यसपछि आधुनिक कालमा शाह राज्यको स्थापना भयो ।

### ५.२. तलाउको रूपमा रहंदाको काठमाडौं र बलम्वु क्षेत्र

काठमाडौं उपत्यका एक विशाल तलाउका रूपमा रहेको प्रमाणित भई सकेको छ । तर पनि काठमाडौं उपत्यकाको उत्पत्ति र मानवको बसोवासको सुरूवातका सम्बन्धमा अनेक प्रकारका तर्क, लोकोक्ति तथा किंवदन्तीहरू पाइएका छन् । त्रेता युगमा महाचीनबाट मन्जुश्री काठमाडौंमा आएछ र उनले खड्गले चोभारको डाँडा काटेर उपत्यकाको पानी बाहिर बगाएछ् । स्वयम्भू पुराणका अनुसार उक्त पोखरीको पानी उपत्यका बाहिर गएपछि त्यहाँ फुलेको कमलको पुष्प ढल्किएछ र गोपुच्छ पर्वतमा अडेस लागेछ । त्यसैमा स्वयम्भूको उत्पत्ति भएको कथा उक्त पुराणले दिएको छ । बौद्ध परम्परामा मञ्जुश्री महाचीनबाट उपत्यकामा आई सर्वप्रथम भक्तपुरको उत्तरतिर रहेको मञ्जुश्री डाँडामा बसेको तथा आफ्ना दुईवटी शक्ति फुलोच्चलाई फूलचोकीमा

तथा ध्यानोच्चलाई चन्द्रागिरीमा स्थापना गरेर खाफ्नो खड्गका सहायताले चोभारको डाँडा काटेर उपत्यकाको पानी बाहिर पठाएको पनि उल्लेख पाइन्छ । बौद्ध वंशावलीहरूले त्यसपछि उपत्यकामा बसोबास सुरू भएको र स्वयम्भूको उत्पत्ति पनि त्यसै बेला भएको बताएका छन् । हिन्दू पुराण र वंशावलीहरूले पनि उपत्यका विशाल तलाउका रूपमा रहेको चर्चा गरेका छन् । बाणासुरको राज्य शोणितपुर थियो, जुन थानकोट भेगमा पर्दथ्यो । बाणासुरलाई मार्न कृष्णले आफ्ना साथीहरूलाई ल्याएका थिए, जुन गाईपालक ग्वालाहरू थिए, पछि गोपालवंशी भए । नेपाल महात्म्यका एक कथा अनुसार दानासुरले काठमाडौं उपत्यकाको पानी थुनेर जलमग्न गराएको थियो । पछि श्रीकृष्ण उपत्यकामा आए् र तिनले दानासुरको बध गरे भनिन्छ । श्रीकृष्णले चकले डाँडालाई काटेर उपत्यकाको पानी बाहिर पठाएछन् । त्यसबाट पानी बाहिर गएपछि उपत्यका बसोबासयोग्य भएछ र उसका साथमा आएका गोपालहरूले त्यस स्थानमा बसोबास गरी शासन गर्न लागेको उल्लेख छ । त्यसरी नै पछि महेन्द्रदमनले आफ्नो बहिनी प्रभावतीलाई जलक्रिडा गराउन काठमाडौंलाई जल मग्न बनाइ दिए । फेरि पानी रोकी राख्ने कच्छपासर् लाई प्रद्युम्नले मारिसकेपछि यहाँ गोपालवंशीहरूले राज्य गरे । त्यसपछि महिषपालहरूले राज्य गरे । नेपालका पुराना वंशावलीहरूले यही कथा दिएका छन् । यसरी नेपाल महात्म्यले उपत्यका ठूलो तलाउका रूपमा रहेको तथा त्यसको पानी बाहिर गएपछि बसोबास योग्य भएको बताएको छ । यसैका आधारमा नेपालको पहिलो राजवंश गोपालहरूलाई मानिएको छ । गाईपालक गोपाल तथा भैंसीपालक महिसपालहरूको बस्तीको विकास बलम्वु क्षेत्र नजीक भएकोले पनि यस क्षेत्रमा त्यहि समयमा वस्ती विस्तार भएको मान्न सकिन्छ । यसरी नै उद्विकासवादको तीन चरण जङ्गली, बर्बर र सभ्य मध्ये यस बलम्वु क्षेत्रमा पछिल्लो चरण अर्थात् सभ्य मानव संस्कृतिको विकास भएको मान्न सकिन्छ । मानव वस्ती विस्तार भएपछि यस संगसंगै सम्पदाको पनि विस्तारै विकास भएको अनुमान गर्न सकिन्छ ।

### ५.३.बलम्वु भेगको सभ्यता र सम्पदा

नेपालको प्राचीन सभ्यताको शुरूआत काठमाण्डौं उपत्यकाको वरिपरि केही अग्लो भूभागबाट भएको कुरामा सबै विद्वानहरूको सहमति देखिन्छ । बलम्वु, थानकोट तथा मातातीर्थका बस्तीहरू उंचो भागबाट विस्तारै तल तिर सर्दै आएको देखिन्छ । काठमाडौंको पानी कम हुँदै गएपछि यहाँ बस्ती बस्न योग्य हुँदै गएकोले यी बस्तीहरूको विकास भएको भन्न सकिन्छ । बलम्वु क्षेत्रमा प्राचीन मूर्ति पनि पाइएकोले लिच्छवीकालभन्दा अगाडि नै किराँतकाल तिरै यहाँ बस्ती बसिसकेको सजिलै अनुमान गर्न सकिन्छ । बस्ती बसेसँगै समाजको विकास हुने

र समाज विकास सँगै संस्कृतिको पनि विकास शुरू भएको हो । त्यसरी नै समाजमा अनेक जातजाती, धर्म र संस्कृतिको प्रभाव पर्नु स्वभाविक कुरा हो । समाजका मानिसहरू विभिन्न स्थानहरूको भ्रमण गर्ने भएकोले प्रसारवादको सिद्धान्त अनुसार कुनै एक ठाउँमा विकसित भएको सम्पदा विश्वका विभिन्न देशहरूमा प्रसार हुँदै जाने प्रकृयाको फलस्वरूप यस क्षेत्रमा पनि विभिन्न ठाउँबाट आएका मानिसहरूले संस्कृति, कला भित्र्याएको मान्न सकिन्छ । त्यसको प्रभावले पनि कला तथा बास्तुकलाको शुरूआत र विकासमा महत्वपूर्ण भूमिका खेल्ने नै भयो । बलम्वुको पिंगलस्थानमा रहेको चौथो शताब्दीको शिवमूर्तिलाई यसको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । एक सरो पारदर्शी लुगा लगाएको जस्तो देखिने यो मूर्तिलाई लैनसिंह वाङ्गदेलले चौथो शताब्दीको मान्नु भएको छ (Bangdel. 1995, 348) । यो मूर्ति भारतमा रहेका गुप्तकालीन मूर्तिहरूसँग प्रभावित रहेको देखिन्छ । त्यसरी नै लिच्छवीकालको शिलालेखहरू यस क्षेत्र तथा यस क्षेत्रका आसपासका गाउँहरूमा प्रसस्त मात्रामा पाइनुले उक्त समयमा यहाँ वस्ती बाक्लो भइसकेको अनुमान गर्न सकिन्छ । यहाँ उत्खनन गर्न सकेमा यो भन्दा पनि पुरानो कलावस्तु भेट्टाउन सकिने सम्भावना देखिन्छ । अहिले बस्ती रहेको क्षेत्र बलम्वुबाट थोरै पश्चिमपट्टि भेल्बु भन्ने ठाउँ छ, जुन क्षेत्रमा खाँद खन्दा लिच्छवीकालीन अभिलेख भेटिएको थियो । अहिले पनि भेल्बु क्षेत्रमा लिच्छवीकालीन पुरातात्विक वस्तुहरू भेटिने क्रम जारी छ । बाह्र तेह्र वर्ष अगाडिमात्र त्यस क्षेत्रमा खेत खन्दा पुरानो धारा र ढक्वँ (पानी भण्डार गर्ने ढुङ्गाको पाईप) भेटिएको थियो । यस्ता धेरै ऐतिहासिक तथा पुरातात्विक वस्तुहरू भेटिनुले यो क्षेत्रमा लिच्छवीकाल भन्दा पनि अगाडि वस्ती भएको प्रमाणित हुन्छ ।

### ५.४. बलम्वु भेगमा किरातकालको सभ्यता र सम्पदा

नेपाल खाल्डोमा किरातीहरूले शासन गर्दा तिनीहरू गोकर्ण क्षेत्रमा रहेको तथा बलम्वु क्षेत्रमा महिषपाल गुप्तहरू रहेको देखिन्छ । यतिबेला किरात कालको मुख्य पेशा खेती र पशुपालन थियो । यस युगमा कृषिको निकै उन्नति भएको अनुमान छ । किरात कालमा नेपालमा भेडा, च्यांग्रा र अन्य पशुहरू पालिन्थे । कपडा र राडीपाखी बुन्ने जस्ता उद्योगहरू त्यस युगमा विकसित भएको अनुमान छ । नेपालमा किरात कालमा बनेका राडीपाखी भारतको मौर्य दरबारमा पनि प्रख्यात भएको कुरा कौटिल्यको अर्थशास्त्रमा वर्णित छ । यसबाट नेपालमा त्यस बेला भेडा र च्यांग्रा पाल्ने चलन रहेको, राडीपाखी र कम्मल बनाउने परम्परा रहेको र तिनीहरू भारततिर पनि निर्यात गरिने कुरा बुझ्न सकिन्छ । बलम्वु भेगमा पनि त्यति बेला कपडा उद्योग रहेको यहां प्राप्त भिमार्जनदेव-जिष्णुगुप्तको अभिलेखमा चैलकर अर्थात कपडामा लाग्ने करको

उल्लेख भए बाट थाहा हुन्छ (बज्राचार्य,२०३०,पृ.४२०) । त्यस बखत यहि भेगको चन्द्रागिरीको बाटो हुँदै भारत तिर जानु पर्ने भएकाले यहिको कपडाहरू पनि भारतमा बेच्न लगेको हुन सक्ने धेरै सम्भावना रहेको छ । किरात कालमा नेपालमा शासन व्यवस्था मज्बुत भई सकेको थियो । त्यस बेला शासन व्यवस्था सुव्यवस्थित भएकाले नै कुथेर, माप्चोक, शुल्ल र लिङ्गवल जस्ता अड्डाहरू खुलेका थिए, जसको उल्लेख बलम्बुको राजा गणदेवको लिच्छविकालीन अभिलेखमा गरिएको छ (बज्राचार्य, २०३०; पृ.१८८) । तिनीहरूको निरन्तरता पछि लिच्छवि कालसम्म पनि रहेको पाइएको छ ।

## ५.५. बलम्वु भेगमा लिच्छवीकालीन सभ्यता र सम्पदा

सम्पदाहरू विकास हुने क्रममा यस लिच्छवीकालमा मूर्तिकला, वास्तुकला, काष्ठकला तथा अभिलेखको विकास शुरू भइसकेको थियो । चिनीया यात्री ह्वेनसाङ्गको वर्णनले पनि नेपालका राजभवनको बखान गरेबाट त्यो बेला यहाँका वास्तुकला देश प्रदेशमा निकै नै प्रख्यात भइसकेको देखाउँछ । भारतमा सुनौलोकाल मानिएको गुप्तकालकै समयमा नेपालमा पनि इतिहासकै सुनौलोकाल मानिएको लिच्छवीकालको विकासले गति लिन शुरू गरिसकेको थियो । यहि समयमा नेपालमा अभिलेख राख्ने कामको थालनी भएको थियो । आफ्नो शासनको बयान गर्न, राजाज्ञाको सूचना दिन, मूर्तिहरू स्थापना गरेको बयान गर्न नियम कानून लागु गर्न आदि जस्ता कार्यका लागि अभिलेख राख्ने कामको थालनी भइसकेको थियो । नेपालकै इतिहासको प्रथम अभिलेख सम्बत् ३८६ को राजा मानदेवको चाँगु अभिलेख र त्यसरी नै राजा बसन्तदेव, शिवदेव, ध्रुवदेव, नरेन्द्रदेव, उदयदेव, जयदेव आदि लिच्छवी राजाहरूको शिलालेखहरू प्रसस्त पाइएको छ ।

बलम्वु क्षेत्रमा मात्र लिच्छवीकालीन शिलालेखहरू नौ वटा रहेको छ । त्यस्तै लिच्छवीकालीन जलहरी पनि भेटिएको छ, जुन अहिले पिङ्गलस्थानमा राखिएको छ । थोरै मात्र खण्डित भएको यस जलहरीको प्रकृति हेर्दा लिच्छवीकालीन रहेको देखिन्छ । चिल्लो लेप लगाइएको एकदमै बलियो ढुङ्गा जस्ता लिच्छवीकालीन विशेषताहरू यस ढुङ्गामा देखिन्छ । अगाडि भाग अलि खण्डित भएको तथा गोलाईको बीच बीचमा अलि अलि खण्डित भएको यो जलहरीको मध्य भागमा बर्गाकार प्वाल रहेको छ ।

यस्तै भेल्बुमा खेत खन्दा एउटा ढुङ्गेधारा भेटिएको थियो, जुन अहिले क्वाथःमा राखिएको छ । भर्खरै बनाउँदै गरेको जस्तो देखिने यो ढुङ्गेधाराको बुट्टाहरू अति नै आकर्षक छ । मकरको दाँतहरू हेर्दा पनि साँच्चिकै जस्तो भान हुन्छ । मकरको टाउको पनि सजिब जस्तो

लाग्ने गरी ढुङ्गामा कुँदिएको छ । यस बेलाको शिलालेख र यो ढुङ्गेधारा हेर्दा यस बेलाका कालिगडहरू प्रस्तरमा बुट्टाहरू उत्कीर्ण गर्न अत्यन्त सिपालु भईसकेको थाहा हुन्छ । शिलालेखहरूको अक्षरहरू पनि असाध्यै राम्रोसँग कुँदिएको छ ।

कुनै कुनै अभिलेख अहिले पनि स्पष्टसँग पढ्न सकिने खालको छ । एकदमै सिपालु कालिगढले कुँदिएको ढुङ्गेधारा त झन हेरिरहुँ लाग्छ । लिच्छवीकालभन्दा अघिको मूर्तिहरूमा भद्दापन देखिन्थ्यो भने लिच्छवीकालमा कालिगढहरू एकदमै सिपालु भइसकेका थिए । र असाध्यै राम्रो मूर्ति कुद्न सक्ने भइसकेको थियो । लिच्छवीकालमा नेपाल भरि नै सम्पदाहरूको विकास भइसकेको यहाँ पाइएका धेरै लिच्छवीकालीन मूर्ति, ढुङ्गेधारा, राजभवनहरूले थाहा हुन आउँछ ।

अहिले बलम्बु स्कुलको पछाडिपट्टि रहेको शिवदेवको अभिलेखबाट यहाँ पुत्ति नारायण मन्दिर रहेको र यहाँ ती मन्दिरको लागि जग्गा राखिदिएको र ती जग्गाबाट आउने कुतबाट यस मन्दिरमा पूजा गर्ने र पूजा गरी बचेको पैसाले पशुपतिमा छत्र चढाएर यात्रा गर्ने भनि प्रष्ट लेखिएबाट पनि यहाँ लिच्छवीकालमा नै जात्राको विकास भइसकेको स्पष्ट हुन्छ ।

लिच्छवीकालका शिललेखहरूको अध्ययनबाट नै यस क्षेत्रमा सम्पदाको विकासक्रमलाई बझ्न सक्छौं । त्यसबेलाको शिताटीग्राम नै विकसित हुँदै शिताती गुल्मबाट शिताती तल हुँदै शिताती द्रङ्गको रूपमा विकसित भएको बुझ्न सक्छौं (बज्राचार्य, २०३०, पृ. ५३३) । यस शिताती द्रङ्ग अन्तर्गतको गाउँहरू बलम्बु, थानकोट, सतुंगल, किसिपिडी, मातातीर्थ नै महत्वपूर्ण थिए । बल्खुमा पाइएको दोस्रो, तेस्रो शताब्दीको चतुर्मुखी शिवलिङ्ग तथा देवीहरू र बलम्बुको चौथो शताब्दीको शिवमूर्ति प्राचीनकालको रहेको छ । यसरी प्राचीन मूर्तिहरू नै यस भेगमा रहेकोले यो क्षेत्रमा मानव समाजको विकास पनि हुँदै गएको प्रमाणित हुन्छ । अझ उत्खनन् गरेर हेर्ने हो भने यस क्षेत्रमा यस्ता प्राचीन मन्दिर, मूर्तिका अवशेषहरू भेटिने सम्भावना प्रवल रहेको छ ।

भेल्बु क्षेत्रमा मानव वस्तीको विकास हुँदै गएपछि यहाँ सामाजिक क्रियाकलापहरू पनि बढ्दै गएको पाइन्छ । यस क्षेत्रमा बस्ती विस्तारसँगै सामाजिक क्रियाहरू बढ्दै गएको देखिन्छ । समाजमा रहेका हरेक इकाईले कामहरू गरेको देखिन्छ । समाजमा सामाजिक क्रिया अन्तर्गत नै विभिन्न संस्कृति तथा सम्पदा निर्माण हुँदै गए । यसरी संरचनात्मक प्रकार्यवादको सिद्धान्त अनुसार समाज निर्माण भएको देखिन्छ । मानव वस्तीको विकाससंगै बिस्तारै विभिन्न देवीदेवताको परिकल्पना गरी पूजापाठ गर्ने, त्यसको लागि मन्दिर तथा मूर्तिहरूको निर्माण गर्ने जस्ता सांस्कृतिक विकशित हुँदै गएको देखिन्छ । यसै क्रममा लिच्छवीकालीन अभिलेखमा उल्लेख

भए अनुसार यहाँ पुत्ति नारायण मन्दिर निर्माण भएको र मन्दिर संरक्षण गर्न खेत तथा पुरै गाउँहरू पनि गुठीको रूपमा राखिएको देखिन्छ । बस्ती निर्माण भएपछि पानीको आपूर्ति अनिवार्य भएकोले यहाँ ढुङ्गेधारा पनि बन्दै गए । लिच्छवीकालीन ढुङ्गेधारा अहिले पनि खेत खन्ने क्रममा बलम्वु नजिक भेल्वु भन्ने ठाउंमा भेटिएको छ ।

## ५.६. बलम्वु भेगमा मध्यकालीन सभ्यता र सम्पदा

गोपालराज वंशावली तथा देवमाला वंशावलीमा समेत बलम्वु क्षेत्रको उल्लेख भएबाट मध्यकाल भन्दा पहिला नै बलम्वु एक विकशित वस्तीको रूपमा रहेको स्पष्ट हुन्छ । नेपाल सम्बत् ४६४ (वि.सं. १४०४) आश्विन शुक्ल तृतीयाको दिन श्री देवलदेवी र महाथ (महामन्त्री) अनेकराम मिली मनिगलको राज हात लगाई मुह्निखु, कीर्तिपुर, बलम्वु, येटाक्वाथः, ख्वँयप जस्ता स्थानहरू पनि कब्जा गरेको कुरा उल्लेख छ ज वंशावली(गोपालरा, पृ. १०७) । श्री राजारत्न मल्लका पालामा नेपाली सम्बत् ६२९/३० सालमा कुँ कुँ नामक भोटे देवानहरूको रखवाली निमित्त तीन सय घरको शहर बनाई प्रजा बसाएको र यो शहरको मूल देवता वैष्णवी भएको जनाइएको छ (देवमाला वंशावली, पृ. ९६) ।

यसरी गोपालराज वंशावली तथा देवमाला वंशावलीमा समेत यस क्षेत्रको उल्लेख भएबाट त्यस समयभन्दा अघि नै बलम्वुको अस्तित्व रहेको स्पष्ट हुन्छ ।

मध्यकालमा नेवारहरूको विशिष्ट खालको संरचना निर्माण भएको देखिन्छ । जस अनुसार हरेक नेवार बस्तीहरूको केन्द्र भागमा मुख्य देवता स्थापना हुने र बस्तीको चारैतिर पर्खालले घेरिएको हुन्थ्यो र ती पर्खालको चारैतिर ढोका राख्ने चलन रहेको थियो । विभिन्न कालमा विभिन्न जात्रा, चाड पर्व मनाउँदै गए पछि विभिन्न धर्म, संस्कार प्रथा, रीतिरिवाज परम्परा संस्कृतिहरूको विकास हुँदै गयो । त्यसै अनुरूप सांस्कृतिक सम्पदाहरूको पनि क्रमिक रूपमा विकास हुँदै गयो ।

मध्यकालमा बलम्वु क्षेत्रमा विभिन्न मूर्त र अमूर्त संस्कृतिको विकास भएको पाइन्छ । यहाँको वस्ती त्यसबेलाको विशिष्ट नेवारी परम्परा अनुसार दे पखाः अर्थात् चारैतिर पर्खालले घेरिएर बनेको बस्ती हो । यस गाउँको बीच भागमा श्री महालक्ष्मीको दुई तल्ले मन्दिर रहेको छ । यो मन्दिर मल्लकालमा बनेको यहाँ रहेको शिलालेखबाट थाहा हुन आउँछ । त्यस्तै मल्लकालमा यहाँ व्यापक रूपमा मन्दिर, मूर्ति, चैत्य, पाटी पौवा, पोखरी आदि सम्पदाहरूको निर्माण भएको पाइन्छ । साथै यस क्षेत्रमा त्यसबेला अनेक जात्रा तथा चाडपर्वहरू विकसित भए । अन्य सम्पदाहरूमा महालक्ष्मी मन्दिरमा रहेको टुँडाल काष्ठकलाको अनुपम नमूनाको रूपमा रहेको छ भने बलम्वुमा एक काठको हाथुं द्यः (भैरव) को मूर्ति समेत रहेको छ ।

लिच्छवीकालदेखि यहाँ विभिन्न पर्व तथा जात्राहरूको शुरूआत भएकोले मल्ल कालमा पनि त्यसको निरन्तरता रह्यो । मध्यकालमा यस्ता चाड, पर्व र जात्राहरू व्यवस्थित रूपले सम्पन्न गर्न नेवार समुदायका विभिन्न जातहरूलाई विभिन्न कार्यविभाजन गरिएको पाइन्छ । यस क्षेत्रमा श्रेष्ठ, महर्जन, खड्गी, कुसुले आदि जातिहरूले आ-आफ्नो जिम्मेवारी वहन गरी चाडपर्व र जात्राहरू सम्पन्न गर्छन । बलम्वु क्षेत्रको नेवारी समाजमा जन्मदेखि मृत्यु संस्कारसम्म सबैको विशिष्ट भूमिका भएकाले समाजमा एक आपसमा मिलेर बस्नुपर्छ भन्ने भावना उत्पन्न भएको थियो । सबै जातजाति मिलेर बसेमा व्यक्तिको भलाई र सुरक्षा हुने र समाजको पनि विकास हुने भएकोले मानिसहरूमा एक आपसमा मिलेर बस्नुपर्ने भावना जागृत भएको थियो । नेवार समाजको यस किसिमको कार्य जिम्मेवारी र भूमिकाले समाज र संस्कृति निर्माणकों संरचनात्मक प्रकार्यवादी सिद्धान्तको “सामाजिक व्यवस्था सुचारू रूपले संचालन गर्न यसका हरेक इकाइले आ-आफ्नो जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्दछन र सबै इकाईको भूमिकाको कुल योग नै समाजिक व्यवस्था हुन्छ” भन्ने मान्यतालाई प्रमाणित गरेको देखिन्छ ।

बलम्वु क्षेत्रमा रहेका सांस्कृतिक सम्पदा शाक्त, शैव एवम् वैष्णव धर्म र संस्कृतिसंग सम्बन्धित छन । यी सांस्कृतिक सम्पदाहरूको निर्माण र परम्पराहरूको विकास भारतीय महाद्विपमा गुप्त.कालमा प्रसार भएर यहाँ फैलिएको देखिन्छ । फेरी यस क्षेत्रका निर्मित प्रायजसो सम्पदाहरू र प्रचलनमा रहेका चाडबाडहरू काठमाडौं तथा ललितपुरसँग मिल्दोजुल्दो रहेकाले त्यस क्षेत्रको संस्कृतिको प्रसार नजिकैको बलम्वु क्षेत्रमा भएको सजिलै अनुमान गर्न सकिन्छ । यसरी यो क्षेत्रमा प्रसारवादको सिद्धान्त अनुसार सांस्कृतिक सम्पदाहरू एक ठाउँबाट अर्को ठाउँमा प्रसार हुन्छ भन्ने मान्यतामा प्रसारित भएको देखिन्छ ।

बलम्वु क्षेत्रको इतिहासलाई नियाल्दा लिच्छवीकालमा स्वतन्त्र अस्तित्वमा रहेको यो क्षेत्र मल्लकालमा ललितपुर राज्यको अधिनमा रहेको थियो । बलम्वु क्षेत्रको सम्पदा निर्माणमा पाटनका राजाहरूको विशेष अनुग्रह रहेको देखिन्छ । राजा श्रीनिवास मल्लको पालामा यहाँको श्रीमहालक्ष्मी मन्दिर बन्न शुरू भएको थियो भने राजा योगनरेन्द्र मल्लको पालामा यो मन्दिर बनिसकेको थियो । यसबाट यहाँका सम्पदा विकासमा मल्ल राजाहरूको प्रत्यक्ष संलग्नता भएको प्रमाणित हुन्छ । यसका साथै यहाँका बासिन्दाहरूको पूर्खाहरू प्राय ललितपुरबाटै आएका पाइनु र धेरैजसो सांस्कृतिक सम्पदाहरू ललितपुरसँग मिल्दोजुल्दो देखिनुले पनि यी संस्कृतिहरूको निर्माण प्रसारबाट भएको हुनसक्ने बलियो आधार देखिन्छ ।

### ५.७. बलम्वु भेगमा आधुनिक कालीन सभ्यता र सम्पदा

पृथ्वीनारायण शाहले उपत्यका आक्रमण गर्नको लागि नै बलम्वु, थानकोट र दहचोक कब्जा गरी त्यस क्षेत्रमा गढ बनाएर बसेका थिए । उपत्यका विजय पश्चात पनि काजी वंशराज पाण्डेले यहाँ नाटक देखाउँने कार्यक्रममा भाग लिएको उल्लेख नास द्यः मन्दिरको भित्तामा टांसिएको अभिलेखमा परेको छ ।

त्यस्तै समयमा शासकवर्ग तथा आम मानिसले पनि मन्दिर मूर्ति निर्माण गरेको देखिन्छ । मल्लकालमा जस्तो व्यापक मन्दिर मूर्ति नबने पनि समय समयमा भक्तजनहरूले मूर्तिहरू बनाएको देख्न सकिन्छ ।

बुद्धधर्ममा त्याग गरेका भिक्षुहरू र बलम्वुका मानिसहरू मिली प्रणिधि पूर्ण महाविहार निर्माण गरेको देखिन्छ । त्यस्तै करूणामय मूर्ति तथा मन्दिर, बुद्ध प्रतिमा, राधा कृष्णको प्रतिमा, भिमसेन मन्दिर, बटुक भैरव मन्दिर, कूलदेवताका थानहरू आधुनिक कालमा विकास भएका सम्पदाहरू हुन् । अहिले पनि परम्परादेखि चलि आएका रीतिरिवाज, धार्मिक जात्रा, चाडपर्वहरू मनाउँदै आइरहेका छन् । अहिले पनि समाजमा सबै जातका मानिसहरू एक आपसमा मिलि बाजा बजाउने, जात्रा चलाउने, धार्मिक समारोहमा भाग लिने, संस्कृति परम्परा धान्ने लगायत काममा सक्रिय छन् । यसरी आधुनिक कालमा पनि बलम्वु क्षेत्रमा सांस्कृतिक तथा सम्पदाको विकास निर्माणक्रम चलिरहेको छ । यसरी यस क्षेत्रमा आधुनिक काल र हालसम्म पनि संरचनात्मक प्रकार्यवादको सिद्धान्तमा आधारित रहेर समाजका हरेक इकाईले महत्वपूर्ण काम गरिरहेको छ ।

### ५.८. सारांश

बलम्वु क्षेत्रमा पौराणिककालदेखि नै मानव बसोबास तथा बस्ती विस्तारदेखि लिएर संस्कृतिहरू तथा सम्पदाहरू पनि त्यहि अनुरूप विकास हुँदै गएको देखिन्छ । समाज निर्माणमा अहम भूमिका निर्वाह गर्ने मुख्य हावापानी, खेतीयोग्य भूमि, सिंचाईको सुविधा, मानिसको चहलपहल तथा सरकारी कर्मचारीदेखि लिएर शासन सत्ताका साझेदारसम्म यस क्षेत्रमा रहेकाले यहाँ बस्ती विस्तार क्रम तथा समाजको विकास र सम्पदाहरूको पनि क्रमिक रूपमा विकास हुँदै गएको देखिन्छ । उद्विकासवाद सिद्धान्तको सभ्य युगको शुरूवातदेखि लिएर भारतीय महाद्विपमा विकास भएको हिन्दू सांस्कृतिक परम्पराको प्रशारण भई सम्पदाको विकास र संरचनात्मक प्रकार्यवादको सिद्धान्त अनुसारको समाजको निर्माण भई यस क्षेत्रमा विभिन्न सांस्कृतिक, धार्मिक, सामाजिक क्रियाकलापहरू निरन्तर विकास हुँदै यी सांस्कृतिक सम्पदाहरूको निर्माण हुन सहयोग पुगेको देखिन्छ ।

# अध्याय छ

## बलम्वु क्षेत्रमा सांस्कृतिक सम्पदाहरूको बिकास हुनुको कारण

### ६.१. परिचय

बलम्वु क्षेत्रमा विभिन्न कालखण्डमा विभिन्न सांस्कृतिक सम्पदाको क्रमिक रूपमा विकास हुँदै गएको देखिन्छ । काठमाडौं उपत्यकामा मानव सभ्यताको विकाससँगसँगै यस क्षेत्रमा पनि त्यहि अनुरूप सांस्कृति सम्पदाहरूको विकास हुँदै गएको हो । गोपालवंशको कालमा तलाउको रूपमा रहेको काठमाडौं त्यसपछि क्रमश बस्न योग्य हुँदै गएपछि यहाँ आभिर तथा किराँतहरूले राज्य गरेको देखिन्छ । यस समयमा पनि यस क्षेत्रमा मानिसहरूको बाक्लो जमघट तथा आवतजावत भएको कुरा चन्द्रागिरीको बाटो भएर त्यतिबेला काठमाडौंबाट बाहिर जाने र काठमाडौंमा बाहिरबाट मानिस आउने गरेको देखिएकोले प्रमाणित हुन्छ । विशेषत यहाँको जमिन पोखरीको सतहभन्दा केही उच्च स्थानमा रहनु, खेतीयोग्य मलिलो माटो हुनु र मातातीर्थ क्षेत्रमा पानीको मुहानहरू हुनुले यहाँ मानव बसोबासको शुरूआत भई सभ्यताको विकास भएको देखिन्छ । यस अध्यायमा मानव सभ्यताको विकाससँगै बलम्वु क्षेत्रमा इतिहासको विभिन्न कालखण्डमा निर्मित सांस्कृतिक सम्पदाहरूको विकासका कारणहरूको चर्चा गरिन्छ ।

### ६.२. बलम्वु क्षेत्रका सांस्कृतिक सम्पदाहरूको बिकासका कारणहरूको विश्लेषण

#### ६.२.१. मानव सभ्यताको शुरूवात

प्राचीनकालमा वाणासुरको वध गरी काठमाडौंको खाल्डोमा भरिएको पानीलाई श्रीकृष्णले आफ्नो चक्रले चोभारको डाँडो काटी पानीलाई बाहिर पठाई यहाँ मानव बस्ती बसाएको र आफूसँगै आएका ग्वालालाई राजकाज गराई गोपालवंशको शुरूवात गरेको कुरा विभिन्न वंशावलीहरूमा उल्लेख गरिएको छ । नेपालको प्राचीन सभ्यताको शुरूवात काठमाण्डौं उपत्यकाको वरिपरि रहेका केही अग्लो भूभागबाट भएकोले बलम्वु क्षेत्रको थानकोट र मातातीर्थ भेगका बस्तीहरूलाई ज्यादै पुरानो बस्तीको रूपमा लिन सकिन्छ । बस्ती बस्ने क्रममा पानी कम हुँदै गएपछि बलम्वु भेगको खेतीयोग्य जमिनमा कृषि कर्म संचालन गरी विस्तारै यहाँ पनि मानव सभ्यताको विकास भएको मान्न सकिन्छ । यसरी सभ्यताको विकास हुने क्रममा काठमाण्डौ उपत्यकामा क्रमशः गोपाल, महिषपाल, किरात, लिच्छवी, मल्ल तथा शाह वंशका शासकहरूले शासन गरी विभिन्न सभ्यता र संस्कृतिको विकास गर्दै गए । यसै क्रममा बलम्वु क्षेत्रमा किराँतकालमा केही मूर्ति तथा मन्दिरहरूको निर्माण भएको यहाँ रहेको सम्पदाबाट बुझ्न

सकिन्छ भने त्यसपछि आभिर गुप्तहरूले लिच्छवीकालमा मन्दिर बनाएको यस क्षेत्रमा पाइएका अभिलेखबाट थाहा हुन्छ ।

थानकोटको आदिनारायण मन्दिरभित्र रहेको राजा बसन्तदेवको पालाको लिच्छवीकालीन अभिलेखमा ब्रम्हाण लगायत अठार जातका नागरिकहरूलाई कर्मचारीले दुःख नदिनु भनेर उल्लेख गरिएको छ (बज्राचार्य, वि.सं. २०३०, पृ. ९३) । यसबाट त्यतिबेला यस क्षेत्रमा समाज व्यवस्थाको विकास भइसकेको सजिलै अनुमान लगाउन सकिन्छ । यस किसिमको सामाजिक व्यवस्थाभित्र राजाका अधिकार र काम-कर्तव्य किटान, नागरिकहरूको अधिकार र कर्तव्यको निर्धारण, धार्मिक तथा सांस्कृतिक अधिकारको व्यवस्था तथा आर्थिक उपार्जनको अधिकारहरू रहेका थिए । यसरी बलम्वु क्षेत्रमा प्राचीनकालदेखि नै मानव सभ्यताको शुरूआत भएकोले यहाँ विभिन्न सांस्कृतिक सम्पदाहरू निर्माण र विकास हुदै आएको हो ।

संरचनात्मक प्रकार्यवादको सिद्धान्त अनुसार विभिन्न संस्कृतिको निर्माण समाजको प्रकार्यात्मक आवस्यकताले गर्दा हुन्छ । जसरी मानव शरिरको विभिन्न अंगहरू मिली आ-आफ्नो कार्य गरी सिङ्गो शरिरलाई जीवित राख्दछन, त्यसरी नै समाज व्यवस्था सुचारू राख्न यसका विभिन्न अवयवहरूले विभिन्न भूमिका निर्वाह गर्दछ, फलत मानव समाज र संस्कृतिको जन्म भई यसले निरन्तरता पाउछ । यसै प्रकार्यात्मक आवस्यकताले गर्दा नै बलम्वु क्षेत्रमा मानव समाजको निर्माण भएपछि विभिन्न सांस्कृतिक सम्पदाको विकास भएको मान्नु पर्दछ ।

### ६.२.२. जलश्रोत उपलब्धता

मानव सभ्यताहरू जलस्रोत भएको ठाउँबाट नै शुरू भएको सिद्ध भएको छ । जस्तै : नाइल नदी सभ्यता, ह्वाङ हो नदी सभ्यता, सिन्धु नदी सभ्यता आदि । नेपालको परिप्रेक्ष्यमा काठमाडौं क्षेत्र जलमग्न भएको अवस्थामा प्राचीनकालमा थानकोट, मातातीर्थ, गोकर्ण, बलम्वु आदि क्षेत्रहरूमा मानव वस्तीको शुरूआत भएको मानिन्छ । यी क्षेत्रमा पनि पानीको श्रोत प्रशस्त भएको देख्न सकिन्छ । मातातीर्थ तथा अरू स-साना खोलाहरूले गर्दा यहाँ बस्ती विस्तार गर्न सजिलो भएको थियो । पानी मानिसको बाँच्ने आधार हो भने खेतीपाती र पशुपालन व्यवसायको लागि अत्यावस्यक वस्तु हो । पानीको उपलब्धता भएकै कारण बलम्वु क्षेत्रमा मानव सभ्यताको विकास हुन सकेको थियो । मानव सभ्यताको विकास हुने क्रममा यस क्षेत्रमा सांस्कृतिक सम्पदाहरू निर्माण हुन पुगेको देखिन्छ ।

### ६.२.३. उचो भू-बनावट

पौराणिककालमा काठमाडौंको पानी विस्तारै सुक्दै गएको अवस्थामा बलम्वु भेगमा बस्ती बस्न योग्य हुँदै गयो । पानी सुक्दै गएपछि काठमाडौंको बीचको भागमा पानी रहँदा यो भेग अलि उँचो भएकोले मानव बस्ती विस्तार भएको मान्न सकिन्छ । बलम्वु क्षेत्रमा मानव वस्तीको विकास भएपछि भूमिको आवाद शुरूभई खेतीपातीको  व्यवस्था भयो । त्यतिबेलाका शासकहरूले यस क्षेत्रमा बस्ती बसालेको कुरा विभिन्न अभिलेखहरूबाट देखिन्छ । लिच्छवीकालका अभिलेख अनुसार यस क्षेत्रमा आभिर गुप्तहरूले त्यस बेलाको राज्य प्रशासनको नेतृत्व गरेका थिए । आभिर गुप्तहरू किराँतकालमा पनि थिए र लिच्छवीकालमा पनि यही क्षेत्रमा बसोबास गर्दथे । यिनीहरूले नै केन्द्रिय सरकारसँग सत्ता साँझेदारी गर्दै यस क्षेत्रमा जनताहरूलाई अनेक सरकारी सुविधा दिलाएका थिए (बज्राचार्य, वि.सं. २०३०, पृ. ४२० ) । यी आभिर गुप्तहरूले नै यस क्षेत्रमा सर्व प्रथम मन्दिर मूर्ति, अभिलेखहरू बनाउन शुरू गरेका थिए । आभिर गुप्तहरूको उपस्थिति र तिनीहरूको सामाजिक एकताबाट नै यहाँ बस्ती विस्तार तथा सामाजिक क्रियाकलाप सम्भव भएको थियो । यहाँ संरचनात्मक प्रकार्यवाद अन्तर्गत सांस्कृतिक सम्पदा विकास भएको देखिन्छ । यसरी यस क्षेत्रमा सांस्कृतिक सम्पदाको विकास हुनुका प्रमुख कारणको रूपमा यो क्षेत्र भौगोलिक रूपले अनुकुल उचो भूभागमा भएर पनि हो भन्न सकिन्छ ।

### ६.२.४. मलिलो माटो भएको खेत अर्थात बांलां बुं

पौराणिक कालमा काठमाडौं दहको पानीको स्तर घट्दै गएपछि यो क्षेत्रको माटो खेतीयोग्य जमिनको रूपमा परिणत हुँदै गयो । किराँतकालमा यो क्षेत्रलाई के भनिन्छ भनेर स्पष्ट नभएता पनि लिच्छवीकालमा यहाँ पाइएको शिलालेखको आधारमा बु...ङ ग्राम (बीचको अक्षर स्पष्ट नभएको) भनेर भनिन्थ्यो (बज्राचार्य, वि.सं. २०३०, पृ. १८७) । त्यसरी नै मध्यकालमा यस क्षेत्रलाई बलम्वु देश नै भनिन्थ्यो (बज्राचार्य र मल्ल, सन् १९८५, पृ.१०७) । त्यसरी नै मध्यकालको उत्तरार्द्धमा यस क्षेत्रलाई भ्रात्यपुरी तथा भरत्यपुरी पनि भनिन्थ्यो ।

बलम्वुको नाम नै यहाँको राम्रो उब्जाउ हुने खेत अर्थात् नेवारी भाषामा बांला बुं बाट बलम्वु भएको मान्न सकिन्छ (अन्तर्वार्ताबाट) । यसरी बांला बुं बाट बलम्वु भएको र यहाँ बस्ती विकास हुँदै मानिसहरूको बाक्लो बस्ती हुँदै गयो । फलस्वरूप यहाँ विभिन्न सामाजिक संरचनाहरू पनि बने । बस्ती बाक्लिएसँगै अनेक प्रकारका सामाजिक संस्कार, पूजाआजा, धर्म, जात्रा आदिको पनि विकास हुँदै गयो । अझ यहाँका नागरिकहरू केन्द्रिय शासनमा प्रत्यक्ष सरोकार राख्दथे । फलस्वरूप यहाँ समाजका संरचनाहरू निर्माण भए । ती समाजका साना

साना संरचनाहरूको क्रियाले एउटा बस्तीको विकासले सघाउ पुगे । यसरी यस क्षेत्रमा त्यतिबेला संरचनात्मक प्रकार्यवादको सिद्धान्त अनुसार बस्ती विकास भएको देखिन्छ र यस्तो सिद्धान्तबाट अनेक प्रकारका मन्दिर, मूर्ति, चैत्य, विहारहरू बन्न थाले ।

### ६.२.५. काठमाडौंबाट भारत जाने मुख्य नाका

पौराणिककाल र प्राचीनकालमा बाहिरबाट काठमाडौं पस्ने मुख्य नाकाको रूपमा रहेको चन्द्रागिरि डाँडोमा मानिसहरूको बाक्लो आवतजावतले गर्दा पनि यस बलम्वु क्षेत्रमा बस्ती विकास तीव्र रूपमा भएको सजिलै अनुमान लगाउन सकिन्छ । बौद्ध ग्रन्थ मूलसर्वास्तीवाद विनयवस्तुमा शाक्यमुनि बुद्धको जीवितावस्थामा श्रावस्तीका व्यापारीहरू नेपालको यात्रा गर्थे भन्ने उल्लेख गरिएको छ । त्यसरी नै कौटिल्यको अर्थशास्त्रमा ईसाको चौथो शताब्दीमा नै नेपालको राडी कम्बल भारतको तत्कालीन मगध साम्राज्यको राजधानी पाटलीपुत्रमा पुगेको चर्चा भएबाट त्यो समय र त्यसभन्दा अघिदेखि नै ती सामानहरू भारत निर्यात गरिन्थ्यो भन्ने सजिलै बुझ्न सकिन्छ । यसरी प्राचीनकालदेखि नै अन्यत्रबाट मानिसहरू काठमाडौं आवतजावत गर्ने मार्ग बलम्वु क्षेत्रको चन्द्रागिरिको नाका नभएकोले यसबाट यस क्षेत्रमा बस्ती तथा सभ्यताको विकासमा अनुकूल प्रभाव परेको देखिन्छ । स्पष्ट रूपमा प्रसारवादको सिद्धान्त अनुसार मानिसहरूले अनुकरण शैलीमा बाहिरबाट यहाँ सांस्कृतिक सम्पदाहरू भित्र्याएको देखिन्छ ।

### ६.२.६. आभिर गुप्तहरूको उपस्थिति

बलम्वुको पासिंख्य भन्ने ठाउँको लिच्छवीकालीन अभिलेखमा सर्वदण्डनायक महाप्रतिहार रवि गुप्तले बिन्ति चढाएकाले महाराज महासामन्त श्री क्रमलिलसँग मिली यस क्षेत्रका जनतालाई कुथेर र सोल्ल अधिकरणले तहकिकात गर्न नपाउने गरी राजा बसन्तदेवले निगाह गरिएको विवरण उल्लेख छ (बज्राचार्य, २०३०, पृ. १४८) । यसरी नै बलम्वु भेगमा रहेका लिच्छवीकालका अभिलेखहरूमा यस क्षेत्रका बासिन्दाहरूलाई सर्वदण्डनायक महाप्रतिहार श्री भौमगुप्तले बिन्ति चढाएकाले लिङ्ग्वल र मापचोक सहित चारै अधिकरणले पस्न नपाउने गरी राजा गणदेवले सनदशिलापत्र गरिदिएको उल्लेख गरिएको छ (बज्राचार्य, २०३०, पृ. १८८) । त्यस्तै जिष्णु गुप्तले पनि राजा भिमार्जुनदेवको पालामा यस क्षेत्रमा धारा बनाई दिएको तथा देव मन्दिर बनाएको र चैलकर (कपडामा लाग्ने कर) माफी गरिदिएको उल्लेख गरेका छ (बज्राचार्य, २०३०, पृ. ४२०) । यसबाट यी आभिर गुप्तहरूको  तत्कालीन समयमा यस क्षेत्रमा बलियो उपस्थिति तथा प्रभाव रहेको देखिन्छ । काठमाण्डौको केन्द्रिय शासन सत्ताको साझेदार भई यस क्षेत्रका आफ्ना सन्तान

तथा आम नागरिकहरूको लागि विशेष सुविधाहरू उपलब्ध गराएको र आफू पदमा या सत्तामा हुँदा रवि गुप्त, भौम गुप्त, जिष्णु गुप्त जस्ता शक्तिशाली भारदारले यस क्षेत्रमा विभिन्न सांस्कृतिक सम्पदाको निर्माण गरेको स्पष्ट हुन्छ । यसरी समाजका सबै इकाईहरूले यस क्षेत्रमा विकासको लागि योगदान दिएको देखिन्छ । संरचनात्मक प्रकार्यवादको सिद्धान्त अनुसार शक्तिशाली आभिर गुप्तहरूले समाजमा विभिन्न सुविधाहरू दिई यस क्षेत्रमा समाजलाई एक सूत्रमा बाँधी वैभवशाली सम्पदाको निर्माण गरेको देखिन्छ ।

## ६.३. सारांश

लिच्छवी कालमा आभिर गुप्तहरूले काठमाडौंको तत्कालीन केन्द्रीय सत्तासंग सत्ताको साझेदारी गरी बलम्वु क्षेत्रको प्रशासन चलाएका थिए । लिच्छवी कालभन्दा पछिपनि यो क्षेत्र काठमाण्डौ राज्यको अधिनस्थ थियो । यहाँ इतिहासको विभिन्न कालखण्डमा काठमाण्डौको केन्द्रीय सत्ता र आहिर गुप्त लगायत अन्य सामान्तहरूको स्थानीय सत्ता कायम रहेको देखिन्छ । त्यसैले यहाँका अधिकांश सांस्कृतिक सम्पदाहरू काठमाण्डौका सांस्कृतिक सम्पदाहरूसंग मिल्दोजुल्दो रहेको पाइनु संस्कृतिको प्रसार भएर भएको देखिन्छ । यस्तै प्राचीनकालदेखि नै काठमाडौंको व्यापारिक सम्बन्ध भारतसंग रहेको र त्यसका लागि आवतजावतको मुख्य नाका बलम्वु क्षेबको चन्द्रागिरी डाँडो भएकोले कतिपय संस्कृतिको निर्माणमा भारतीय संस्कृतिको प्रभाव रहेको अनुमान गर्न सकिन्छ । मानिसको स्वाभाव बढी सृजना वा अन्वेषण गर्नेभन्दा अरूको नक्कल गर्ने हुन्छ र सांस्कृतिक प्रसार विकशित र सभ्य समाज वा संस्कृतिबाट कम सभ्य वा अल्प विकशित समाजतर्फ हुन्छ भन्ने प्रसारवादको मान्यता रहेकोले यो मान्यतासंग मेलखाने परिस्थिति बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदाको निर्माण र विकासमा पनि देखिन्छ ।

कुनै समाजमा विद्यामान विभिन्न संस्कृतिको निर्माणका कारणहरूको गहिरो गरी विश्लेषण गर्ने हो भने त्यसका अनेकौं कारणहरू भेटिन्छन । विभिन्न वंशावली, पुराण तथा बौद्ध धर्म ग्रन्थहरूमा काठमाण्डौं उपत्यकामा गोपालवंशको शासनकालदेखि नै मानव बस्ती बस्न थालेको उल्लेख छ । यस्तै किरातहरूले मातातीर्थ भेगमा आफ्नो राजधानी बनाएको भन्ने पनि विभिन्न विद्वानहरूको मत छ । तर किरातकालसम्म यस भेगमा मानव बस्ती रहेको देखिने भरपर्दो पुरातात्विक प्रमाणहरू हालसम्म प्राप्त हुन नसकेकोले उक्त समयका यहाँका सांस्कृतिक सम्पदाबारे धेरै कुरा स्पष्ट हुन सकेको छैन । यस क्षेत्रमा हालसम्म फेला परेका विभिन्न पुरातात्विक अवशेषहरूले लिच्छवी कालमा भने यहाँ मानव सभ्यताको विकास भएको ठोस प्रमाण दिएको छ । लिच्छवीकालमा यस क्षेत्रमा बसोबास गर्ने आभिर गुप्तहरूले काठमाण्डौंको

केन्द्रिय शासन सत्ताको अधिनस्थ रहेर यहाँको स्थानीय सत्ता संचालन गरी जनतालाई धेरै सरकारी सुविधाहरू दिलाएको कुरो लिच्छवीकालीन विभिन्न अभिलेखहरूले पुष्टि गरेका छन ।

मानिसले आफ्ना विभिन्न आवस्यकताहरू परिपूर्ति गर्नका लागि संस्कृतिको निर्माण गर्दछ । यो मानव समाज व्यवस्था संचालनको लागि प्रकार्यात्मक आवश्यकता हो । समाज विकास हुन समाजमा रहेका साना साना इकाईहरूको पनि उत्तिकै भूमिका रहेको हुन्छ । यस क्षेत्रमा विशेष गरी लिच्छवीकालमा समाज विकासका सबै इकाईहरूले भूमिका खेलेको देखिन्छ । यहाँ रहेका गुप्त, आभिर तथा यहाँका बासिन्दाहरूले संस्कृति तथा सम्पदा निर्माणमा अत्यन्तै गहिरो भूमिक खेलेको देखिन्छ । यसरी यस क्षेत्रमा संरचनात्मक प्रकार्यवाद अन्तर्गत रहेर संस्कृति तथा सम्पदाको विकास भएको देखिन्छ । तर प्रकार्यात्मक आवस्यकताले मात्र कुनै खास संस्कृतिको निर्माण हुन्छ भन्नु एकपक्षीय तर्क हो । कुनै व्यक्तिको संस्कृतिको निर्माणमा त्यहाँको पर्यावरणीय पक्ष पनि उत्तिकै जिम्मेवार हुन्छ । भौगोलिक रूपले बलम्वु क्षेत्र खेतीपातीको लागि उपयुक्त र बाह्य व्यापारको नाका पनि भएकोले यहाँका मानिसहरूको आर्थिक अवस्था अवस्य पनि सबल थियो जसका कारण उनीहरूले विभिन्न देवीदेवताको मन्दिर, मूर्तिहरू, ढुङ्गेधारा र पाटीपौवाहरू जस्ता सांस्कृतिक सम्पदाहरू निर्माण गर्न सक्नुको पछाडि पर्यावरणीय कारण पनि जिम्मेवार छ । बलम्वु क्षेत्रमा निर्माण भएका यस्ता सांस्कृतिक सम्पदाहरू काठमाण्डौका प्राचीनकालका सांस्कृतिक सम्पदाहरूसंग मिल्दोजुल्दो देखिनुले यो सांस्कृतिक नमुना काठमाण्डौ केन्द्र भई यतातर्फ प्रसारण भएको हुनसक्ने देखिन्छ । यसरी बलम्वु क्षेत्रमा विभिन्न सांस्कृतिक सम्पदाहरूको निर्माण हुनुको पछाडि उल्लेखित कारणहरू नै मुख्य जिम्मेवार रहेको देखिन्छ ।

# अध्याय सात

## सारांश, निश्कर्ष तथा सुझाव

### ७.१. सारांश

### ७.१.१. परिचय

सम्पदा ती सम्पत्ति हुन्, जुन हाम्रा परिचयका रूपमा रहन्छन् । हाम्रा पुर्खाले निर्माण गरी पुस्तान्तरण गरेका, हामीले संरक्षण गरी भोलिका पुस्तालाई हस्तान्तरण गर्नु पर्ने सम्पत्ति नै सम्पदा हुन् । यसरी सम्पदाहरू सामूहिक सम्पत्तिको रूपमा रहेका हुन्छन् । सम्पदा प्राकृतिक र सांस्कृतिक गरी दुई प्रकारका हुन्छन् । तिनीहरूमा हाम्रा पुर्खाले शुरू गरेका सम्पदा सांस्कृतिक सम्पदा हुन् । सांस्कृतिक सम्पदा पनि मूर्त र अमूर्त गरी दुई प्रकारका हुन्छन् । यिनमा मूर्त सांस्कृतिक सम्पदा मूर्त रूपमा तथा मूर्ति वास्तु र अन्य कलाका रूपमा रहन्छन् । अमूर्त सांस्कृतिक सम्पदा भने अमूर्त रूपमा या चाडवाड, विश्वास, जात्रा, पर्व, आनिबानी, आचरण र व्यवहार जस्ता हुन्छन् ।

### ७.१.२. अध्ययन विधि

प्रस्तुत अनुसन्धान बलम्वु क्षेत्रको सांस्कृतिक सम्पदाहरूसँग सम्बन्धित छ । बलम्वु क्षेत्र सांस्कृतिक रूपमा ज्यादै पुरानो र सम्पन्न पनि मानिन्छन् । यहाँ उपत्यकामा बसोबासको शुरूवातका साथमा बस्ती बसेको हो । तर यहाँ हाल लिच्छवीकालदेखिका मात्र मूर्त र अमूर्त सम्पदा रहेका छन् । ती सम्पदाका बारेमा केहि विद्वानहरूले समय समयमा केहि लेख रचनाहरू लेखिएको र प्रकाशित गरेको भएता पनि यस भेगका समस्त सम्पदाको अध्ययन हुन सकेको थिएन । तसर्थ, यहाँको सम्पदाहरूको पहिचान गर्ने, तिनीहरूको विकास क्रम पत्ता लगाएर र यस क्षेत्रमा सम्पदा विस्तार हुनाको कारण पत्ता लगाउने उद्देश्यका साथमा यो अनुसन्धान गरिएको हो ।

प्रस्तुत अनुसन्धानमा बलम्वु भेगका सांस्कृतिक सम्पदाको विकास क्रम पत्ता लगाउन तथा तिनीहरूको विकास हुनाका कारणहरू खोजी गर्न वस्तुगत र विषयगत सत्यलाई आधार मानी त्रिकोणात्मक अध्ययन विधि अवलम्बन गरिएको छ । यस अध्ययनमा उद्‌विकासवाद, प्रसारवाद र संरचनात्मक प्रकार्यवादको सिद्धान्तलाई आधार मानिएको छ । यस आधारमा यहाँका सांस्कृतिक सम्पदा क्रमिक रूपमा विकास हुँदै गएका र मूर्त सम्पदाका कारण यहाँका अमूर्त सम्पदाको र अमूर्त सम्पदाको कारण मूर्त सम्पदाको विकास भएको पाइएको छ ।

### ७.२. उपलब्धि

प्रस्तुत अनुसन्धानका क्रममा बलम्वु भेगका सांस्कृतिक सम्पदाहरू मूर्त र अमूर्त दुवै

अत्याधिक पाइएका छन् । तिनीहरू कतिपय संरक्षित र ज्ञात अवस्थामा छन् भने अन्य कतिपय विनास भएर गएका छन् । कतिपय सम्पदा पूर्णरूपमा लोप भएर र अन्य कतिपय संरक्षित अवस्थामा पनि छन् । यहाँका मूर्त सांस्कृति सम्पदाहरू लिच्छवीकालदेखिका मात्र परिचित छन् । त्यस अघिका सम्पदाको जानकारी भने लोकोक्ति, किवंदन्ती तथा पौराणिक कथामा मात्र पाउन सकिन्छ ।

बलम्वु क्षेत्रमा हालसम्म पाइएको सबैभन्दा पुरानो मूर्त सांस्कृतिक सम्पदा ईसाको चौथो शताब्दीको शिवजीको प्रतिमा हो । उक्त प्रतिमा यस भेगको पिंगल स्थान (शक्तिपीठ) मा पाइएको छ (वाङ्देल, १९९५,पृ.३४८) । यस्ता कैयन प्रस्तर प्रतिमाहरू यस भेगमा पाइएका छन् । त्यसैगरी बलम्वु भेगमा थुप्रै अभिलेखहरू पनि प्राप्त छन् । हालसम्म यस भेगमा लिच्छवीकालका नौ वटा, मध्यकालका एघार वटा र आधुनिककालका तीनवटा अभिलेखहरू पाइएका छन् (स्थलगत अवलोकन र सर्वेक्षणबाट प्राप्त जानकारी) । यहाँ पाइएको सबैभन्दा पुरानो अभिलेख राजा बसन्त देवको सम्बत् ४५४ को बलम्वुको पासिंख्यः को अभिलेख हो (बज्राचार्य, २०३०, पृ. १४७) । यसै गरी बलम्वु भेगमा नै पर्ने थानकोट आदिनारायण मन्दिर परिसरमा यसभन्दा करिब छब्बीस वर्ष अगाडिको बसन्त देवको अभिलेख पाइएको छ (बज्राचार्य, २०३०, पृ. ९१) । यी दुवै अभिलेखले तत्काल यस भेगमा बस्ती विस्तार भएको कुरा दर्शाएका छन् ।

लिच्छवीकालमा बलम्वु क्षेत्रमा बस्ती विस्तार यस क्रममा भएको थियो कि यसै युगमा यहाँका ग्रामहरू विकसित हुँदै तल र द्रङ्ग समेत बनेको देखिन्छ (बज्राचार्य, २०३०, पृ. ५३४) । यहाँ बस्ती विस्तारको साथमा सम्पदाहरूको पनि क्रमिक रूपमा विकास भएको देखिन्छ । लिच्छवीकालमा बलम्वु क्षेत्रमा पुत्तिनारयाण मन्दिर, गौतामश्रम, इच्छावृषेश्वर महादेव आदिको अस्तित्व थियो । यस बाहेक पनि यस भेगमा थुप्रै मठमन्दिर बनिसकेको अनुमान छ । बलम्वु क्षेत्रमा पाईने पुराना भग्नावशेषहरूले पनि यहि कुराको संकेत गरेका छन् ।

बलम्वु क्षेत्रमा मध्यकालमा पनि सम्पदाको क्रमिक रूपमा विकास हुँदै गयो । यहाँ मध्यकालमा विकास भएका सम्पदामा देव प्रतिमा, मन्दिर, मठ, अभिलेख, चैत्य र वस्तीहरू छन् । चन्दनभराँटेश्वर महादेव मन्दिर, महालक्ष्मी मन्दिर, वीर विनायक मन्दिर, बज्रविनायक मन्दिर, नमरा चैत्य र अन्य मठ, मन्दिर, पाटी, पौवा, चैत्य, पोखरी, ढुङ्गेधाराहरू र अभिलेखहरू मध्यकालमा यसै भेगमा बने । यहाँ प्राचीनकालका कतिपय सम्पदा मध्यकालसम्म आइपुग्दा नासिए भने अन्य कतिपय संरक्षित पनि भए । आधुनिक कालमा समेत यस भेगमा मूर्त सांस्कृतिक सम्पदाको विकास हुँदै गए ।

## ७.३. निश्कर्ष

बलम्वु क्षेत्रका सम्पदाहरूको अध्ययनका क्रममा यस भेगमा जम्मा ११० वटा मूर्त सांस्कृतिक सम्पदा पहिचान भएका छन् । तिनीहरूमा पूर्व लिच्छवीकालको एउटा सम्पदा पाइएको छ । उक्त सम्पदा बलम्वुको पिंगलस्थानमा पाइएको शिवमूर्ति हो । यो मूर्ति ईसाको चौथो शताब्दीको मानिन्छ (वाङ्देल, १९९५, पृ.३४८) । त्यसपछि लिच्छवीकालका सम्पदा भने तत्कालीन बस्तीका अवशेष, अभिलेखहरू, ढुङ्गेधारा, ढुङ्गाको पाईप (ढक्वँ) र अन्य कलाकृति पनि पाइएका छन् । यहाँका कतिपय अमूर्त सम्पदा हालसम्म निरन्तर आएका मानिन्छन् । यहाँको पुत्ति नारायण मन्दिरको गुठीबाट नित्य पूजा गरी बचेको पैसाले पशुपतिनाथमा छत्र चढाउने र त्यहाँबाट पनि बचेको पैसाले यहाँ यात्रा (जात्रा) गर्नु भन्ने विवरण राजा शिवदेव दोस्रोको सम्वत् १२९ को बलम्वु अभिलेखमा परेको छ (बज्राचार्य, २०३०, पृ. ५३३) । हाल बलम्वुमा मनाइने श्री महालक्ष्मी, गणेश र कुमारीको जात्रा यस अभिलेखमा उल्लेखित लिच्छवीकालमा चल्ने जात्राको निरन्तरता मानिएको छ ।

बलम्वु क्षेत्रमा ईसा पूर्वकालदेखि नै निरन्तर रूपमा बस्तीको विस्तार भएकाले नै यहाँ सम्पदाको विकास पनि त्यहि अनुरूप हुँदै गयो । लिच्छवीकालभन्दा अगाडिको यहाँको बस्ती विस्तार क्रिया वंशावली, लोकोक्ति, किंवदन्ती र पौराणिक कथामा मात्र उल्लेखित छ । हालसम्म यस युगका मान्न सकिने पुरातात्विक अवशेष जानकारीमा आएका छैनन तर लिच्छवीकालसम्ममा आइपुग्दा यस क्षेत्रमा बस्ती विस्तार यति तीव्र गतिमा भयो कि यसै युगमा ग्रामबाट तल र तलबाट द्रङ्गको रूपमा समेत विकसित हुँदै गए (बज्राचार्य, २०३०, पृ. ५३६) । बस्ती विस्तारको साथमा यहाँ सम्पदाको पनि विस्तार हुँदै गयो ।

बलम्वु क्षेत्रमा मध्यकालमा बस्ती विस्तार समान रूपमा भयो । यस युगमा पनि थुप्रै देव प्रतिमा बने र मठ, मन्दिर, धारा, पाटी, चैत्य र पौवाहरू बने । तिनीहरू हालसम्म पनि जीवित छन् । बलम्वु क्षेत्रमा पहिले बस्तीहरू केहि अग्लो स्थानमा बसेका थिए । उक्त क्षेत्रको नाम पहिले बाँलाबुँ थियो, नेवारी भाषामा यसको अर्थ राम्रो खेत भन्ने हुन्छ । तत्काल अग्लो स्थानमा बस्ती बसेर केहि होचो स्थानमा बसेर खेतिपाती गर्ने चलन रहेकाले यस भेगको नाम यस्तो रहेको हो । कालान्तरमा बलम्वु भेगको होचो भागमा बस्ती विस्तार हुँदै गयो । काठमाडौं उपत्यका जलमग्न हुँदा नै यस क्षेत्रको माथिल्लो भू-भागहरू जस्तै थानकोट, मातातीर्थ भेगमा मानव बस्ती बसिसकेको थियो । उपत्यकाको पानी कम हुँदै गएपछि बस्तीहरू पनि तल सर्ने क्रममा बलम्वु क्षेत्रमा पनि बस्ती विकास शुरू भयो । यस क्षेत्रमा बस्ती बस्ने क्रममा

उद्‌विकासवादको शुरूको चरण जङ्गली बर्बर नभई एकैचोटी सभ्य समाजको निर्माण भएको थियो, जस अन्तर्गत यहाँ खेतीपाती पशुपालन गर्ने समूहहरूको समाज थियो । बिस्तारै समाज बढ्दै जाने क्रममा अनेक संस्कृतिको निर्माण हुँदै गयो । धेरै थरी जातिहरू बढ्दै गए । समाजमा धेरै इकाईहरू थपिंदै गए । यी इकाईहरूले समाज निर्माणमा भूमिका खेल्दै गयो । संरचनात्मक प्रकार्यवादको सिद्धान्त अनुसार समाज निर्माण भए र विकसित हुँदै गए । यस क्रममा मानिसहरू विभिन्न ठाउँमा घुम्ने तथा घुमेको ठाउँको अनुकरण गरी संस्कृति तथा सम्पदाहरू भित्र्याउन थाले । आफूले देखेका राम्रा कुराहरूको नक्कल गरी समाजमा संस्कृति तथा सम्पदा भित्र्याउन थाले । प्रसारवादको कुनै एक ठाउँको संस्कृति विकृत हुँदै अर्को ठाउँमा प्रसार हुँदै जान्छ भन्ने सिद्धान्त अनुरूप घुमन्ते जातिले अनेक संस्कृतिहरू यस ठाउँमा भित्र्याए । जस अन्तर्गत यहाँ विभिन्न देवीदेवतहरू, मन्दिर, मूर्ति, कला, चाडपर्व तथा जात्राहरूको क्रमिक रूपमा विकास हुँदै गएको देखिन्छ ।

## ७.४. सुझाव

बलम्वु क्षेत्रमा सांस्कृतिक सम्पदाहरू धेरै रहेको छ । तिनीहरूको विकास उपत्यकामा बसोबासको शुरूवातका साथसाथै भएको हो । बस्तीको पहिलो विकास पनि यहि भेगमा भएको हो । किंवदन्ती, लोकोक्ति, पुराण आदिले पनि यो कुरा संकेत गरेका छन् भने पुरातात्विक रूपमा पनि बलम्वु क्षेत्रमा प्राचीनकालदेखि नै बसोबास भएको पाइएको छ । तर बलम्वु क्षेत्रको वस्ती भने निरन्तर रूपमा प्राचीनकालदेखि आधुनिक कालसम्म बढेर गएको छ । यो क्षेत्रमा बस्ती विस्तार हुनुका कारण मकवानपुरबाट चित्लाङ हुँदै उपत्यकामा पस्ने पश्चिम नाका थानकोट पनि यहि भेगमा पर्ने हुनाले यस ठाउँमा बस्तीको ज्यादा विकास भएको हो । मानिसहरू काठमाडौंबाट भारत जानलाई र आउनलाई चन्द्रागिरिको बाटो हुँदै जाने भएकोले पनि यहाँ मानिसहरूको ज्यादा आवतजावत हुने र मालसामान पनि ल्याउने र लाने बाटो भएकाले यस भेगमा मानिसहरूको बढी जमघट हुने हुनाले यस ठाउँमा बस्ती विस्तार तीव्र रूपमा भएको बुझ्न सक्दछौं । बस्तीको विस्तार भएपछि सम्पदाको पनि त्यहि अनुरूप विस्तार भएको बुझ्न सक्दछौं । यस भेगमा लिच्छवीकालीन बस्तीहरू थुप्रै भएको त्यतिबेलाका अभिलेखले देखाएता पनि हाल ती बस्तीहरूको पहिचान नभइरहेको परिप्रेक्ष्यमा ती बस्तीहरू कुन ठाउँमा छ भनी अझ पहिचान गर्न बाँकी नै रहेको छ । ती पुराना बस्तीहरूको स्वरूप कस्तो थियो, यहाँका पुरातात्विक ढिस्काहरूको उत्खनन् गरी अनुसन्धान गर्न पनि बाँकी नै रहेको छ भने बस्ती विस्तारका बारे थप खोजी हुनु आवश्यक रहेको छ ।

# परिशिष्ट

## परिशिष्ट १

### अन्तर्वार्ता लिइएका श्रोत व्यक्तिहरूको विवरण

| क्रसं. | नामथर | ठेगाना | उमेर | कैफियत |
|---|---|---|---|---|
| १. | काजी श्रेष्ठ | बलम्वु, गले | ९२ | स्थानीय बासिन्दा |
| २. | तुलसीमाया श्रेष्ठ | गुर्जुधारा, बलम्वु | ७९ | स्थानीय बासिन्दा |
| ३. | लक्ष्मी श्रेष्ठ | बलम्वु, गले | ७४ | स्थानीय बासिन्दा |
| ४. | हेरा बहादुर श्रेष्ठ | बलम्वु, लाछी | ६० | द्वारे नायो, श्री महालक्ष्मी जात्रा गुठियार |
| ५. | राम श्रेष्ठ | हिर्ग चाः, बलम्वु | ७५ | श्री महालक्ष्मी जात्रा गुठियार |
| ६. | बेखालाल महर्जन | कुम टोल, बलम्वु | ७० | स्थानीय बासिन्दा |
| ७. | श्याम सुन्दर श्रेष्ठ | गुर्जुधारा | ७१ | स्थानीय बासिन्दा |
| ८. | गणेश बहादुर नकर्मी | गुर्जुधारा | ७१ | स्थानीय बासिन्दा |
| ९. | बुद्ध रत्न श्रेष्ठ | दथु फल्चा, बलम्वु | ८१ | श्री महालक्ष्मी जात्रा गुठियार |
| १०. | श्रीलाल महर्जन | बलम्वु | ७५ | स्थानीय बासिन्दा |
| ११. | प्रकाश श्रेष्ठ | गुर्जुधारा | ५२ | पूर्व वडा अध्यक्ष, च.न.पा. १२, बलम्वु |
| १२. | जीवन श्रेष्ठ | बलम्वु, गले | ४४ | श्री महालक्ष्मी जात्रा गुठियार |
| १३. | सुरेश नकर्मी | गुर्जुधारा | ४४ | स्थानीय बासिन्दा |
| १४. | राजकिरण महर्जन | बलम्वु, सिम्बहाल | ५१ | स्थानीय बासिन्दा |

| | | | | |
|---|---|---|---|---|
| १५. | साकिमान श्रेष्ठ | बलम्वु | ७७ | श्री महालक्ष्मी जात्रा गुठियार |
| १६. | नरेन्द्र श्रेष्ठ | ह्यामु लँ चाः, बलम्वु | ५९ | श्री महालक्ष्मी जात्रा गुठियार |
| १७. | विनोद आचार्य | चुनदेवी, बलम्वु | ५० | स्थानीय बासिन्दा |
| १८. | गणेश माया महर्जन | तधः लिपि, बलम्वु | ५५ | स्थानीय बासिन्दा |
| १९. | धर्म महर्जन | बैठ, बलम्वु | ६५ | स्थानीय बासिन्दा |
| २०. | अशोक कपाली | हिर्ग चाः, बलम्वु | ४४ | स्थानीय बासिन्दा |
| २१. | सुरेन्द्र (कपुर) श्रेष्ठ | तिसान लं, गुर्जुधारा | ६२ | चालं गुठि गुठियार |
| २२. | प्रतिमान श्रेष्ठ | बलम्वु, लाछी | ५४ | चालं गुठि गुठियार |
| २३. | बाबुराम महर्जन | बलम्वु | ६० | थकाली गुठि, न्वकू |
| २४. | राजेन्द्र महर्जन | कुम टोल, बलम्वु | ३५ | स्थानीय बासिन्दा |
| २५. | प्रमोद श्रेष्ठ | गुर्जुधारा | ३५ | श्री महालक्ष्मी जात्रा गुठियार |

## परिशिष्ट २

## अन्तर्वार्तामा सोधिएका प्रश्नहरू

१. बलम्वुको नाम कसरी रहन गयो ?

२. बलम्वुका सांस्कृतिक सम्पदाहरू कुन कुन हुन् ?

३. यहाँ पाइएका सम्पदामा सबभन्दा पुरानो मूर्ति कुन हो ?

४. लिच्छविकालीन शिलालेखहरूबारे थाहा छ कि छैन ?

५. मध्यकालीन शिलालेखहरूबारे थाहा छ कि छैन ?

६. सम्पदाहरू कसले बनाएको हो ?

७. प्राचीनकालका सांस्कृतिक सम्पदाहरू कुन कुन हुन् ?

८. लिच्छविकालीन सांस्कृतिक सम्पदाहरू कुन कुन हुन् ?

९. मध्यकालीन सांस्कृतिक सम्पदाहरू कुन कुन हुन् ?

१०. आधुनिककालका सांस्कृतिक सम्पदाहरू कुन कुन हुन् ?

११. बलम्वु क्षेत्रको सम्पदाको विकास बारे के थाहा छ ?

१२. यहांका वस्ती विकास कम बारे केहि थाहा छ कि ?

१३. तपाईलाइ बलम्वु बारे के थाहा छ भनिदिनुहोला ?

# सन्दर्भ ग्रन्थ सूची

(क) देवनागरी


अमात्य, साफल्य (वि.सं. २०६८), *पुरातत्व इतिहास र संस्कृति,* भृकुटी एकेडेमी पब्लिकेशन्स ।

आचार्य, बाबुराम (वि.सं. २०६३), *नेपालको संक्षिप्त वृत्तान्त,* प्रा. श्रीकृष्ण आचार्य ।

आचार्य, महेश कुमार (वि.सं. २०७९), *कीर्तिपुर शहरको किल्ला एवं ढोकाहरू : उत्पति इतिहास र संस्कृति,* नेप्लीज कल्चर भोल् १५, त्रिभुवन विश्वविद्यालय ।

काफ्ले, अरूणकुमार (वि.सं. २०७९), *अमर नारायण मन्दिरको कला तथा वास्तुकला,* Voice of Culture, Vol. IX, Department of Nepalese History, Cuture and Archaeology.

खतिवडा, सोमप्रसाद (वि.सं. २०७४), *नेपाली संस्कृति विश्वकोश,* जनता प्रसारण तथा प्रकाशन लि.।

खतिवडा, सोमप्रसाद (वि.सं. २०७८), *दन्तकाली, पिण्डेश्वर, बुढा सुब्बा र बराह क्षेत्रको सम्पदा र वास्तुकला एक अध्ययन,* नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ।

खतिवडा, सोमप्रसाद (वि.सं. २०७९), *नेपालको सांस्कृतिक सम्पदा,* पैरवी बुक हाउस प्रा.लि. ।

खतिवडा, सोमप्रसाद (वि.सं. २०७९), *बौद्ध संस्कृति कोश,* पैरवी बुक हाउस प्रा.लि. ।

खनाल, सन्ध्या (वि.सं..२०७५), *प्रतिमा लक्षण,* रत्न पुस्तक भण्डार ।

खनाल, सन्ध्या (वि.सं..२०८०), *शिवलिङ्ग,* एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज ।

खत्री, प्रेम कुमार (वि.सं. २०५५), *उत्पत्ति : मानव सभ्यताका केहि पक्षको ऐतिहासिक एवं मानव शास्त्रीय अध्ययन,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

खत्री, प्रेम कुमार र दाहाल, पेशल (वि.सं. २०५०), *नेपालको कला र पर्यटन,* एम.के पब्लिसर्स एण्ड डिष्टिव्यूटर्स ।

गौतम, टीकाराम (वि.सं.२०६२), *मानवशास्त्र र समाजशास्त्रको परिचय,* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

टण्डन, गोविन्द (वि.सं. २०५५), *संस्कृति संरक्षण केहि लेख : केहि विचार (दोस्रो संस्करण),* श्री झरेन्द्र शम्शेर ज.ब.रा. एवं श्रीमती मञ्जु राणा ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (वि.सं. २०६५), *अनुसन्धान पद्वति,* एम.के पब्लिसर्स एण्ड डिष्टिव्यूटर्स ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (वि.सं. २०६५), *पुरातत्वको परिचय,* एम.के पब्लिसर्स एण्ड डिष्टिव्यूटर्स ।

जोशी, सत्यमोहन (वि.सं. २०७८), *नेपाली चाडपर्व* (चौथो संस्करण), साझा प्रकाशन ।

जोशी, सत्यमोहन (वि.सं. २०७८), *नेपाली मूर्तिकलाको विकासक्रम,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, हरिराम (वि.सं. २०७०), *प्रदिप : अभिनव, संस्कृति विश्वकोश,* वर्कर्स पब्लिकेसन्स ।

पोखरेल, निर्मला (वि.सं.२०७९ ), *पशुपतिक्षत्रका शाक्त कलाकृति,* (अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध),ने.ई.सं. तथा पुरातत्व केन्द्रिय विभाग ,त्रि वि वि ।

पौड्याल, विणा र खनाल, सन्ध्या (वि.सं. २०७७), *नेपाल मण्डलका सूर्य चन्द्र र नव ग्रहका मूर्तिहरू,* पैरवी बुक हाउस प्रा.लि.।

पौड्याल, विणा ; शर्मा, डिल्लीराम र पोखरेल, गोपाल (वि.सं. २०७८), *नेपाल उपत्यकाका केहि जात्रा,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, भुवनलाल (वि.सं. २०७६), *नेपालको इतिहास र संस्कृतिका केहि पक्ष,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बज्राचार्य, धनबज्र (वि.सं. २०३०), *लिच्छवीकालका अभिलेख,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र (वि.सं. २०५६), *मध्यकालका अभिलेख,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, मनबज्र (वि.सं. २०२५), *नेपाली चाडपर्वहरूको विवेचना,* रत्न पुस्तक भण्डार ।

बज्राचार्य, धनबज्र र मल्ल, कमल प्रकाश ( सन् १९८५), *द गोपालराज वंशावली,* नेपाल रिसर्च सेन्टर ।

भण्डारी, कृष्णप्रसाद (वि.सं. २०५९), *मानवशास्त्रीय सिद्धान्तहरू,* एम.के पब्लिसर्स एण्ड डिष्टिव्यूटर्स ।

मुनकर्मी, पूर्णराम (वि.सं. २०७८), *नेवाः गौरब,* नेपाल भाषा एकेडेमी ।

योगी, देवीनाथ (सम्पा. वि.सं. २०१३), *देवमाला वंशावली,* शुरशम्शेर ।

शर्मा, जनकलाल (वि.सं. २०६७), *हाम्रो समाज : एक अध्ययन* (चौथो संस्करण), साझा प्रकाशन ।

श्रेष्ठ, कल्पना (वि.सं. २०७२), *लालिमा (बलम्वुका सांस्कृतिक सम्पदाहरू),* संस्कृति-पर्यटन प्रधान पत्रिका ।

श्रेष्ठ, सागर (वि.सं. २०७४), *बलम्वुको महालक्ष्मी जात्राका सांस्कृतिक पक्षहरू*, एम. ए. शोधपत्र, संस्कृति केन्द्रीय विभाग ।

श्रेष्ठ, सुरेश सुरस (वि.सं. २०७७), *सम्पदा : विश्व सम्पदा सूची (सूचीकरणका लागि मनोनयनको तयारी),* श्री युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (वि.सं. २०६०), *नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण*, एशिया पब्लिकेसन्स ।

*अमूर्त संस्कृति, सम्पदा संरक्षण सम्बन्धी महासन्धी* (सन् २००३), युनेस्को र नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

(ख) अंग्रेजी

Bangdel, L. (1995), *Inventory of Stone Sculptures of The Kathmandu Valley,* Royal Nepal Academy

Bista, D.B. (2004), *People of Nepal*, Ratan Pustak Bhandar

Cresswel, J.D.& creswell J.D. (2018), *Research design (fifth edition),* Sage publication.

Shah, R. (1992), *Ancient and Medieval Nepal,* Manohar Publication.

Tylor E.B. (1871), *Primitive Culture*, John Murray.

Smith, G.E.(1932). *In the Beginning the Origin of Civilization.* C.A. watt and co.limited.

Smith, G.E. (1982). *The Diffusion of Culture*, W.W. Norton and Company.

Merton, Robert k.(1957). *Social Theory and Social Structure*. The free Press

Radcliffe-Brown, A.R (1952). *Structure and Fun Action in Primitive Societies.*Free Press.

Malinowski, Bronislaw.(1922). *Argonauts of the Western Pacific: AN Account of Native, Enterprise and Adventure in the Archipelagos of Melanesian New Guinea*. G.Rowtiedge and Send, Ltd.

# परिशिष्ट ३

## तस्वीरहरू



चित्र नं. १ शिवमूर्ति (चौथो शताब्दी)




चित्र नं. २ जलहरी



चित्र नं. ३ ढुङ्गेधारा (भेल्बुमा भेटिएको)



चित्र नं. ४ ढ कों (भेल्बुमा भेटिएको)



चित्र नं. ५ लुकु महाद्यः (ल्वखा गाः) अभिलेख



चित्र नं. ६ बलम्वुको भिमार्जुनदेव + जिष्णु गुप्तको अभिलेख




चित्र नं. ७ बलम्वुको शिवदेव द्वितीयको अभिलेख




चित्र नं. ८ नास द्यः मन्दिर बाहिर बाटोसँगैको लिच्छवीकालिन शिलालेख



चित्र नं. ९ तधं फल्चा भित्र भेल्वुको लिच्छवीकालिन अभिलेख



चित्र नं. १० हिटी गाः भित्र लिच्छवीकालिन शिलालेख



चित्र नं. ११ पासिंख्योको लिच्छवीकालिन अभिलेख (हाल अज्ञात)



चित्र नं. १२ नरेन्द्रदेवको लिच्छवीकालिन अभिलेख



चित्र नं. १३ खण्डित उमा महेश्वर




चित्र नं. १४ सूर्य मूर्ति



चित्र नं. १५ मल्लकालिन डुंड



चित्र नं. १६ क्वाथः छें






चित्र नं. १८ गणेश मन्दिर (वज्रविनायक)


चित्र नं. १७ कुमारी मन्दिर




चित्र नं. १९ गणेश मूर्ति



चित्र नं. २० हाथुं द्यः (हाथपा द्यः)



चित्र नं. २१ पूर्वी ढोका



चित्र नं. २२ महाँकाल (दक्षिणाभिमूख)



चित्र नं. २३ भैरव (पूर्वाभिमूख)



चित्र नं. २४ तुलसीमठ



चित्र नं. २५ देवताहरु (तुलसीमठ)



चित्र नं. २६ नमरा चैत्य



चित्र नं. २७ हारतीमाता (आगमछें)



चित्र नं. २८ तोरण (हारतीमाता)



चित्र नं. २९ सिंहहरु (हारतीमाता)



चित्र नं. ३० उत्तर ढोका



चित्र नं. ३१ पिङ्गलस्थान मन्दिर


(भित्रका देवताहरु)



चित्र नं. ३२ सिंहहरु (पिङ्गलस्थान)



चित्र नं. ३३ पवित्र खाल्डो



चित्र नं. ३४ पीठको ढुङ्गाको तोरण



चित्र नं. ३५ लाटिक्वँ पुखु



चित्र नं. ३६ पवित्र लाम्चो ढुंगा



चित्र नं. ३७ फल्चा (भत्किसकेको)




चित्र नं. ३८ वीरविनायक मन्दिर





चित्र नं. ४० सत्तल

चित्र नं. ३९ गणेश मूर्ति (वीरविनायक



चित्र नं. ४१ श्री महालक्ष्मी मन्दिर



चित्र नं. ४२ श्री महालक्ष्मी मन्दिर


अगाडि सिंहहरु



चित्र नं. ४३ प्रस्तर मूर्तिहरु (श्री महालक्ष्मी मन्दिर)




चित्र नं. ४४ योग नरेन्द्र मल्लको सालिक



चित्र नं. ४५ ईलां



चित्र नं. ४६ अष्टमातृका (ईलां)



चित्र नं. ४७ ईलांको अभिलेख



चित्र नं. ४८ पताका



चित्र नं. ४९ नास द्यः मन्दिर



चित्र नं. ५० मुक छेब



चित्र नं. ५१ तधं फल्चा (पुरानो)




चित्र नं. ५२ तधं फल्चा (नयां)



चित्र नं. ५३ हिटी गाः




चित्र नं. ५४ तुलसी मठ (हिटी गा संगै)




चित्र नं. ५५ हिफः द्यः




चित्र नं. ५६ तोरण (हिफः द्यः)



चित्र नं. ५७ फत्तेश्वर महादेव



चित्र नं. ५८ जलहरी (फत्तेश्वर महादेव)



चित्र नं. ५९ नन्दी



चित्र नं. ६० बज्रविनयक गणेश मन्दिरको बायाँ अभिलेख



चित्र नं. ६१ बज्रविनयक गणेश मन्दिरको दायाँ अभिलेख




चित्र नं. ६२ दथु फल्चा भित्रको अभिलेख



चित्र नं. ६३ तुलसीमठको शिलापत्र



चित्र नं. ६४ नमरा चैत्यको अभिलेख



चित्र नं. ६५ बायां सिह पछाडिको अभिलेख



चित्र नं. ६६ दायां सिह पछाडिको अभिलेख



चित्र नं. ६७ पिङ्गलस्थानको अभिलेख



चित्र नं. ६८ श्री महालक्ष्मी मन्दिर अगाडि सिंह संगैको अभिलेख



चित्र नं. ६९ नास द्यः मन्दिरमा टाँसिएको शिलापत्रहरु



चित्र नं. ७० मुक छेंको अगाडिको शिलापत्रहरु



चित्र नं. ७१ भवानी शंकर र हरीहरजुको शिलापत्र



चित्र नं. ७२ तधं फल्चाको गाह्रोमा रहेको शिलापत्र



चित्र नं. ७३ नारायण मन्दिर



चित्र नं. ७४ तग्व ल्हों




चित्र नं. ७५ प्रणिधि पूर्ण महाविहार



चित्र नं. ७६ पोखरी (मूचलिन्द बुद्धमूर्ति सहित)



चित्र नं. ७७ करुणामय



चित्र नं. ७८ भगवान बुद्ध



चित्र नं. ७९ कुलदेवता (पासिंख्यको)



चित्र नं.८० आल्चा द्यः मन्दिर



चित्र नं. ८१ कुलदेवता



चित्र नं. ८२ भिमसेन मन्दिर



चित्र नं. ८३ भिमसेन मूर्ति



चित्र नं. ८४ बटुक भैरव मन्दिर



चित्र नं. ८५ छत्रपाल




चित्र नं. ८६ दथु फल्चा



चित्र नं. ८७ द्वारे फल्चा



चित्र नं. ८८ लाछि फल्चा



चित्र नं. ८९ द्वारे फल्चामा रहेको शिलापत्र



चित्र नं. ९० बुद्ध चैत्य (न्हांकननि भित्र पट्टि)



चित्र नं. ९१ छत्रपाल (न्हांकननि)




चित्र नं. ९२ पिङ्गल फल्चा



चित्र नं. ९३ चि बहाहरु




चित्र नं. ९४ गछें फल्चाङ्ग




चित्र नं. ९५ महाद्यः (सिंबहाल)



चित्र नं. ९६ कृष्ण मन्दिर



चित्र नं. ९७ शाहकालिन शिलालेख




चित्र नं. ९८ पार्वती